# परिच्छेद-१
# भुमिका

## १.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा गाउँपालिका ग्रामीण भेगको स्थानीय सरकार हो । यसले स्थानीयस्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह एवं प्रदान गर्दछ । नेपालमा रहेका गा.पा.हरु स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरुद्वारा निर्देशित र नियन्त्रित छन् । यस ऐन तथा नियमावलीमा गाउँपालिकाहरुले बस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । सबै सूचना तथ्याङ्क हुन र तथ्यांक सबै सूचना होईनन् त्यसैले बस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु अनिवार्य र अपरिहार्य मानिन्छ । संकलन गरिएका सूचनालाई यथार्थरपक ढंकले संगठित गरी बस्तुगत विवरण तयार गर्दा त्यसले गाउँपालिका लगायत अन्य सरोकारवालाहरुलाई विकास क्रियाकलाप संचालन, व्यवस्थापन र विस्तार गर्न अत्यन्त ठूलो सहयोग पुऱ्याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजबिज बारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यः सूचना भनिन्छ । सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा छिटो र सरल ठंगले सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा र समयमा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सबै वा अनावश्यक मात्रामा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गरिनु पर्दछ ।

गाउँपालिका निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका दिनान्दिन बढिरहेको सन्दर्भमा गाउँपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन गा.पा.ले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । तर हालसम्म एकातर्फ गा.पा.को बस्तुगत विवरण तयारीका लागि स्पष्ट खाका नभएको र अर्को तर्फ गाउँपालिकाले पनि बस्तुगत विवरण तयारी तथा प्रकाशन गर्ने पद्धति र पहलकदमी हुन नसकेको सन्दर्भमा पछिल्लो समयमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालले स्पष्ट खाकाँ तयार पारेको हुनाले सोही ढाँचालाई आधार मानी तयार गर्न चाहने तथा प्रयास गर्ने जो कोहीका लागि निकै सहज र स्वीकार्य भएको देखिन्छ ।

गा.पा.का विविध पक्षहरुको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ बस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता, औचित्यता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत सहयोग पुग्दछ । यस्तो बस्तुगत विवरण विकासको रचनात्मक र संगठित कार्यले केही उल्लेखनीय फाइदाहरु पहिल्याउन सकिन्छ, जस अनुसार :

## १.२ उद्देश्यहरु

- गा.पा.को समग्र पक्षको यथार्थता, आवश्यकता, सम्भाव्यता र सरोकारका बारेमा जानकारी हासिल हुने,
- गा.पा.को बस्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत पुग्ने,
- गा.पा.बाट संकलित तथ्याङ्कहरु जिल्ला तथा केन्द्रमा व्यवस्थापन गर्न एकरुपता र एकाकर आउने,
- स्रोत, साधन र सीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरुबाट बच्ने उपायहरुको खोजी गर्न सकिने,
- स्थान विशेष भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका बारेमा जानकारी प्राप्त हुने हुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त हुने,
- नवीन सोच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त हुने,
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने ।

### १.३ ढाँचा तयारीका क्रममा अपनाइएका विधिहरु

गा.पा.को बस्तुगत विवरणको ढाँचा तयारीका लागि हालसम्म तयार भएका विभिन्न केन्द्र, क्षेत्र र जिल्लास्तरका विभिन्न निकाय र संघ संस्थाहरु मार्फत प्रकाशित अप्रकाशित बस्तुगत विवरणहरुको अध्ययन अध्यापन, सहस्राब्दी वा दीगो विकासका लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिगदर्शन आदि सामग्रीहरुको अध्ययन, गा.पा.को स्थलगत अध्ययन, यस क्षेत्रमा कार्य गरेका जिल्लाका विभिन्न विज्ञहरुसँग गरेको परामर्श र गा.पा.का सामाजिक नेताहरु, जेष्ठ नागरिकहरुसँगको सम्वाद, छलफल र अन्तरक्रिया आदि प्रमुख हुन् ।

### १.३.१ ढाँचाको उपयोग विधि

गा.पा.को बस्तुगत विवरण तयारीका लागि तयार गरिएको प्रस्तुत ढाँचामा सूचना संकलनका लागि परिवार सर्वेक्षण, बस्ती वडा र गा.पा. स्तरमा रहेका सम्बन्धित व्यक्ति, संघ संस्थाबाट सूचना संकलन समेत गरिएको छ छ डोल्पा जिल्लाको पार्श्वचित्र २०६६ बाट पनि आवश्यक उपयोगी जानकारीहरुलाई यस प्रोफाईलमा समावेश गरिएको छ ।

### १.३.२ ढाँचाका सीमाहरु

भरपर्दो र बलियो तथ्यांकीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । उचित तहको पर्याप्त तथ्यांक र सूचना जति बढी योजना तर्जुमा प्रक्रियामा आधारित हुन सक्यो त्यो योजना त्यति नै बढी बस्तुपरक र वैज्ञानिक हुन जान्छ । यस बस्तुनिष्ठ तथ्यलाई सबै गा.पा.हरुले महसूस गरेता पनि गा.पा. तहबाट पहिलोपटक गा.पा. पार्श्वचित्र तयार भएकाले कतिपय सूचना तथ्यांकहरु हालसम्म पनि गा.पा. र जिल्ला तहमा सृजना नै हुने नगरेका, भएका सूचना तथ्यांकको विश्वसनीयता कम भएको, विभिन्न तहमा छरिएका श्रोत र संस्थाहरुबाट तथ्यांक संकलन गर्नुपर्ने भएकोले श्रोत नै पिच्छे तथ्यांकहरु बाझिने स्थिति समेत रहेको एवं अन्य कतिपय व्यवहारिक कठिनाइहरुले गर्दा केही महत्वपूर्ण तथ्यांकहरु अझै पनि पूर्ण रुपमा उपलब्ध हुन सकेन । गा.पा. को बस्तुगत विवरण तयारीको ढाँचा तयार गर्ने क्रममा प्राप्त विभिन्न सैद्धान्तिक अध्ययन र अवलोकन गरिएको भएता पनि बास्तविक रुपमा सम्बन्धित क्षेत्रमा परीक्षण गर्न बाँकी रहेको हुनाले सुधार गरी सच्याउनु पर्ने हुन सक्छ । तथापी: यो विवरण पूर्ण र परिपक्व नहुन सक्छ, किनभने यो प्रयास प्रारम्भिक र प्रथम प्रयोजनार्थका खातिर प्रकाशन गरिएको हो । यसै गरी भौगोलिक, सामाजिक, धार्मिक, साँस्कृतिक, आर्थिक, प्राकृतिक आदि विषमता एवं विविधता, सूचनादाताले सही सूचना नदिने वा लुकाउने, गाउँ विकास समितिको यथार्थ भूगोल, आवादी, प्रति जग्गा, कूल उत्पादन, उत्पादकत्व आदि सम्पूर्ण पक्ष र क्षेत्र समेट्न नसक्ने पनि प्रवल सम्भावना उत्तिकै रहन्छ ।

जिल्ला स्थित विषयगत कार्यालयहरुबाट विश्वसीय र व्यवस्थित तरिकाले सूचना प्रकाशन, प्रशारण विरलै गरिने र गरिएका सूचना र तथ्यांकहरुमा उपल्लो भोट क्षेत्रका सूचनाहरु अझ कमै मात्र समावेश हुँदा र बहुवर्षीय सूचनाहरु समेत प्राप्त गर्न कठिन भएको छ ।

## परिच्छेद-२
## गा.पा.को वस्तुगत विवरण

### .१ डोल्पोबुद्ध गा.पा. को सामान्य परिचय :

डोल्पा जिल्लाको ६ ओटा गा.पा. र २ ओटा न.पा.हरु मध्येको एउटा गा.पा. हो डोल्पोबुद्ध । जुन गा.पा.को पश्चिमी भाग डोल्पा जिल्लाको शेफोक्सुण्डो गा.पा. उत्तरी भाग चीनको स्वशासित क्षेत्र तिब्बत, पूर्वभोग धौलागिरी अञ्चलको मुस्ताङ्ग जिल्ला र छर्कातङ्गसोङ्ग गाउँपालिका र दक्षिण भाग छार्कताङ्गसोङ्ग गा.पा.सँग सिमाना जोडिएको छ । डोल्पा जिल्लाको कूल क्षेत्रफलको झण्डै ८२४ वर्ग कि.मि. ओगटेको क्षेत्रफलको आधारमा चौथो ठूलो गा.पा. पनि हो । यो गा.पा. १७२५६ फिट उचाइमा अवस्थित जिल्ला सदरमुकामाबाट ६० कोषको दूरीमा अवस्थित छ । जिल्लाको कूल भूभागको झण्डै १२ प्रतिशत क्षेत्रफल ओगटेको छ । गा.पा. अधिकांश भू-भाग भीर पहरा, कडाँ चट्टानयुक्त, हिमक्षेत्र आदिले ढाकेको छ । खेतियोग्य जमीन निकै कम र पहाडको खोच एवं गाउँको आसपासमा मात्र कृषि कार्यका लागि जमीन उपलब्ध छ ।

### २.१.१ डोल्पो बुद्ध गा.पा. को सिमाना

| | |
|---|---|
| पूर्व | : मुस्ताङ्ग जिल्ला र छर्काताङ्गसोङ्ग गा.पा |
| पश्चिम | : शे फोक्सुण्डो गा.पा. |
| उत्तर | : चीनको स्वशासित क्षेत्र तिब्बत |
| दक्षिण | : डोल्पा जिल्लाको छार्कताङ्गसोङ्ग |
| जिल्ला सदुमुकामबाट | : ६० कोषको दूरीमा अवस्थित |
| कूल बस्ती संख्या | : ६ वाट धो, कलङ्ग, टाक्सी, पोल्दे, तिन्जे, फाल र सिमेन |

### २.१.२ भौगोलिक अवस्थिति

**अक्षांश र देशान्तर :**

यस तिन्जे गा.पा.को भौगोलिक अवस्थिती २९ डिग्री ३४ मिनेट उत्तर अक्षांश र ८३ डिग्री ३५ मिनेट पूर्व देशान्तरसम्म सिमाना फैलिएको छ । गा.पा.को उत्तर पश्चिम तर्फको भाग सानो र दक्षिण पूर्वतर्फको भाग केही फुकेको छ ।

### २.१.३ हावापानी एवं जलवायु :

शितोष्ण हावापानी भएका यस डोल्पो बुद्ध गा.पा.मा गर्मी मौसममा अधिकतम १५ डिग्री सेल्सियस र जाडो समयमा न्यूनतम १५/२० डिग्री सेल्सियसससमम तापक्रम पुग्ने अनुमान गर्न सकिन्छ । यस गा.पा.को सम्पूर्ण भूभाग हिमाली हिमश्रृङ्खलाको उत्तरी भागमा अवस्थित रहेकोले सधै सुख्खा खालको हावापानी पाइन्छ । गा.पा.मा सबैभन्दा बढी हिमपात एवं कम वर्षा हुने समय पुस, माघ र फागनु रहेको छ । यस गा.पा.को औषत वार्षिक वर्षा हुने समय असार, साउन महिनामा २०० मिलिमिटर भन्दा पनि कम वर्षा हुने गरेको देखिन्छ । तसर्थ, यस गा.पा.को हावापानीलाई निम्न लिखित ३ भागमा बाँड्न सकिन्छ ।

### १. हिमाली हावापानी

डोल्पो बुद्ध गा.पा.को ४०७७ मिटर भन्दा माथिको उचाइको क्षेत्रमा यस प्रकारको हावापानी पाइन्छ । यस क्षेत्रमा सधै हिउँले ढाकेको हुँदा यस स्थानमा अत्यधिक ठेण्डा हावापानी पाइन्छ ।

### २. अल्पाईन हावापानी

गा.पा.को ३९६२-४०७७ मिटरसम्मको उचाइ भएको स्थानमा यस्तो खालको हावापानी पाइन्छ । यो डोल्पो बुद्ध गा.पा. पुरै भोट तथा जिल्लाको उत्तरी भूभागमा अवस्थित रहेकोले यस हावापानीमा पनि अत्यन्तै चिसो हुन्छ ।

### ३. ठण्डा हावापानी एवं जलवायु

डोल्पो बुद्ध गा.पा.को ३९६२ मिटरसम्मको भू-क्षेत्रमा यस्तो प्रकारको जलवायु भेटिन्छ । यस क्षेत्रमा ठण्डा हावापानी भएको क्षेत्रमा भन्दा तुलनात्मक रुपमा कम चिसो र जिल्लाको अन्य तल्लो भू भाग भन्दा बढी नै चिसो रहेको पाइन्छ । त्यसैले डोल्पो बुद्ध गा.पा.को सम्पूर्ण भू भागमा ठण्डा हावापानी पाइने हुनाले हिउँदको समयमा अत्यन्तै जाडो एवं हिमपातले गर्दा जनजीवन निकै कष्ठपूर्ण हुन्छ ।

**२.१.४ भूवनोटको सामान्य परिचय :**

शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज भित्र पर्ने यस डोल्पो बुद्ध गा.पा.को भूभाग समुद्री सतहबाट झण्डै २८०० मिटर देखि ७०५० मिटरसम्मको उचाईमा रहेको छ। गा.पा.को सम्पूर्ण भूभाग उच्च हिमाली क्षेत्रले ओगटेको छ। जंगल क्षेत्र नगन्य (१९ प्रतिशत) र अधिकांश भाग घाँसले ढाकेको पाइन्छ। यस डोल्पो बुद्ध गा.पा.को अधिकांश जमीन कडा चट्टान र उच्च पहाडी भागले ओगटेको छ। यसका अतिरिक्त सम्म परेका जमीनको भूभाग भने केही पहाडको खोच एवं बीच भागमा मात्र पाउन सकिन्छ। तथापि अधिकांश भूक्षेत्रमा केबल कडा चट्टान र नाङ्गो पाँखो रहेको छ। सिँचाई सुविधाको अभाव रहेको पाइन्छ। झण्डै ९० प्रतिशत भन्दा बढी जमीन ४५ डिग्री भन्दा बढी भिरालोपना रेहको देखिन्छ।

**भोट क्षेत्र :** डोल्पो बुद्ध गा.पा.को सम्मपूर्ण भाग उत्तरी क्षेत्रमा पर्दछ। यस गा.पा.को उचाइ समुद्री सतहबाट २८०० मिटर देखि ४८७५ मिटरसम्म रहेको छ। चीनको स्वशासित क्षेत्र तिब्बतको सिमानाको नगिच रहेको सबैभन्दा सुख्खा क्षेत्रको रुपमा रहेको पाइन्छ।

**हिमाली क्षेत्र :** सधैंजसो हिउँले ढाकेको क्षेत्र यस अन्तर्गत पर्दछ। पर्वतीय हिमश्रृङ्खलाहरुले ओगटेको र अधिकांश नदीहरुको उद्गमस्थल यस क्षेत्रमा रहेको पाइन्छ।

अल्पाईन क्षेत्र : हिमाली क्षेत्रको तल्लो भाग जहाँ सुख्खा हावापानी रहने हिउँदमा अत्यधिक हिमपात भई उक्त क्षेत्र सेताम्य हुने र ग्रीष्म ऋतुमा विस्तारै हिउँ पग्लिदै जाने र त्यो स्थानमा ठूला ठूला घाँसे मैदानहरुको रुपमा रही चरण क्षेत्रका लागि ज्यादै उत्तम मानिन्छ। यो स्थानमा बाक्लो वन जंगल हुँदैन र खर्कको लागि निकै पोसिलो घाँस फैलिएको हुन्छ। तिन्जेबाट मुगु र तिब्बत जाने मुख्य याला भञ्ज्याङ्ग यस गा.पा.मा पर्दछ। यसको उचाइ समुद्री सतहबाट ५४२५ मिटर रहेको छ।

**२.१.४ भूवनोटको सामान्य परिचय**

यस डोल्पोबुद्ध गा.पा. अधिकांश जमीन कडा चट्टान र उच्च पहाडी भागले ओगटेको छ। यसका साथै केही स्थानमा सम्म परेको फाँट र मैदानहरु समेत भेटिन्छ। यही जग्गाको भिरालोपनले गर्दा माटोको उर्वरा शक्ति मजोर र बलौटे माटो हरेको छ। सिँचाई सुविधाको अभाव रहेको पाइन्छ। झण्डै ९० प्रतिशत भन्दा बढी जमिन ४५ डिग्री भन्दा बढी भिरालोपना रहेको देखिन्छ।

**डोल्पोबुद्ध गा.पा.मा भू-बनौटले सिर्जना गरेका विविध खालका समस्या र सम्भावनाहरु**

गा.पा.को अधिक भूभाग कडा चट्टान, भिर पहरा र चरन तथा घाँसे मैदानले ओगटेको छ। अतः भौगोलिक अवस्था र माटोको बनावटको थप विस्तृत विवरण प्राप्त गर्न नसकिएकोले अझ मिहिन प्रकारले सामाजिक, आर्थिक र वन वातावरणीय क्षेत्रसँग सम्बन्धित अध्ययन र अनुसन्धान एवं अनुमान गर्न सकिएको छैन्। यद्यपि, प्राप्त भएका सूचनाको आधारमा यस गा.पा.मा भौगोलिकताको आधारमा केही समस्या एवं सवाँलहरुलाई देहायअनुसार निष्कर्ष निकाल्न सकिन्छ।

१. अधिकांश जमीन हिँउ, भिर पहराले ओगटेको हुँदा खेतीयोग्य जमीनको न्यूनताले कृषि उत्पादनमा कमी।
२. पर्यटन व्यवसायको उल्लेख्य सम्भावना रहेता पनि पर्यटन पूर्वाधारमा विशेष ध्यान पुग्न नसकेको।
३. जैविक विविधतामा ह्रास, पर्याप्त चरन, खर्कहरुको उपलब्धता भएता पनि पशुपालन व्यवसायमा उचित जोड दिन नसकिएको।
४. आवतजावत्को सहजताका लागि ग्रामिण सडक विस्तारको पूर्णता अभाव।

**क्षेत्रफलः**

गाउँपालिको कूल क्षेत्रफल : ८२८ कि.मि.
जन घनत्व प्रति वर्ग किलो मिटर : १.७ जना (घरधुरी सर्वेक्षण २०७२)

**आवादी जग्गाको विवरण**

खेतबारीको क्षेत्रफल : २६५.३८ हे. (स्रोतः जिसस २०५८)
वनको क्षेत्रफल : कूल क्षेत्रफलको ६१.२८ हे.
बस्ती र बाटोले क्षेत्रफल : ८९.५८ हे.
अन्य क्षेत्रको क्षेत्रफल : १.४० हेक्टर
कूल आवादी क्षेत्रफल : ४१७.६४ हेक्टर (स्रोतः नापी शाखा, डोल्पा, जिल्ला पार्श्वचित्र २०५८, डोल्पा)
डोल्पोबुद्ध गा.पा.समितिको उचाईः १७२५६ फिट, (१ फिट बराबर ०.३०४८ मि.)
गा.पा.को होचो बस्ती : सिमेन (३८७० मि.)
अग्लो बस्ती : तिन्जे (४१५० मि.)
सामुद्रीक सतहबाट : ४१५० मिटर

### २.१.५ गाउँपालिका क्षेत्र भित्र आउने र जाने नाकाँ वा स्थल मार्गहरु

- धो-तोक्यु-रमालेक (५०८५ मि.) -छोएला लेक (५०५१ मि.) हुँदै तिन्जे गाउँपालिका
- क्याराभान बाटो-तिब्बतको माझो छोक्रा (अस्थायी बजार) फेन्ची-मरिम हुँदै तिन्जे
- धो सिप्चो-झ्यारकोई लेक-राप्का हुँदै तिन्जे गाउँ
- छार्का-मोला भञ्ज्याङ्ग-फाल गाउँ हुँदै तिन्जे गाउँ
- तिब्बतबाट छल भञ्ज्याङ्ग हुँदै सिमेन गाउँ

### २.१.६ डोल्पोबुद्ध गा.पा.मा रहेका ऐतिहासिक स्थलहरु/भग्नावशेषहरु

**डोल्पोबुद्धमा किल्ला घर (Fortification House)**

यस जिल्लाको विकट स्थान एवं तिब्बतको सिमानाम रहेको डोल्पोबुद्ध गा.पा.को तिन्जे भन्ने गाउँमा १० मिटर जति अग्लो, ठूलो माथिल्लो तलाको चारैतिर प्वाल भएको बुर्जोबाट जता पनि गोली हान्न मिल्ने किसिमको किल्ला घर हो । त्यसलाई कल्यालको दरबार पनि भनिन्छ । सो घर हालसम्म पनि देख्न पाइन्छ । यसै गरी धो तरापबाट डोल्पोबुद्ध जाने बाटो र साल्दाङ्ग तिन्जे तर्फ जाने बाटोको लेकको फेदीनेर बाटो देखि माथि अग्लो थुम्को परेको ठाउँमा पनि सिधा वारीपारी ४/५ जना मानिस बस्न र लुक्न सक्ने वा हुने गरी किल्ला बनाईको छ । यस सम्बन्धमा स्थानीय मानिसहरुसँग बुझ्दा मतैक्यता पाईदैन् । कोही जंग बहादुर राणाले गरेको हो भन्छन् भने कोही कल्याल राजाले गरेको गरेको र यसैगरी कोही अघि भोटसँग लडाई हुँदा भोटे राजाहरुले बनाएको किल्ला हो भन्छन् भने कोही गोर्खा राजाले जित्दै लखेट्दै गरेको बेला किल्ला, बुर्चा बनाउँदै लड्न नसकी भाग्ने बेला छोडेन गएको भन्छन् ।

**डोल्पोबुद्धमा हवाई जहाज मैदान (Airport)**

वि.स. २०३२ सालमा साटा स्वीस मिसन (तिब्बती शरणार्थीलाई सहयोग गर्ने संस्था) का ईन्जिनियर श्री उईडर पिटरले डोल्पाको उत्तरी भेग तिन्जेको मैदानमा पिल्लाटस पोटर (सानो जहाज) बस्ने हवाई मैदान बनाउन रु. २५००। दुई हजार पाँच सय) को लागत अनुमान तयार गरी गृह पञ्चायत मन्त्रालयमा पेश गरेका थिए । सोही लागत अनुमान अनुसार हवाई मैदान बनाउनको लागि तत्काल रु. २५०० । दिन भन्ने पञ्चायत विकास विभागको आदेश समेत भई निकासा भएको थियो । स्थानीय जनताले एक दिन बराबर श्रमदान समेत गरी त्यो हवाई मार्ग २००० फिट लामोसम्म विस्तार गरेका थिए । सामान्यतय पिलाटस पोटरको लागि १००० फिट लामो हवाई मार्ग पर्याप्त मानिएता पनि सो क्षेत्र उच्च पहाडी क्षेत्र भएकाले अक्सिजनको कमीका कारण जहाज रोक्न समस्या पर्न सक्ने अनुमान गरी २००० फिट लामो बनाईएको थियो । यो हवाई मैदान तयार भै सकेपछि श्री ५ को सरकारले सम्भावित तिब्बती शरणार्थीबाट हुन सक्ने खतरालाई मध्यनजर राखी प्रतिबन्ध लगाइएकोले हवाई यातायात सञ्चालन हुन पाएन् । स्मरण रहोस तिब्बती शरणार्थीहरुको नेपालमा रहेका प्रमुख क्याम्प बाग्लुङ जिल्लाको ढोरपाटनबाट ६, ७ दिनको पैदल यात्रा पश्चात सो विमानस्थलमा पुग्न सकिन्छ ।

**ल्होसार पर्व**

यो बौद्ध धर्मालम्बीहरुको ठूलो चाड हो । बिशेष गरी तिब्बतीयनहरुको नयाँ बर्ष माघ २०२५ गते देखि फाल्गुनको १०/१५ गतेसम्म औसीको दिनमा सालको अन्त्य हुन्छ र शुक्ल पक्षको परेवा देखि नयाँ बर्षको शुरुवात हुन्छ त्यसै अवसरमा यो पर्व मनाईन्छ । यो पर्व कुनै ठाउँमा माघ शुक्ल पक्षको परेवा देखि मनाउछन् भने कुनै ठाउँमा पौष कृष्ण पक्षको चुर्तुदशी देखि मनाउने गरेको पाइन्छ ।

## २.१.७ गाउँ जोड्ने काठेपुलहरु तथा झोलुङ्गेपुलहरु

**तालिका नं. २.१.७ : गाउँ जोड्ने काठेपुलहरु झोलुङ्गेपुलहरुको विवरण**

| क्र.सं. | पुलको नाम | स्थान | खोलाको नाम | हालको अवस्था |
|---|---|---|---|---|
| १. | तिन्जे काठेपुल (२ वटा) | तिन्जे | तिन्जे खोला | राम्रो |
| २. | फाल्दर काठेपुल | तिन्जे | फाल्दर खोला | राम्रो |
| ३. | सिमेन काठेपुल (२ वटा) | तिन्जे | पाल्जाङ खोला | राम्रो |
| ४. | छेवर काठेपुल | धो | तरापखोला | राम्रो |
| ५. | नावरपानी काठेपुल | धो | तरापखोला | राम्रो |
| ६. | पेभुक काठेपुल | धो | तरापखोला | राम्रो |
| ७ | पेभुक काठेपुल | धो | तरापखोला | राम्रो |
| ८ | मिरक्याप काठेपुल | धो | तरापखोला | राम्रो |
| ९ | सिसौल काठेपुल | धो | तरापखोला | राम्रो |
| १० | कलाङ्ग काठेपुल | धो | तरापखोला | राम्रो |
| ११ | धो काठेपुल | धो | तरापखोला | राम्रो |
| १२ | ताक्यु काठेपुल | धो | तरापखोला | राम्रो |
| **झोलुङ्गेपुल** | | | | |
| १. | सिलुङखोला झोलुङ्गेपुल | तिन्जे | मुगु कर्णाली | २०७४मा सम्पन्न |
| २. | काङडोमा झोलुङ्गेपुल | तिन्जे | पोल्दे खोला | २०७४मा सम्पन्न |
| ३ | थाजम झोलुङ्गेपुल | धो | तरापखोला | मर्मत गर्नुपर्ने |
| ४ | छेवर झोलुङ्गेपुल | धो | तरापखोला | मर्मत गर्नुपर्ने |

## २.१.७ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि :

डोल्पोबुद्ध गाउँपालिकाको नामकंन र सिमाकंनका सम्बन्धमा धेरै कथन र कारणहरु पाउन सकिन्छ । जब हालको डोल्पा जिल्ला त्रिब्रिकोट जिल्लाबाट झिकिएका जुफाल, त्रिपुराकोट, म्हुँ, ल्हाँ, नर्कु, रिमी र डोल्पा जिल्लाबाट हटाइएका हुँगाम र तकवासी (साविको गा.वि.सं)लाई बाग्लुङ्ग जिल्लामा कायम गरी १० गा.पा. रहने गरी डोल्पा जिल्ला बन्न गयो र २०१८ साल भन्दा पहिला कर्णाली सञ्चलमा नै समावेश भएको तर वि.स. २०१८ देखि २०३२ सम्म धौलागिरी अञ्चलमा गाभिएको थियो । यसरी धौलागिरी अञ्चलबाट प्रशासनिक कामकाज गर्न कठिन र दुःख भएकोले पुनः डोल्पा जिल्लालाई कर्णाली अञ्चलमा आवद्ध गरियो । यसै क्रममा २०२५ सालमा १० गा.पा.लाई टुक्राएर रिमी र काईगाउँ गा.पा. र ठुलीभेरी न.पा. दुनै लाई टुक्राएर दुनै र रह गा.पा. कायम गरी डोल्पा जिल्लामा जम्मा २३ गा.पा. निर्धारण गरियो । यसरी वि.सं. २०२५ सालमा नै डोल्पोबुद्ध गा.पा.को नामकरण रहन गएको अनुमान गर्न सकिन्छ ।

## २.१.८ डोल्पोबुद्ध गा.पा.मा रहेको समस्या, सम्भाव्यता, अवसर (Obstacles and Opportunities)

दुनियाँमा कुनै पनि त्यस्तो समस्याहरु छैनन् जसको कुनै पनि प्रकारको समाधान नै नहोस् । तयसैले एउटा अंग्रेजी भनाई रहेको छ, "No solution, no problem, If there is problem, there is solution". आजको एक्काइसौँ शताब्दीमा व्यक्ति, संस्था एवं व्यवस्था, प्रक्रिया र पद्धत्तिहरु गुज्रीरहेका छन् । यद्यपिः समस्याहरु मात्र रहेका छैनन्, त्यसका साथसाथै अवसरहरु पनि अन्तरनिहित छन् । ती समस्याहरुलाई व्यवस्थित र यथोचित ढंगले सम्बोधन गर्न र हुन सकेमा केबल संस्थागत उन्नयन र उत्थान मात्र नभै व्यक्तिगत कार्य कुशलता, क्षमता र सिर्जनशीलता समेत प्रदर्शन हुने अवसर प्राप्त हुन्छ । यसरी तिन्जे गाउँपालिकाका पनि स्थानगत तरिकाले विविध खालका समस्या र अवसरहरुको बीचमा आफ्ना समस्या समस्यामा नभई, मान्छेमा, मान्छेको सोच्ने, चिन्तन गर्ने, अभ्यास गर्ने र कार्यस्थलमा कार्यान्वयन गर्ने प्रवृत्तिमा समस्या रहेको हुन्छ । यदि समस्यालाई सही ढंगले पहिचान गरी सचेतताका साथ सामुहिक तरिकाले सम्बोधन गरेको अवस्थामा समस्यालाई सफलतामा परिणत गर्न सकिन्छ । यसरी डोल्पोबुद्ध गा.पा.का आफ्नै प्रकारका पृथक र विशिष्टीकृत खालका शिक्षा, कृषि, यातायात, स्वास्थ्य, वन, वातावरण, सामाजिक, आर्थिक र संस्थागत विकास र वृद्धिसँग सम्बन्धित विभिन्न प्रकारका अवसर र चुनौतीहरु रहेका छन् । जसलाई बुदाँगत रुपमा तल उल्लेख गरिएको छ ।

# डोल्पोबुद्ध गा.पा.मा रहेका समस्या र समाधानका उपायहरु

## १. आर्थिक विकास (Economic Development-Agriculture, Livestock, Tourism, Smallage Cottege)

| प्रमुख समस्या | तत्कालीन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| ● दीगो तथा ग्रामीण पर्यटन विकासमा कमी । | ● स्थानीयले पर्यटन व्यवसायबाट लाभ लिन सनसकेको ।<br>● वातावरण, सांस्कृति र धार्मिक क्षेत्रमा प्रतिकूल असर परेको | ● पर्या-पर्यटन विकास सम्बन्धी नीति, कार्यक्रम, बजेटको अभाव ।<br>● भरपर्दो हवाइ र स्थल यातायातको कमी । | ● सीपयुक्त प्राविधिक एवं व्यवसायिक जनशक्तिको कमी ।<br>● स्रोत साधनको कमी वा सदुपयोग नहुनु ।<br>● पर्यटन विकास सम्बन्धी सामाजिक र भौतिक पूर्वाधारको कमी ।<br>● पर्यटन सम्बन्धी संगठनात्मक संरचनाको कमी ।<br>● पर्यटकीय सेवा सुविधाको कमी । | ● सामाजिक परिचालन गर्ने ।<br>● सीपयुक्त दक्ष र व्यवसायिक जनशक्ति उत्पादन र विकासमा जोड दिने ।<br>● सांस्कृति, प्राकृतिक र जैविक विविधता एवं सम्पदाको संरक्षण र विकास गर्ने ।<br>● पर्यटनलाई टेवा पुग्ने खालका नीति, कार्यक्रम, बजेट र कार्यान्वयनमा जोड दिने ।<br>● स्थानीय स्तरमा पर्यटकहरुलाई आवगमन गर्न सहज र सुलभ हुनेगरी बाटो, पुलपुलेसा, क्याम्प साईट, खानेपानी र सरसफाईमा उचित ध्यान दिने ।<br>● हवाइ यातायातलाई नियमित, सुरक्षित र भरपर्दो बनाउने । |
| ● पर्यटकीय क्षेत्रबाट प्राप्त हुने आम्दानी जिल्ला भित्र अझ पर्यटकीय स्थानमा भित्रिन नसक्नु । | ● स्थानीय व्यक्तिहरु लाभन्वित हुन नसकेको ।<br>● समुदायहरु पर्यटन प्रति न्यून लगाव । | ● स्थानीयस्तरमा राजस्व संकलनको व्यवस्था नहुनु ।<br>● स्थानीयस्तरबाट पर्यटन विकासको लागि साझा पहलकदमी नहुनु ।<br>● पर्यटकीय सेवा सुविधामा कमी हुनु । | ● पर्यटन व्यवसायिकताको अभाव ।<br>● शिक्षा र स्रोतको कमी ।<br>● संस्थागत संरचनाको अभाव वा कमी । | ● आवश्यक आन्तरिक र बाह्य प्रचारप्रसार गर्ने ।<br>● पर्यटन सम्बन्धी काम गर्ने विभिन्न व्यक्ति, निकायहरुसँग सम्पर्क, सम्बन्ध स्थापना गर्ने ।<br>● पर्यटन जनशक्तिको विकास गर्ने ।<br>● यातायात, संचारको व्यवस्था ।<br>● पर्यटन व्यवसाय संचालन गर्नको लागि ऋण पुँजीको व्यवस्था गर्ने ।<br>● पर्यटनबाट प्राप्त हुन आएको राजस्वको ८० प्रतिशतसम्म जिल्ला र पर्यटन क्षेत्रमा खर्च गर्ने नीतिको व्यवस्था गर्ने । |
| ● पर्यटकीय पूर्वाधारको संरक्षण, सम्बर्द्धन, | ● पर्यटक आवगमनमा न्यूनता । | ● ग्रामीण पर्यटन विकास सम्बन्धी कार्यक्रम लागु | ● पर्यटनलाई उद्योगको रुपमा नस्वीकार्नु । | ● पर्यटन सम्बन्धी सीप, शिक्षामा अभिवृद्धि गर्ने ।<br>● पर्यटन सम्बन्धी कमल गर्ने निकायहरुसँग |

| | | | | |
|---|---|---|---|---|
| प्रचारप्रसार र बजीकरण हुन नसकेको | | नभएको ।<br>● पर्यटकीय महत्वको बारेमा व्यापक प्रचार प्रसार नभएको । | ● पर्यटन सम्बन्धी शिक्षाको कमी ।<br>● गरिबी र स्थानीय, जिल्ला र केन्द्रबीच कमजोर समन्वय र सम्पर्क । | समन्वय र सम्बन्ध स्थापना गर्ने ।<br>● आन्तरिक, बाह्यस्तरमा विभिन्न माध्यमबाट व्यापक प्रचार प्रसार गर्ने । |
| ● पर्यटनको परिपूरकको रुपमा घरेलु उद्योगहरुको विकास गर्न नसकिनु । | ● पर्यटनमुखी चित्रकला वा हस्तकलाका उत्पादनहरु नहुनु वा कमी । | ● उचित बजारको अभाव । | ● गुणस्तरीय उत्पादनमा कमी ।<br>● स्थानीय उत्पादनको प्रचार प्रसार नहुनु ।<br>● पर्यटन आवगमनमा कमी । | ● कृषि, पशुजन्य उत्पादनको प्रशोधनको व्यवस्था गर्ने ।<br>● हस्तकलाको सामान उत्पादनका लागि तालिम सहुलियत दरमा ऋणको व्यवस्था गर्ने ।<br>● बिक्री केन्द्र वा कोसेली घरको स्थापना गर्ने । |
| ● परम्परामा आधारित कृषि तथा पशुपालन व्यवसाय । | ● उत्पादन र उत्पादकत्वमा कमी ।<br>● पशुपालनमा व्यवसायकीकरण नहुँदा जीविकोपार्जनमा ह्रास । | ● व्यवसायिक ज्ञानको कमी ।<br>● आवतजावतमा कठिनाई । | ● उन्नत जातको पशु व्यवसाय र प्रविधिको अभाव ।<br>● बजेटको कमी वा अभाव ।<br>● दक्ष पशुकर्मी वा पशुसेवाको अभाव । | ● बजार व्यवस्था गर्ने ।<br>● प्राविधिक सेवा र टेवा पुऱ्याउने ।<br>● ऋण वा कर्जाको व्यवस्था मिलाउने ।<br>● पशुपालन व्यवसायलाई विशिष्टिकृत गर्ने ।<br>● पशु सेवा सम्बन्धी जनशक्तिको विकास गर्ने ।<br>● भरपर्दो बाटोको व्यवस्था मिलाउने । |
| ● दुधजन्य र उनजन्य उत्पादनमा कमी | ● पोषणको कमी ।<br>● स्वास्थ्यपचारको खर्च बढनाले आर्थिक व्ययभार बढ्ने । | ● उत्पादन योग्य पशुको विकास नहुनु ।<br>● पशु चरन आहाराको व्यवस्थापन कमजोर रहेको । | ● पशु रोगको प्रकोष हुने गरेको ।<br>● परम्परागत पशु व्यवसायको प्रचलन कायम रहेको ।<br>● प्रविधिमा आधारित पशु उत्पादन, दुध उत्पादन व्यवसाय संचालन नभएको । | ● उत्पादन योग्य पशु, गाई, चौरी, झुमा, च्याङग्रा र भेडीको विकास गर्ने ।<br>● पशु रोगको यिनन्त्रण गर्ने ।<br>● चरन क्षेत्र र पशु आहाराको उचित व्यवस्थापन गर्ने ।<br>● स्वस्थ र स्वच्छ उत्पादनमा जोड दिने । |
| ● बढ्दो महँगी र गरीबी | ● जीवनस्तर कठिनप्रद हुँदै गएको ।<br>● गरिबीमा वृद्धि भएको ।<br>● बेरोजगारमा बृद्धि ।<br>● आर्थिक सशक्तिकरण नहुनु । | ● यातायातको कठिनाई ।<br>● मूल्यमा व्यापारीहरुको मनोमानी हुनु ।<br>● बजारमा प्रशासनिक नियन्त्रण नहुनु ।<br>● गरीबको स्पष्ट पहिचान | ● स्थानीय समुदायहरुको ध्यान यसतर्फ नहिनु ।<br>● शिक्षाको कमी ।<br>● यातायातको नीतिमा अस्पष्टता र मूल्यमा एकरुपता नहुनु ।<br>● विशेषगरी दुर्गमका गरिबका | ● विभिन्न क्षेत्रमा सहकारी वा गाउँ गाउँमा सहकारी नीति अनुसार सहकारी स्थापना गर्ने ।<br>● स्थानीय निकाय, प्रशासनबाट मूल्य निर्धारण, नियमन र मूल्य सूची राख्न लगाउने व्यवस्थालाई कडाईका साथ लागु गरिनु पर्ने ।<br>● कर्णाली अञ्चल अझ विशेष गरी उच्च हिमाली |

| | | | | |
|---|---|---|---|---|
| | | नहुनु ।<br>● समुदाय केन्द्रीत गरिबी निवारणका ठोस लक्षित कार्यक्रम संचालन नहुनु । | लागि स्थान र आवश्यकताामा आधारित कार्यक्रमहरु एवं आर्थिक नीतिहरुको व्यवस्था नहुनु । | क्षेत्रमा स्थान विशेष फरक आर्थिक नीति तथा कार्यक्रम संचालन गर्ने ।<br>● विभिन्न आयमुलक कार्यक्रम संचालन गर्नुपर्ने ।<br>● पशुपालन, पर्यटन, साना दुध र ऊनजन्य उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने सार्थ उचित बजारीकरणको लागि जोड दिने ।<br>● गरिबीहरुको सही पहिचान गरी शिक्षा र कामको अवसरमा आरक्षणको व्यवस्था मिलाउने ।<br>● प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिने ।<br>● व्यवसाय संचालन र विस्तारका लागि सहुलियत ऋण प्रवाह गर्ने प्रबन्ध मिलाउने । |

## २. सामाजिक विकास (Social Development-Health, Education, Water Supply and Sanitation, Sports, NGOs, CBOs)

| प्रमुख समस्या | तत्कालीन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| ● गरिबीको खाडल बढदै जानु । | ● हुनेखाने र हुँदा खाने बीचको सन्तुलन बिग्रीनु ।<br>● समानतामूलक समाजको अभाव । | ● गरिबीको सही पहिचान हुन नसक्नु ।<br>● आम्दानीका स्रोतको कमी वा अभाव ।<br>● शिक्षित र संस्कारयुक्त समाजको कमी ।<br>● उत्पादनमा कमी । | ● रोजगारका अवसरमा न्यूनतम ।<br>● निर्वाहमुखी खेती प्रणाली ।<br>● न्यून उत्पादन र उत्पादकत्व ।<br>● सीप र प्रविधिको अभाव ।<br>● अकालमै मृत्यु । | ● गरिबीको स्पष्ट पहिचान गर्ने ।<br>● सहुलियत ऋणको व्यवस्था मिलाउने ।<br>● पशुपालन व्यवसायलाई जोड दिने ।<br>● व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने ।<br>● आयआर्जनका कार्यक्रमहरु संचालन गर्ने । |
| ● लैङ्गिक विभेदको समस्या | ● श्रममा विभेद,<br>● सहभागितामा विभेद,<br>● सामाजिक असमानता र अधिकारमा कुण्ठित । | ● शिक्षा र सीपको कमी वा अभाव ।<br>● आत्मबल कमजोर र आत्मनिर्भर नहुनु । | ● पुरुष प्रधान समाज ।<br>● पुरुषलाई महतव दिने चिलन ।<br>● रुढिवादी संस्कार, मान्यता ।<br>● असमान कानून, नियम । | ● सामाजिक परिचालनमा जोड दिने ।<br>● तालिम, छलफल, गाष्ठी, नाटक, अभियान, सूचना र शिक्षा मार्फत सशक्तिकरण गर्ने ।<br>● कानूनी सहायता केन्द्र स्थापना गर्ने । |
| ● जनशक्तिको विकास नहुनु । | ● स्थानीय जनशक्ति अदक्ष र अर्धदक्ष हुनु ।<br>● उपलब्ध जनशक्तिले पनि | ● ठाउा विशेष स्पष्ट जनशक्ति विकासको नीति नबन्नु । | ● अनपढ अभिभावक<br>● आवतजाजतमा दुर्गमता ।<br>● स्थानीय व्यक्तिमा सोच र | ● आर्थिक अवस्था कमजोर भएकालाई सरकार स्तरबाट समान अवसर, सहुलियत उपलब्ध गराउनु पर्ने । सोही अनुसार नीति, कार्यक्रम र कार्यान्वयनमा जोड दिने । |

| | | | | |
|---|---|---|---|---|
| | काम नपाउनु<br>● प्राविधिक ज्ञानको कमी हुनु । | ● विद्यालय, शिक्षालयको अभाव ।<br>● गरिबी हुनु । | स्रोतको कमी | |
| ● गुणस्तरीय शिक्षाको अभाव | ● उत्पादित जनशक्तिले रोजगार नपाउनु ।<br>● शिक्षा प्रति अभिभावक, समुदायको वितृष्णा जाँग्नु ।<br>● कमजोर स्पर्धा क्षमता हुनु । | ● विद्यालयको अभाव ।<br>● विषयगत शिक्षकको अभाव ।<br>● विद्यालय नखुल्ल्नु ।<br>● कमजोर नियमन ।<br>● समुदायमा अपनत्वको भावना नहुनु । | ● समुदायको सकृयता नहुनु ।<br>● जिम्मेवारी बोधको कमी ।<br>● दण्ड र पुरस्कारको अभाव ।<br>● विव्यस, शिअसंको भूमिका प्रभावकारी नहुनु ।<br>● शिक्षकको अनुपस्थिति,<br>● न्यून बेतन र सुविधा ।<br>● विद्यालयहरु टाढा हुनु ।<br>● मौसमको प्रतिकुलताले गर्दा । | ● विषयगत दक्ष शिक्षकको प्रबन्ध गर्ने ।<br>● उचित दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।<br>● शिअस, विव्यसलाई जिम्मेवार बनाउने ।<br>● समुदायको सहभागिता र अर्थपूर्ण सक्रियतामा जोड दिने ।<br>● विद्यालयको स्थापना र स्थानीय भाषा र संस्कृति जानेको शिक्षकलाई प्राथमिकता दिने ।<br>● स्थान विशेष महङ्गी भत्ताको व्यवस्था गर्ने । |
| ● समाजको कमजोर वर्गहरु विकासको मूलधारमा नसमेटिनु<br>● जनताको स्वास्थ्य स्थिति कमजो । | ● सेवा प्रवाहमा महिला, दलित, जनजाति र पछिडिएको वर्गहरुको पहुँच र पहिचान नहुनु ।<br>● मृत्युदरमा वृद्धि ।<br>● उपचारको लागि धेरै खर्च गर्नुपर्ने ।<br>● मानसिक चिन्ता बढने । | ● भाषिक समस्या ।<br>● सशक्तिकरण र सहभागिता कम हुनु ।<br>● पुरात्नबादी सोच हुनु ।<br>● स्वास्थ्य सम्बन्धी शिक्षाको कमी ।<br>● स्वास्थ्य संस्था टाढा, न्यून उपलब्धता<br>● उपकरण र औषधीको अभाव । | ● शिक्षाको अभाव ।<br>● कमजोर आत्मबल,<br>● जातिगत र वर्गगत असमानता<br>● सुरक्षित मातृत्वको कमी हुनु ।<br>● लामा, झाँक्री प्रति विश्वास गर्नु ।<br>● गरिबी, दूर्गमता । | ● सेवा सुविधाहरु न्योचित वितरणमा जोड दिनुपर्ने ।<br>● समानुपातिक, समावेशी सहभागितामा ध्यान दिने ।<br>● गाउँघर क्लिनिक र म.स्वा.स्वं.से. लाई तालिम दिइ परिचालन गरिनुपर्ने ।<br>● प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम दिने ।<br>● स्वास्थ्य सम्बन्धी शिक्षा एवं सन्देशमूलक पोष्टर, पम्पलेट, भिडियो, सडक नाटक प्रदर्शन गरिनुपर्ने ।<br>● उपकरण, औषधी, जनशक्तिको उपलब्धतामा ध्यान दिने । |
| ● खानेपानी र सरसफाइको सुविधा कमजोर हुनु । | ● पानीजन्य समस्याहरु देखापर्ने ।<br>● सुरक्षित खानेपानीको आपूर्ति नुहुनु । | ● भौगोलिक विषयमता रहेको ।<br>● स्रोत साधनको कमी ।<br>● उपभोक्ता समितिहरुको | ● बजेटको अभाव वा कमी ।<br>● अपनत्वको भाव नहुनु ।<br>● पानीका स्रोतहरु टाढा हुनु ।<br>● मर्मत संभार कार्य नहुनु । | ● खानेपानी र सरसफाइलाई सबैको प्राथमिकताको विषय बनाउनुपर्ने । पर्याप्त बजेटको व्यवस्था गर्ने ।<br>● निर्माण कार्यको गुणस्तरियतामा जोड दिने । |

| | | | | |
|---|---|---|---|---|
| | | गैरजिम्मेवारीपन । <br>● गुणस्तरमा ध्यान नदिनु । | | ● मर्मत संभार कार्यकर्तालाई तालिम, कोषको स्थापना गर्ने । |
| ● खानेपानी र सरसफाइको सुविधा कमजोर हुनु । | ● पानीजन्य समस्याहरु देखापर्ने । <br>● सुरक्षित खानेपानीको आपूर्ति नहुनु । | ● भौगोलिक विषमता रहेको स्रोत साधनको कमी । <br>● उपभोक्ता समितिहरुको गैर जिम्मेवारीपन । <br>● गुणस्तरमा ध्यान नदिनु । | ● बजेटको अभाव वा कमी । <br>● अपनत्वको भाव नहुनु । <br>● पानीका स्रोतहरु टाढाहुनु । <br>● मर्मत संभार कार्य नहुनु । | ● खानेपानी र सरसफाइलाई सबैको प्राथमिकताको विषय बनाउनुपर्ने । पर्याप्त बजेटको व्यवस्था गर्ने । <br>● निर्माण कार्यको गुणस्तररियतामा जोड दिने । <br>● मर्मत संभार कार्यकर्तालाई तालिम, कोषको स्थापना गर्ने । |
| ● विकासमा जनसहभागिताको अभाव वा कमी । | ● योजना अधुरा हुनु । <br>● अपनोत्वको कमी । <br>● योजना संरक्षणमा ध्यान नदिनु । <br>● लागतमा बढोत्तरी, स्रोत दुरुपयोग हुन सक्ने । | ● राजनीतिकरण, गरिबी <br>● हाम्रो र राम्रो विकास भन्ने भावना नहुनु । नीतिको अभाव वा कमजोर <br>● रहेक चरणमा सहभागिता नखोजिनु । <br>● जनताको निष्कृयता | ● समन्वय र सहभागिताको अभाव वा कमी । <br>● विकासको राजनीति नहुनु । <br>● विकासमा जनसहभागितालाई अभिवार्य शर्त नबनाईनु । | ● मागमा नभै आवश्यकतामा आधारित विकासमा जोड दिने । <br>● बसै चरणमा सार्थक सहभागिता खोजिनुपर्ने । <br>● सहभागितालाई जोड दिने योजना संचालन गर्ने । <br>● तालिम, शिक्षा, भ्रमणको व्यवस्था मिलाउने । <br>● दण्ड र पुरस्कारलाई जोड दिने । |
| ● भेषभुषामा फेरबदल र संस्कृतिमा विचलन । | ● परम्परागत भेषभुषा र संस्कृतिमा ह्रास । <br>● मौलिक संस्कार लोप हुनु । <br>● परम्परागत सीप, परिवेश हराउनु । <br>● भेषभुषाले आकर्षण गरेको अवस्था हराउनु । | ● संस्कृतिमा अपचलन हुनु । <br>● पशुपालनमा कमी आउनु । <br>● अर्काको रहनसहन प्रति आकर्षण जाँग्नु । <br>● विश्वव्यापीकरणको प्रभाव । | ● पुरानो गहना, पोशाक, वस्तुहरु बढी मूल्यमा बिक्री गर्ने लोभ । <br>● कच्चा पदार्थ मह्ंगो पर्नु । <br>● सस्तो र सरल बस्तुको रोजाई । | ● स्थानीय भेषभुषालाई जर्गेना गर्ने स्थानीय सीप र शिक्षालाई प्राथमिकीकरण गर्ने । <br>● उनजन्य पशु व्यवसायलाई संरक्षण र प्रवर्द्धन गरिनुपर्ने । <br>● धर्म, संस्कृति अनुसारका चालचलनलाई जिवन्त राख्ने । |
| ● मौसमी बसाइसराईको समस्या बढदो क्रममा | ● सेवा सुविधामा समस्या हुने । <br>● जनसंख्याको असमान चाप हुने । | ● हिमपात र चिसोको कारण <br>● रोजगारीको खोजी, <br>● सेवा सुविधाहरुको खोजी | ● खाद्यान्नमा न्यून उत्पादनले गर्दा । <br>● प्रविधिको प्रभाव । <br>● अध्ययन, अनुसन्धानले गर्दा । | ● सुरक्षित स्थानमा अस्थायी आवासको प्रबन्ध गर्ने । <br>● एकिकृत बस्ती विकासमा जोड दिने । <br>● स्थानीय स्तरमा नै रोजगारका अवसरहरु सृजना |

| | | | | |
|---|---|---|---|---|
| | ● बस्तीहरु खाली हुने । | | ● व्यापार, व्यवसाय गर्नका लागि | गर्ने ।<br>● आधारभूत आवश्यकताको पूर्तिमा सरकार लागि पर्ने । |
| ● सामाजिक सुरक्षा व्यवस्था कमजोर हुनु । | ● एकल महिला, अपाङ्ग ज्येष्ठ नागरिकहरु सुरक्षित र सहज वातावरण नपाउनु ।<br>● परिवार, समाजमा उपेक्षित हुनु । | ● आम्दानीको अभाव,<br>● राहत, सहुलियत र सेवा सुविधाहरुको सहज उपलब्धता नहुनु । | ● व्यापार र व्यवसाय गर्न परिवार नै टाढा जानुपर्ने वाध्यता ।<br>● मौसमी बसाइसराईले गर्दा ।<br>● रोजगारको खोजीमा लाग्दा । | ● सामाजिक सुरक्षाको हकको ग्यारेण्टी गर्नुपर्ने ।<br>● लक्षित वर्गको बजेट वितरणलाई स्पष्ट एव पारदर्शी बनाउने ।<br>● आत्मनिर्भर कार्यक्रम संचालन गर्ने ।<br>● अपाङ्ग, एकल महिला र बाल भत्ता वितरणलाई विशेष ध्यान दिने । |
| ● स्थानीय गैससको दीगो संस्थागत विकास नहुनु । | ● संस्थाहरु शहर र सदरमुकाममा मात्र सिमित हुनु ।<br>● सबै बस्तीमा गैससका काम नहुनु ।<br>● गैससले परमुखी बनाउनु । | ● स्रोतको कमी<br>● निजी, सहकारी र सरकारी नीतिका कारण समन्वयको अभाव ।<br>● अरिएको बस्ती । | ● स्थानीय मौलिकपन हराउनु ।<br>● दातृसंस्थाको प्रभाव बढ्नु ।<br>● रोजगारको कमी हुनु ।<br>● समुदायको हातथाप्ने बानी हुनु । | ● एकद्वार प्रणाली मार्फत गैसस र निजी संस्थाको कार्यक्रमहरु संचालन हुने व्यवस्था गर्ने ।<br>● प्रभावकारी अनुगमन र सुपरीवेक्षण गर्ने ।<br>● स्थानीय निकायको सहभागितामा मात्र कार्यक्रम संचालन गर्ने ।<br>● गैससका कार्यक्रमहरु स्थानीय निकायबाट कार्यान्वयन पूर्व अनिवार्य सवीकृत लिने नीति बनाउने । |

**३. भौतिक पूर्वाधार (Physical Infrastructure-Road, Bridge, Irrigation, Culvert, Buildings, Hydro-power)**

| प्रमुख समस्या | तत्कालीन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| ● सडक यातायातको पहुँचबटा गा.पा. धेरै टाठा हुनु । | ● विकास कार्य खर्चिलो हुनु ।<br>● सेवा सुविधा प्रवाहमा कठिनाई ।<br>● स्थानीय उत्पादनले बजार नपाउनु | ● जिल्लामै सडक सुविधा नपुग्नु ।<br>● राज्यको प्राथमिकतामा नपर्नु ।<br>● सोच र स्रोतको अभाव ।<br>● जनप्रतिनिधीहरुको विकासप्रेमी भावना नहुनु । | ● छिमेकी जिल्लाहरुको सिमानामा भर्खर सडक यातायात सुविधा पुग्नु ।<br>● उत्तर दक्षिण सडक मार्गलाई राष्ट्रिय गौरवको आयोजना नबनाउनु ।<br>● तिब्बतसँग सडक जोड्न कठिन । | ● राजनैतिक नेतृत्वप्रति विकासमुखी सोच हुनुपर्ने ।<br>● विकासको राजनीति गर्नुपर्ने ।<br>● विकासमा दलहरुको एकता हुनुपर्ने ।<br>● उत्तर दिक्षण सडक मार्गलाई राष्ट्रिय गौरबको आयोजना घोषणा गर्न सरकारसँग सहल गर्ने ।<br>● स्रोतको सदपयोगको सुनिश्चितता गर्नु पर्ने । |
| ● जिल्लामा हवाई | ● अन्य गा.पा. र जिल्लामा | ● सडक सञ्जाल | ● जिल्लामा भएको | ● सम्बन्धित निकायहरुमा अर्थपूर्ण पहल गरी |

| | | | | |
|---|---|---|---|---|
| यातायात पर्याप्त, सुरक्षित र सुलभ नहुनु । | आवगमनमा कठिनाई । | नजोडिएको सन्दर्भमा एक मात्र विमानस्थल प्रति सरकारको न्युन ध्यान ।<br>● जनप्रतिनिधिहरुको पहल र प्रतिवद्धता नुहुनु । | विमानस्थललाई सुधार गरिस्तर बृद्धिको काममा सुस्तता ।<br>● स्थानीयबासीको ध्यान नजानु ।<br>● दवाब र आवाजको कमी ।<br>● निजी हवाई सेवा कम्पनीहरुको एकलौटी शासन । | नेपालगन्ज, सर्खेत, पोखराबाट नियमित हवाई उडान गर्नुपर्ने । सोको लागि सरकारको ध्यान केन्द्रित गरिनुपर्ने ।<br>● सरकारीस्तरबाट प्रभावकारी नियमन, नियन्त्रण, सुरक्षित र स्तरीय संरचना निर्माणमा जोड दिने । |
| ● भौतिक संरचनाहरुको गुणस्तरीय निर्माण गर्न नसक्नु ।<br>● निर्मित संरचनाहरुको उपयुक्त मर्मत संभार र संचालन हुन नसक्नु । | ● लागत अनुसार प्रतिफल प्राप्त नहुनु ।<br>● सेवा सुविधामा असहजता । | ● स्रोत साधनको अभाव ।<br>● संरचना निर्माण खर्चिलो र कम गुणस्तरीय ।<br>● स्थानीय निकाय र उपभोक्ताहरुको कम चासो ।<br>● विकास खाने प्रचलन ।<br>● दक्ष जनशक्तिको अभाव, मर्मत संभारको लागि स्रोत अभाव । | ● योजना प्रति अपनोत्व नहुनु ।<br>● उपभोक्ताहरुमा तालिम, सुशासन, पारदर्शीता नहुनु ।<br>● अनुगमन, सुपरीवेक्षण नहुनु ।<br>● सेवा प्रदायक निकायहरुको उपस्थितिमा न्यूनता ।<br>● पुराना मर्मत संभार गर्ने भन्दा नयाँ योजना माग्ने प्रचलन । | ● लागन अनुमान अनुसार उपभोक्ता समिति र मर्मत संभार कार्यकर्ताहरुलाई तालिम दिने ।<br>● मर्मत संभार कोष स्थापना गर्ने ।<br>● बजेटको उचित व्यवस्थापन गर्ने ।<br>● स्थानीय समुदायको सबै विकासका चरणमा सहभागिता गराउने ।<br>● सुशासन र पारदर्शीता कायम गर्ने<br>● अनुमगन र सुवरीवेक्षण कार्य सुधारका लागि संचालन गर्ने । |
| ● सिँचाइ, खानेपानी, विद्युत, पुल, भवन जस्ता न्यूनतम भौतिक पूर्वाधारको कमी । | ● जनचासोको कमीले गर्दा सेवा सुविधा उपलब्ध हुन नसक्नु ।<br>● यातायातको अभावले गर्दा निर्माण खर्चिलो । | ● लगानीका लागि स्रोतको अभाव ।<br>● न्यूनर पातलो बस्ती<br>● जनशक्तिको अउपलब्धता । | ● भोट क्षेत्रमा सामान ढुवानीमा कठिनाई । स्थानीय स्तरमा प्रयोग हुने उपयुक्त प्रविधिको कमी । विकास खाने प्रचलन ।<br>● खराब काममा विरोध गर्ने संस्कारको कमी । | ● समन्वय र सहकार्यमा जोड दिनुपर्ने । स्थानीय स्तरमा नै जनशक्ति विकासमा ध्यान दिने । स्थानीय सीप, साधन मार्फत विकास निर्माणमा जोड दिने ।<br>● स्रोतको कमी हुन नदिने । |
| ● पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधारहरुको कमी वा नहुनु । | ● पर्यटनबाट स्थानीले फाईदा लिन नसक्नु ।<br>● पर्यटकहरुको आवगमन र बासमा कठिनाइ हुनु । | ● सरोकारवालहरुको विशेष ध्यान नजानु ।<br>● उपल्लो क्षेत्र राज्यको प्राथकितामा नपर्नु । | ● आवश्यकता बोध सबैमा नहुनु ।<br>● अध्ययन अनुसन्धानको अभाव ।<br>● पर्यटन सम्बन्धी कार्यक्रम शुरु नहुनु । | ● पर्यटन गुरुयोजना तयार गरी लागु पर्ने ।<br>● गरिबी निवारण र रोजगारका लागि पर्यटन उद्योगलाई महत्व दिने ।<br>● होटल, क्याम्प साईटहरु निर्माण गर्ने । |
| ● पौराणिक ऐतिहासिक सम्पदाको उचित | ● बहुमूल्य पौराणिक सम्पदाहरु लोप हुने र | ● स्थानीय र अन्य सरोकारवालाहरुको | ● आर्थिक स्रोतको कमी । | ● गुम्बाको उचित संरक्षण, सुधारका लागि समन्वय र स्रोतको व्यवस्थापन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| संरक्षण हुन नसकेको । | नासिने बढदो क्रममा । | संरक्षणमा ध्यान नपुग्नु ।<br>● सम्पदाको महत्व थाहा नपाउनु । | ● स्थानीय बासिन्दाको बेवास्थापन ।<br>● सरकारको उदासिनता । | ● सम्पदा संरक्षण समिति गठन परिचालन गर्ने ।<br>● प्रशासन र सुरक्षा निकायहरुसँग समन्वय गरी सुरक्षाको सुनिश्चिता गर्ने ।<br>● सुचना र संचारलाई आधारभूत आवश्यकता भित्र राखिनु पर्ने । |

**४. जनसंख्या र बस्ती विकास तथा वातावरण (Demographic, Settlement, Environment, ....)**

| प्रमुख समस्या | तत्कालीन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| ● जडिबुटी चोरी निकासी | ● राजस्वमा कमी ।<br>● जडिबुटी लोप हुनु । | ● बैकल्पिक आयको उपाय नहुनु ।<br>● बढी दस्तुर भएकाले ।<br>● सम्बन्धित निकायहरु टाढा भएकोले । | ● गरिबीको सघनता ।<br>● नीति नियम बारे जानकारी नहुनु ।<br>● राज्यको उपस्थिति नहुनु । | ● बन उपभोक्ता समूहलाई क्रियाशिल बनाउने ।<br>● अनुगमनमा जोड दिने । दस्तुरहरुलाई सुधार र सरलिकृति गर्ने आयआर्जनका अन्य विकल्पहरु दिने ।<br>● सरकारको उपस्थिति बढाउने । निकुन्जको निगरानी बढाउने । |
| ● वन्यजन्तु चोरी शिकारीको समस्या । | ● वन्यजन्तुको संख्यामा कमी । जनावर लोपउन्मुख हुने ।<br>● वातावरणीय असन्तुलन हुने । पर्यटन क्षेत्रमा असर । | ● आर्थिक फाइदाका लागि ।<br>● औषधिको लागि ।<br>● रोजगारी नहुँदा । | ● गरिबीको कारणले ।<br>● प्रभावकारी नियमन नहुनुले । | ● आयआर्जनका विकल्पहरु सुझाउने ।<br>● प्रभावकारी कानूनको परिपालना गराउने ।<br>● अध्ययन, अनुगमन र अनुसन्धानमा जोड दिने ।<br>● स्थानीयलाई जिम्मेवार बनाउने ।<br>● कार्यदल गठन गरी गस्ती गर्ने । |
| ● हिम पहिरोको प्रकोप हुनु । | ● जनधन, वन र वन्यजन्तुको क्षति हुने ।<br>● वातावरणमा असन्तुलन ल्याउने । | ● वन जंगलको कमीले गर्दा ।<br>● प्राकृतिक असन्तुलनले गर्दा । | ● वन विनास वा अभावले गर्दा ।<br>● भूबनोटका कारणले गर्दा ।<br>● वृक्षारोपण र सोको संरक्षण नहुनु ।<br>● चिसो र सुख्खा हावापानी | ● वृक्षारोपण, जैविक विविधताको संरक्षणमा जोड दिने ।<br>● शिक्षा र सूचनामूलक सन्देश सहितका सूचना पाटीहरु राख्ने ।<br>● प्रकोपका घटनाहरुको सूचना समयमै संचार हुने व्यवस्था मिलाउने । |
| ● उपल्लो क्षेत्रमा काठ दाउराको समस्या हुनु । | ● निर्माण कार्यमा कठिनाई ।<br>● दैनिक ईन्धन आपूर्तिमा | ● भौगोलिक बनोट जंगलको लागि उपयुक्त नहुनु । | ● सोच र स्रोतको कमी ।<br>● ग्रामीण जलविद्युत आयोजनाहरु नबन्नु वा खर्चिलो हुनु । | ● वृक्षारोपण, बैकल्पिक उर्जा जस्तै सार्य बत्ती, लघु लजविद्युत, हावाबाट बिजुली जस्ता प्रविधिहरुलाई प्रयोगमा ल्याउने । |

| | | | | |
|---|---|---|---|---|
| | समस्या । ● गुईठा बाल्नाले स्वास्थ्यमा समस्या हुने । | ● वृक्षारोपणको लागि सबै ठाउँ सुहाउदो नहुनु । | ● विद्युत र बाटोमा सबैको ध्यान नजानु । | ● बजेटको एकिकृत लगानी मिलाउने । |

## ५. संस्थागत तथा क्षमता विकास र व्यवस्थपन (Institutional/Capacity Building, Cost, Resources, Good Governance, NGOs, CBOs)

| प्रमुख समस्या | तत्कालीन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समाधानका उपायहरु |
|---|---|---|---|---|
| ● स्थानीय निकायको संस्थागत क्षमता कमजोर | ● सेवा प्रवाहमा चुस्तता र शिघ्रता हुन नसकेको । ● जनताको वरिपरी सेवा दिन नसकिएको । | ● अधिकारी प्रति जनताको चाँसो कम । ● दक्ष र कतर्व्यनिष्ठ जनशक्तिको अभाव । ● दुर्गमता, स्थान विशेष सेवा सुविधामा कमी । | ● शिक्षा र संचारको कमी । ● तालिम, अभिमुखिकरणको कमी । ● जनप्रतिनिधिहरुको अभाव । ● स्थानीयस्तरमा जनशक्ति उपलब्ध नहुनु । ● पातलो बस्ती, जिम्मेवारी बढी हुनु । | ● तालिम, अभिमुखिकरणको व्यवस्था । ● स्थानीय भाषा, संस्कृति जानेको र सम्भव भएसम्म स्थानीय जनशक्तिलाई स्थान दिने । ● भौतिक, आर्थिक स्रोत साधनको व्यवस्था गर्ने । |
| ● गैसस, नागरिक समाजको उपस्थिति न्यून र क्षमतामा कमी । | ● लक्षित समूहमा कार्यक्रम पुऱ्याउन नसकिएको । ● सामाजिक सशक्तिकरणका कार्य हुन नसकेको । ● गैससको आफ्नो भरपर्दो स्रोत नहुनु । | ● स्रोत साधनको कमी । ● नागरिक समाज शहरमा मात्र केन्द्रीय हुने । ● स्वाबलम्वी भावनाको कमी । | ● संस्थागत दिगोपनाको लागि सञ्जालको अभाव । ● दक्ष जनशक्तिको कमी । ● समन्वय र सहकार्यमा ध्यान नदिनु । | ● कार्यक्षेत्र किटान गरी लक्षित समूहमा कार्यक्रम केन्द्रीय गर्ने । ● दक्ष जनशक्ति छनौट गर्ने । ● तालिम र अभिमुखिकरण दिने । |
| ● सुशासनको अभाव । | ● सेवा सुविधा पुग्न नसकेको । | ● जवाफदेखिताको कमी । ● जिम्मेवारी र उत्तरदायित्व सँगसँगै नजानु र सूचनाको अभाव । जनसहभागितामा कमी । | ● दवाव समूहको अभाव । कमजोर नियमन । विरोध गर्ने संस्कार नहुनु । ● फितलो अनुगमन, ढिलासुस्ती, गैर जिम्वोरीपन । | ● सुशासन ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्ने । ● सूचनाको हकको प्रत्याभूमि दिलाउने । ● सूचना लिने र दिने खुला संस्कृतिको विकास गर्ने ● वित्तीय अनुशासनमा जोड दिने । |
| ● आन्तरिक स्रोत साधनको संकलन | ● स्रोतको कमी । ● केन्द्र प्रति निर्भरता । | ● वित्तीय जोखिम हुनु । ● कर र सेवामा आवद्धता | ● कर तिर्ने संस्कृतिको अभाव । ● दक्ष जनशक्तिको कमी । | ● कर र सेवा प्रवाहबीच तालमेल गराउने । ● करका दर र आधार पहिचान गरी लागु गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| परिचालन हुन नसकेको । | • विकास निर्माण प्रभावित । | नहुनु । | • जनप्रतिनिधिको अभाव । करका दर र आधारमा ध्यान नदिनु । स्रोतको पहिचान सम्बन्धमा अध्ययन नहुनु ।<br>• ऐन कानूनको कमजोर कार्यान्वयन । | • स्रोतको सही सदुपयोग गर्ने ।<br>• नियम कानूनको प्रभावकारी लागु गर्ने ।<br>• कर जनताको सेवाको लागि हो भन्ने सन्देश प्रवाह गर्ने । हाम्रो विकास हामीबाट नै भन्ने सोचको विकास गर्ने । |
| • स्थानीय निकाय, विषयगत कार्यालय र गैसस बीच समन्वय र सहभागिताको कमी । | • प्रभावकारी सेवा उपलब्ध नहुनु ।<br>• दोहोरोपन, दुरुपयोग | • काममा स्पष्टता नहुन ।<br>• अनुगमनको कमी ।<br>• नियमित छलफल, सन्पर्क र प्रतिवेदनको अभाव । | • फरक निकायका फरक ऐन, नियम लागु ।<br>• काममा एकद्वार प्रणालीको अभाव ।<br>• जिम्मेवारी स्पष्ट किटान नहुनु । | • सबैको स्पष्ट जिम्मेवारी र क्षेत्र निर्धारण गर्ने ।<br>• नियमित बैठक, छलफल, समिक्षा र सुनुवाई आयोजना गर्ने ।<br>• सरोकारवालाहरुको नक्शांकन गरी सोको आधारमा कार्य क्षेत्र किटान गर्ने । |
| • योजना निर्माण हचुवाको भरमा हुने । | • जजसहभागिता, आवश्यकता र मागमा आधारिता योजना निर्माण नुहुन । | • सहभागितामूलक योजना तर्जुमा हुन नसक्नु ।<br>• सशक्रिकरणको अभाव ।<br>• अर्थपूर्ण सहभागिता नहुनु ।<br>• प्रभावशालीहरुको प्रभाव । | • सामाजिक परिचालनको कमी ।<br>• सामाजिक सचेतिकरण नहुनु ।<br>• शिक्षाको कमी । हिनता भाव रहनु ।<br>• गरिबी, कमजोर वर्गहरुको आवाजलाई ध्यान नदिनु । | • सामाजिक परिचालन कार्यलाई अभियानको रुपमा संचालन गर्ने ।<br>• महिला, बालबालिका, दलित, जनजातिलाई केन्द्रमा राखी योजना छनौट गर्ने ।<br>• कमजोर वर्गहरुको अर्थपूर्ण सहभागितामा जोड दिने ।<br>• योजनाको सबै चरणमा सहभागिता खोज्ने ।<br>• तलदेखि माथि योजना छनौट गर्ने प्रणालीको विकास गर्ने । |

**डोल्पोबुद्ध गा.पा.को प्रमुख सम्भावना एवं अवसरहरुको विश्लेषण (Potentialities/Opportunities)**

| **१. पशुपालन व्यवसाय** | |
|---|---|
| **प्रमुख सम्भावनाहरु** | **विवरण** |
| भेडा/च्याङ्ग्रा/बाख्रापालन व्यवसाय | ● पर्याप्त चरण क्षेत्र भएकोले । हावापानी अनुकूल वातावरण रहेकोले ।<br>● आन्तरिक बजारमा खपत हुने भएकोले बजारको समस्या नहुने ।<br>● ढुवानीमा समेत प्रयोग हुनसक्ने । मासु र ऊन उत्पादन तथा प्रशोधनबाट आयआर्जन गर्न सकिने । स्थानीयस्तरमा रोजगार सृजना हुने ।<br>● गरिबी निवारणमा सहयोग पुग्ने । |
| घोडा/खच्चड व्यवसाय | ● पर्याप्त चरण क्षेत्र भएको ।<br>● ढुवानी तथा यातायातमा सहयोग हुने । पर्यटन व्यवसायमा पनि मद्दत पुग्ने । |
| याक/चौरी पालन व्यवसाय | ● पर्याप्त चरण र खुला स्थान भएको । उच्च भागमा वातावरण अनुकूलता रहेको ।<br>● ढुवानी कार्यमा सहयोग । छुर्पी, चिज, दुध उत्पादन गरी व्यवसाय संचालन गर्न सकिने । |
| छाला, ऊन उत्पादन र प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न सकिने । | ● म्याङ्गलुङ भेडा पालन गरी ऊनको उद्योग स्थापना गर्न सकिने ।<br>● रोजगारीको अवसर प्राप्त हुने । स्थानीय स्रोत, साधन र सीपको संरक्षण र विकास हुने<br>● पर्यटन व्यवसायमा पनि सहयोग पुग्ने । |
| **२. दीगो पर्यटन विकासको सम्भावना** | |
| पर्यटनको प्रचुर सम्भावना । | ● प्राकृतिक सौन्दर्यता, गुम्बाहरु, हिमाल, राष्ट्रिय निकुञ्ज, बौद्ध, संस्कृति, भाषा, संस्कार<br>● वनस्पति, जनावरहरु, हिउँ चितुवा<br>● जैविक विविधता, धर्म संस्कारको अध्ययन, अवलोकन, अनुसन्धान गर्न सकिने ।<br>● रक क्लाईम्विङ, स्नो ग्लाइडिङको सभावना । साहसिक पदयात्राको विकास गर्न सकिने ।<br>● फिल्म छायाङ्कन गर्न सकिने । मुस्ताङ्ग-डोल्पा-जुम्ला वा मुगुसम्मको पर्यटकीय रुटको विस्तार गर्न सकिने । |
| पर्यटकीय व्यवसायको विकास गर्न सकिने । | ● होटल, पसल, क्याम्प साईट, कोसेलीघरको स्थापना गर्न सकिने । होमस्टे संचालन ।<br>● आम्दानीमा सुधार, रोजगारका अवसरहरु बढ्ने ।<br>● पर्यटकीय स्थलहरुको खोज, अध्ययन, अनुसन्धान, आन्तरिक र बाह्य व्यापक प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने । |
| **३. सडक विस्तार गर्न सकिने सम्भावना** | |
| चीनको तिब्बतसम्म र मुस्ताङ्गसम्म सडक विस्तार गर्न सकिने । | ● तिन्जेबाट चीनको तिब्बतसम्मको दुरी नजिक भएकोले उत्तर दक्षिण करिडोर निर्माण गरी सडकको पहुँच पुऱ्याउने । ताकि स्थानीय उत्पादनहरुको निर्यात आयातमा सहजता आउने । |

नोटः यी माथि प्रस्ताव गरिएका तिन्जे गा.पा.का समस्या र समाधानका उपायहरु, सम्भावना र अवसरहरुका बारेमा विभिन्न अध्ययन, अवलोकन, अनुभव र आँकडाको विश्लेषण, अनुसन्धानकर्ताहरुको व्यक्त विचार, समाजका जानिफकारहरुको भनाई र विगतमा स्थानीय निकायहरु मार्फत निर्माण गरिएका आवधिक, वार्षिक र क्षेत्रगत योजनाहरुको आधारमा साभार गरिएको छ ।

**२.१.९ गा.पा.को अन्तरसम्बन्ध**

यस डोल्पोबुद्ध गाउँपालिकाको व्यापार, व्यवसाय, खेती प्रणाली, विवाहवारी, ब्रतवन्ध, विभिन्न वस्तु तथा सेवाहरु आयात निर्यात, शिक्षा, स्वास्थ्य, बसाईसराई, यातायात, रोजगारी, अध्ययन भ्रमण, अनुसन्धान, अवलोकन, प्राकृतिक स्रोत साधनहरुको उपयोग, पर्यटन उद्योग आदि विविध क्रियाकलापहरु संचालन व्यवस्थापन, विकास र विस्तार गर्ने सन्दर्भमा छिमेकी गा.पा.हरु, जिल्लाहरु लगायत अन्य समुद्रपारका देशहरुमा समेत आवश्यकताका आधारमा गा.पा.को सम्बन्ध स्थापना भएको वा गरेको पाइन्छ । तसर्थः यस गा.पा.को अन्तरसम्बन्ध देहायको तालिकामा देखाइएको छ ।

**डोल्पोबुद्ध गा.पा.को अन्तरसम्बन्ध (Inter District Linkages)**



## परिच्छेद-३
## डोल्पोबुद्ध गाउँपालिको जनसंख्या

### ३.१ जनसंख्या विवरण

| वडा | बस्तीको संख्या | वडा भित्र पर्ने बस्तको नाम | जम्मा परिवार संख्या | जनसंख्या | | | घरमुली परिवार | | | औषत परिवार संख्या (जना) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | अन्य | |
| १ | १ | धो | ८४ | २३१ | १९२ | ४२३ | ८८ | ३५ | १ | |
| २ | १ | कलाङ्ग | २४ | ६० | ४४ | १०४ | १३ | ११ | ० | |
| ३ | १ | ताक्सी | ९९ | २६४ | २५७ | ५२१ | ५४ | ४५ | ० | |
| ४ | १ | पोल्दे | ६० | १५१ | १५२ | ३०३ | १५ | ४१ | ४ | |
| ५ | १ | तिन्जे | १०० | २७८ | २३४ | ५१२ | ४१ | ६८ | १ | |
| ६ | १ | सिमेन | ११५ | २८१ | २७२ | ५५३ | २५ | ८७ | ३ | |
| जम्मा | | | | | | | | | | |

## ३.२ उमेर सम्बन्धी जनसंख्या विवरण

| वडा नं. | ५ बर्ष सम्मका जम्मा | | | ६-१० बर्षका जम्मा | | | ११-१५ बर्षका जम्मा | | | १६-२४ बर्षका जम्मा | | | २५-४५ बर्षका जम्मा | | | ४६-६० बर्षका जम्मा | | | ६१-७५ बर्षका जम्मा | | | ७६ बर्षभन्दा माथिका जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | १९ | २१ | ४० | २८ | २२ | ५० | ३४ | ३२ | ६६ | ६२ | ३२ | ९४ | ५८ | ५३ | १११ | २८ | २५ | ५३ | ११ | ६ | १७ | २ | ० | |
| २ | ७ | २ | ९ | १३ | २ | १५ | ३ | ५ | ८ | १२ | १४ | २६ | १७ | १३ | ३० | ७ | ६ | १३ | १ | २ | ३ | ० | ० | |
| ३ | २८ | २५ | ५३ | ३४ | ३३ | ६७ | ४४ | ४६ | ९० | ६२ | ५४ | ११६ | ७५ | ६८ | १४३ | २९ | २३ | ५२ | १० | ८ | १८ | ० | १ | |
| ४ | २० | २४ | ४४ | २३ | २३ | ४६ | १५ | २० | ३५ | २४ | १७ | ४१ | ३५ | ४९ | ८४ | १४ | १४ | २८ | १० | ५ | १५ | ० | ० | |
| ५ | २१ | ३१ | ५२ | ३५ | ३५ | ७० | ३९ | ३२ | ६३ | २५ | ८ | ३३ | ८७ | ७३ | १६० | ४० | ३७ | ७७ | २५ | १७ | ४२ | ६ | १ | ७ |
| ६ | ३३ | ३९ | ७२ | ३० | ३३ | ६३ | २९ | २६ | ५५ | २४ | १८ | ४२ | ८२ | ८८ | १७० | ६१ | ५५ | ११६ | २० | १२ | ३२ | १ | १ | २ |
| **जम्मा** | **१२८** | **१४२** | **२७०** | **१६३** | **१४८** | **३११** | **१६४** | **१६१** | **३२५** | **२०९** | **१४३** | **३५२** | **३५४** | **३४४** | **६९८** | **१७९** | **१६०** | **३३९** | **७७** | **५०** | **१२७** | **९** | **३** | **९** |

### ३.१.२ जातिगत जनसंख्याको अवस्थ

नेपाल एक बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश भएता पनि यस डोल्पोबुद्ध गा.पा. बसोबास गर्ने सबै बासिन्दाहरुको भाषा, रहनसहन, धर्म, संस्कृति, चालचलन एउटै भएकोले गुरुङ्ग, लामा अन्तर्गतका जनजातिहरुको बसोबास भएको पाइन्छ। अतः ती जनजाति समुदायहरुको विवरण तल प्रस्तुत गरिएको छ।

| वडा नं. | भोटे, गुरुङ्ग, लामा, जातिको जम्मा संख्या | | | दलित जातिको जम्मा संख्या | | | जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
मूलतः सम्भावित प्रमुख प्रकोपहरुमा बाढी, पहिरो, महामारी, आगलागी, खडेरी, हिमताल विष्फोट, हिमपहिरो, असिना, भुक्षय, भुकम्प र हुरी बतास पर्दछन् । सबै प्रकोपको आधारमा समष्टिगत रुपमा मुल्याङ्कन गर्दा यस डोल्पोबुद्ध गाउँपालिकामा हिम पहिरोको उच्च जोखिम रहेको छ । तसर्थ, डोल्पोबुद्ध गाउँपालिकामा ११ वटा जोखिमहरुको आधारमा मधयम संकटा सन्नताकोस्तरमा रहेको पाइन्छ । हाल बसोबास गरिरहेको सबै स्थानहरुको छैनन् । साथै गाउँपालिकाको केही स्थानहरु मध्ये सिमेन गाउँ बाढीको प्रकोपको संभावित मानिन्छ र हिमपहिरो, नदी कटानको बारेमा थप कुनै कुनै अभिलेख उपलब्ध छैन । (जिल्ला पार्श्वचित्र २०५९) ।

पुराना परम्परागत बस्तीहरु जहाँ आधारभूत सेवा सुविधाहरुको पहुँच ज्यादै न्यून छ, विकट भौगोलिक अवस्था र आधुनिक विश्वसँगको सम्पर्कको कमिका कारण बस्तीहरु निकै दयनीय अवस्थामा रहेका छन् । बस्तीहरु छरिएकाले आधारभूत सेवा सुविधाहरु पुऱ्याउन तथा पूर्वाधारका कामहरु गर्न कठिन र खर्चिलो हुनेहुँदा एकीकृत बस्ती विकास गराउनु पर्ने देखिन्छ ।

## ५.२ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने अवयवहरु हुन् । हाम्रो वर्तमान समाज र सन्दर्भमा खानेपानी र सरसफाईलाई अन्तर सम्बन्धित विषयवस्तुको रुपमा अगाँलेको पाइदैन । केवल खानेपानीलाई मात्र ध्यान दिने र सरसफाईलाई बेवास्ता गर्ने गरिन्छ । प्रत्येक बस्तीहरुमा खानेपानी आयोजनाहरु निर्माण हुने कार्य विगत लामो समय देखि हुँदै आएता पनि हालसम्म पनि व्यवस्थित तवरले ती आयोजनाहरुको व्यवस्थापन र संचालन हुन सकेको छैन । अर्को तर्फ खानेपानी र सरसफाईलाई एकिकृत ढंगले जोड दिएको अवस्था छ । जसको फस्वरुप डोल्पोबुद्ध गाउँपालिका क्रमिकरुपमा सरसफाईको अवस्थामा सुधार हुँदै गएको छ । परिणामस्वरुप मिति २०७३ असोज १४ गते डोल्पा जिल्लाको २० औं गाउँपालिकाको रुपमा खुला दिशाममुक्त घोषणा भएको छ । अतः सरसफाई आनीवानीमा परिवर्तन, स्वस्थ र सफा चर्पीको प्रयोग, घर आगँनको सरसफाई लगायत प्रत्येक विद्यालयमा बालमैत्री छात्र, छात्रा र शिक्षकहरुको अलग शौचालयहरुको निर्माण, संचालन र व्यवस्थापनमा ध्यान जान जरुरी देखिन्छ । सरसफाई विषय व्यक्ति, गाउँपालिकाको इज्जत र प्रतिष्ठान र ग्रामीण गरिबी निवारणसँग जोडिएको विषय भएकोले यस क्षेत्रमा सबैको ध्यान जानु र ध्यय हुनु अनिवार्य देखिन्छ । त्यसैले पानी जीवन हो र यसको उपलब्धता र स्वस्थ प्रयोग तर्फ सबैको ध्यान केन्द्रित गरी उचित कदम् चाल्न अव उप्रान्त ढिलो गर्नु हुँदैन । शिक्षा र ज्ञानको कमी, परम्परागत सोच, सरसफाई र खानेपानीलाई सँगसँगै जोड नदिने आदि कारणले गर्दा बस्तीहरु सरसफाईका साथै पूर्ण सरसफाई तर्फ उन्मुख हुन सकेका छैनन् । जहाँ उपचार र औषधिको अभाव भएको स्थानहरुमा सरसफाईको झन ठूलो महत्व रहेको पाइन्छ ।

बाक्लो घरहरु भएको ठाउँमा ढलको उचित निकास, धाराबाट खेर गएको वा प्रयोग भइसकेको पानीको निकासको राम्रो प्रबन्ध गर्न जरुरी हुन्छ । घरबाट निस्कने फोहोरमैलाको संकलन, व्यवस्थापन तथा स्यानिटरी ल्याण्डफिल साइटको व्यवस्था समयमै सही तरिकाले खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन, परिचालन, संस्थागत क्षमता विकास, समुदायहरुको सहभागितामा खानेपानी र सरसफाईको संचालन, व्यवस्थापनका साथै जनस्वामित्व स्थापित गर्नुपर्ने हुन्छ । यस डोल्पोबुद्ध गाउँपालिकालाई खुला दिशामुक्त गाउँपालिकाको रुपमा घोषणा भएता पनि पूर्ण सरसफाई गाउँपालिकाको नमूना समेत विकास गर्न बिलम्ब गर्नु हुँदैन । यस गाउँपालिकाको खानेपानी र सरसफाईमा पहुँचको अवस्था ३० प्रतिशत रहेको छ । तसर्थः डोल्पोबुद्ध गाउँपालिकामा खानेपानीको अवस्थालाई तालिकामा चित्रण गरिएको ।

### ५.२.१ खानेपानी स्रोतको विवरण

| वडा नं. | बस्तीको नाम | पाइपको धाराको पानी प्रयोग गर्ने जम्मा परिवार | ट्युबवेलको पानी प्रयोग गर्ने जम्मा परिवार | इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने जम्मा परिवार | नदी, कुलो, नहर पोखरीको पानी प्रयोग गर्ने जम्मा परिवार |
|---|---|---|---|---|---|
| १ | धो | 84 | खानेपानीको स्रोत प्रयोग नभएको । | | 80 |
| २ | कलाङ्ग | 24 | | | 24 |
| ३ | ताक्सी | 25 | | | 99 |
| ४ | पोल्दे | 0 | | | 60 |
| ५ | तिन्जे | 1 | | | 99 |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सिमेन | 62 | | | 53 |
| | जम्मा | 196 | | | 415 |

**५.२.२ पानी ल्याउन लाग्ने समयको विवरण**

| वडा नं. | बस्तीको नाम | खानेपानी घरैमा पानी उपलब्ध भएका परिवार | खानेपानी ल्याउन १५ मिनेटसम्म लाग्ने परिवार | खानेपानी ल्याउन १५-३० मीनेट समय लाग्ने परिवार |
|---|---|---|---|---|
| १ | धो | 6 | 59 | 19 |
| २ | कलाङ्ग | 11 | 13 | 0 |
| ३ | ताक्सी | 0 | 25 | 74 |
| ४ | पोल्दे | 0 | 35 | 25 |
| ५ | तिन्जे | 1 | 24 | 75 |
| ६ | सिमेन | 0 | 58 | 57 |
| | जम्मा | 18 | 214 | 250 |

**५.२.३ शौचालय र प्रकार**

स्वास्थ्य र सरसफाई विषय समाजको सम्मान, संस्कृति र इज्जसँग गाँसिएको विषय भएको हुनाले मानिसको लागि ज्यादै ठूला महतव रहँदै आएको छ । समग्र बस्तीहरुमा खानेपानी र सरसफाई विषयलाई एकिकृत र समान ढंगले आत्मसाथ नगर्दा सरसफाई विषय सधै र सबैको उपेक्षाको विषय बन्दै आएको परिवेश र खुला स्थानमा दिसा गर्ने प्रचलन मानव विकासको क्रमसँगै चलिआएको अवस्थामा सरसफाईलाई समन्यातमक र सफलताका साथ अगाडि बढाउनु पर्ने आवश्यकता खड्किदै आएको छ । कमजोर सरसफाईको कारणले गर्दा विभिन्न प्रकारका फोहोरजन्य रोगहरुको संक्रमण भै झाडापखाँला, आउँ र हैजा जस्ता महामारी रोगहरु फैलिने र जनधनको ठूलो क्षति भएको र हुने अवस्था सिर्जना हुनेहुँदा पछिल्लो समयमा सरसफाई विषयलाई स्थानीय देखि केन्द्रीयस्तरसम्म समान महत्व दिँदै आएको अवस्था छ । सरसफाई सम्बन्धी स्रह शताव्दी विकास लक्ष्यलाई केन्द्रीत गरी डोल्पा जिल्लालाई पनि सन २०१६ सम्म खुला दिसामुक्त जिल्लाको रुपमा घोषण गर्ने लक्ष्य अनुसार यस डोल्पोबुद्ध गाउँपालिकालाई पनि सोही सरसफाई सम्बन्धी लक्ष्य पुरा गर्ने अभियान अन्तर्गत खुला दिशामुक्त गा.पा. घोषण गरिएको छ ।

सरसफाई सम्बन्धी विभिन्न सरोकारवाला निकायहरु जिल्ला खानेपानी तथा सब डिभिजन कार्यालय, जिल्ला समन्वय जिल्ला प्राविधिक कार्यालय, एसएनभी, युनिसेफ, किर्डाक, गा.पा. तथा आम उपभोक्तहरुको सामुहिक र एकीकृत प्रयासले तिन्जे गाउँपालिकाको क्षेत्रमा उल्लेखिय सफलता हासिल गरेको छ । फलस्वरुप पूर्ण सरसफाईको प्रारम्भिक चरण अन्तर्गतको खुला दिशामुक्त गा.पा. डोल्पाको २३ गा.पा.मध्येको २० औं गा.पा.को रुपमा वि.स. २०७३ असोज १४ गते घोषण कार्य सम्पन्न भएको छ (स्रोत ODF Status किर्डाक डोल्पा, २०७३) । प्रत्येकको घर घरमा शौचालय, आवश्यक चर्पीका सामानहरुको व्यवस्था, सरसफाई आनीवानीमा परिवर्तन, स्वस्थ र सुरक्षित प्रयोगलाई समेत ध्यान दिइने तथ्य र तर्क गा.पा.का वर्षेनी सम्पन्न भएका परिषद्का निर्णयहरुमा समेत उल्लेख गरिएको पाइन्छ । अत: बस्ती मात्र नर्भ सम्पूर्ण विद्यालयमा समेत बालमैत्री, अपाङ्गमैत्री र लैङ्गीकमत्री चर्पीको निर्माण र प्रयोगलाई समेत जोड दिनुपर्ने देखिन्छ । यसरी डोल्पोबुद्ध गा.पा.मा हालसम्म बस्तीमा निर्माण भएका शौचालयको विवरण यस प्रकार छन् ।

| वडा नं. | बस्तीको नाम | जम्मा परिवार संख्या | शौचालय भएको जम्मा परिवार संख्या | | | शौचालय नभएको परिवार संख्या | वायोग्यासमा शौचालय जडान भएको संख्या | ढालमा शौचालय जडान भएको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | जम्मा | | | |
| १ | धो | 84 | 7 | | 7 | 77 | gePsf] | |
| २ | कलाङ्ग | 24 | | | | 24 | gePsf | |
| ३ | ताक्सी | 99 | 5 | | 5 | 94 | gePsf | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पोल्दे | 60 | 55 | | | 5 | gePsf | |
| ५ | तिन्जे | 100 | 90 | | | 10 | gePsf | |
| ६ | सिमेन | 115 | 27 | | | 88 | gePsf | |
| | जम्मा | 482 | 184 | | 12 | 298 | | |

**५.३ उर्जा प्रयोग**

डोल्पोबुद्ध गाउँपालिकामा उर्जाको सन्दर्भमा सबै बस्तीहरुमा विद्युतीय सेवा सर्वथा अभाव रहेको छ । यस गा.पा. लगायत सिंगो डोल्पा उर्जामा उल्लेख्य प्रचुरता हुँदाहुँदै पनि उर्जाको विकास एवं उपयोग प्रचुर मात्रामा गर्न सकिएको छैन् । ठूलो भूगोल, पातलो बस्ती र सडक यातायातको अभावले केन्द्रीय ग्रीड लाईनबाट विद्युत प्रसारण गर्न तत्काल कठिन हुने देखिन्छ । खाना पकाउन, बत्ती बाल्न, न्यानोपन कायम गर्न, अध्ययन गर्न विभिन्न आयाआर्जनका काम गर्न र दैनिक जीवनलाई प्रविधिमुखी बनाउनका लागि समेत उर्जाको आवश्यकता पर्दछ । तथापिः पछिल्लो समयमा सामुदायिक सहभागितामा साना तथा लघु जलविद्युत आयोजनाहरुको पहल गरिएता पनि साथर्कता भने हासिल हुन सकेको छैन् । लगानी बढी उत्पादन र उपभोग कम, खर्चिलो बाटोको ढुवानी र छरिएको बस्ती आदि जस्ता चुनौती रहदारहदै पनि नविकरणीय उर्जा अन्तर्गत उज्यालोको लागि सोलार बत्ती मार्फत ग्रामीण जीवनस्तर गुर्जी रहेको छ । घरायसी इन्धनको रुपमा गाउँपालिकाका बासिन्दाहरुले काठ दाउरा र गुईठाको (गाई, चौरीको गोबर) प्रयोग परापूर्व कालदेखि गर्दै आएको पाइन्छ ।

**५.३.१ विद्युत सेवा उपलब्ध परिवार**

पातलो बस्ती, भौगोलिक दुर्गमताको कारणले गर्दा सबै बस्तीहरुमा विद्युतीकरणको सम्भावना ज्यादै न्यून रहेको देखिन्छ । तसर्थ यस डोल्पोबुद्ध गाउँपालिकाका सहज, सुलभ र शिघ्रताका साथ सौर्य बत्तीको भने अवसर रहेको छ । अतः तिन्जे गाउँपालिकामा विद्युत सेवा उपलब्धताको अवस्थाका बारेमा विश्लेषण गर्नुपर्दा सोलार वा सार्य उर्जाबाट उर्जा सेवाको व्यवस्था भइरहेको छ । अझ विस्तृत तरिकाले विद्युत र सौर्य सेवा उपलब्धताको अवस्था यस प्रकार रहेको छ ।

| वडा | राष्ट्रिय प्रसारणबाट विद्युत सेवा प्राप्त | लघुजल विद्युत गृहबाट सेवा प्राप्त | सौर्य उर्जाबाट सेवा प्राप्त | वायो ग्याँसबाट सेवा प्राप्त | विद्युत सेवा नुपुगेको परिवार | अन्य स्रोत | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| 1 | सिङ्गो गा.पा. राष्ट्रिय प्रसारण लाइनबाट तत्काल विद्युत सेवाको पहुँचायस नै देखिँदैन । | लघुजल विद्युतको सेवा उपलब्ध छैन । | 84 | उपयुक्त भए नभएको बारे कुनै अध्ययन, अनुसन्धान समेत नभएकोले यो | 84 | | 84 |
| 2 | | | 19 | | 25 | 6 | 25 |
| 3 | | | 99 | | 99 | | 99 |
| 4 | | | 60 | | 60 | | 60 |
| 5 | | | 97 | | 97 | 3 | 97 |
| 6 | | | 109 | | 115 | 6 | 115 |
| | जम्मा | | 468 | | 480 | 15 | 480 |

**५.३.२ बत्तीको स्रोत**

| वडा नं. | बस्तीको नाम | सोलारबाट बत्ती बाल्ने परिवार | पानी घट्ट तथा लघु जल विद्युतबाट वत्ती बाल्ने परिवार | दियाँलो वा अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | धो | 84 | नभएको | | 84 |
| २ | कलाङ्ग | 24 | | 6 | 24 |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ताक्सी | 99 | | | 99 |
| ४ | पोल्दे | 60 | | | 60 |
| ५ | तिन्जे | 100 | | 3 | 100 |
| ६ | सिमेन | 115 | | 6 | 115 |
| | जम्मा | 482 | | 15 | 482 |

### ५.३.३ खाना पकाउने इन्धनको किसिम सम्बन्धी विवरण

यस गाउँपालिका पनि डोल्पा जिल्ला अन्तरगत नै पर्ने गा.पा. भएकोले र भौगोलिक विकट्ता, यातायातको अभाव, खर्चिलो जीवन पद्धति आदिका कारणले गर्दा सिङ्गो गा.पा. इन्धनको रुपमा गुईठा र आशिंक रुपमा दाउराको प्रयोग मात्र प्रयोग गरेको पाइन्छ ।

### ५.३.४ दाउराको स्रोत

गाउँपालिकाको सम्पूर्ण बस्ती इन्धनको रुपमा ज्यादै न्यन मात्रामा दाउराको प्रयोग एवं उपलब्धता हुने र ती दाउराहरु सामुदायिक वन क्षेत्रबाट संकलन गर्ने गरेको पाइन्छ । गाउँपालिकामा निजी वनको अस्थित्व नरहेको देखिन्छ ।

### ५.३.५ चुल्होको प्रकार

मूलतः यस गाउँपालिकाका सबै घरधुरीले खाना पकाउने, ताप पैदा गर्ने, पानी तताउने आदि कार्यमा केही घरघुरीमा परम्परागत प्रकारको अगेने चुल्होको प्रयोग र अधिकांश घरधुरीहरुमा उल्लेख्य मात्रामा सुधारिएको फलामको चुल्हो प्रयोग गरेको पाइन्छ । सिमित घरधुरीले मात्र अगेनोको चुल्हो प्रयोग गरेको देखिन्छ । यसरी उच्च हिमाली भेगमा फलामको चुल्हो निकै उपयोगी सिद्ध भएको र जुन चुल्होको प्रयोग गर्दा स्वस्थ्यका लागि फाइदाजनक र इन्धनको किफायती, समयको बचत हुने र अगेनो चुल्होबाट धेरै धुवाँ निस्कने स्वास्थ्यमा लागि फाइदा जनक र इन्धनको किफायती, समयको बचत हुने र अगेनो चुल्होबाट धेरै धुवाँ निस्कने स्वास्थ्यमा प्रतिकूल असरहरु जस्तै खोकी, दम, फोक्सो, आँखाको रोग फैलिने सम्भावना बढी हुने तथ्य विभिन्न अध्ययन र अनुसन्धानबाट प्रमाणित भएको छ । यसरी डोल्पोबुद्ध गाउँपालिकाका बासिन्दाहरुले प्रयोग गरेका चुल्होका प्रकारहरु प्रयोगकर्ता घरधुरीहरु यस प्रकार रहेका छन् ।

| वडा नं. | बस्तीको नाम | अगेनो वा माटोको चुल्हो प्रयोग गर्ने परिवार संख्या | धुवाँ रहित चुल्हो प्रयोग गर्ने परिवार संख्या | जम्मा परिवार संख्या |
|---|---|---|---|---|
| १ | धो | 1 | 83 | 84 |
| २ | कलाङ्ग | 3 | 21 | 24 |
| ३ | ताक्सी | | 99 | 99 |
| ४ | पोल्दे | | 60 | 60 |
| ५ | तिन्जे | | 100 | 100 |
| ६ | सिमेन | 1 | 114 | 115 |
| | जम्मा | 5 | 477 | 482 |

### ५.३.६ पानी घट्ट तथा मिल सम्बन्धी विवरण

यस डोल्पोबुद्ध गाउँपालिकामा आफ्नो खेतबारीमा उत्पादित अन्नहरु गहुँ, जौं, फापर, उवाँ आदिको पिसानीको लागि परम्परागत र सुधारिएका पानी घट्टको प्रयोग गरिने भएता पनि हालसम्म सुधारिएको आधुनिक घट्टको जडान र व्यवस्थापन कार्य हुन सकेको छैन । परम्पागत घट्टको स्थानमा आधुनिक सुधारिएको घट्ट जडान गर्दा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट अनुदानको व्यवस्था भएता पनि सुधारिएको घट्ट प्रतिको महत्व र उपाँदेयता बारे जानकारी नहुँदा आवश्यक सीप र प्रविधि उपलब्ध नुहँदा उत्पादित अन्नहरु हाते जातो मार्फत पिसिएको साँतु, भुटेको अन्न (

खाजा) को रुपमा प्रयोग गर्ने प्रचलन रहेको छ । सुधारिएको पानी घटट् जडान हुँदा बालबालिका र महिलाहरुको कार्य बोझमा कमी आउने, स्थानीयस्तरमा रोजगार सृजना हुने, स्थानीय सीप, स्रोतको उपयोग हुने, नविकरणीय उर्जाको प्रयोग हुने र बचेको समय अनय आय आर्जनको काममा प्रयोग गरी गरिबी निवारणमा टेवा पुग्ने हुँदा आगामी दिनमा स्थानीय निकाय र विभिन्न संघ संस्थाहरुको सहकार्यमा पानी घट्टको जडान गरी संचालन गर्नुपर्ने जरुरी देखिन्छ ।

## ५.४ संचार सुविधा

आजको विश्वव्यापीकरण, उदारीकरण र अन्तर्राष्ट्रियकरणका साथै आधुनिकीकरणको युगमा मानिस संचार र सम्पर्क विहिन अवस्थामा न आफू रहन सक्छ न आफ्न्तहरुलाई राख्न नै सक्छ । बरु नाना र छानमा लाग्ने खर्चमा कटौती गरेर भए पनि संचारमा आफ्नो उपस्थिति देखाउनु पर्ने समय आएको छ । आज जो हरक्षण र समयमा संचारको पहुँचमा रहन सक्दैन त्यसले धेरै सम्पति, शक्ति, अवसर र स्रोत गुमाई सकेको हुन्छ र हुन सक्छ । विश्वमा हरेका प्रकारका उतार चडाब, आरोह अवरोह क्षणभरमा आईरहेका हुन्छन् र त्यसले प्रत्येकको जनजीवनमा कुनै न कुनै प्रकारले प्रभाव र असर पारिरहेको हुन्छ । उक्त आरोह अवरोह स्वमं व्यक्ति र समाजका लागि अवसर र अफठ्यारा दुवै वा कुनै एक हुन सक्छ र त्यस उपर बेलैमा जानकारी साहित गरी सो अनुसार आफूले तयारीका साथ काम गर्नुपर्ने हुनसक्छ वा हुन्छ । सूचना एवं संचारको यस्तो विशाल र व्यापक महत्व र मर्म हुँदाहुँदै पनि डोल्पा जिल्ला जस्तो भौगोलिक विकट्तामा विरक्तिएका ती गाउँ बस्तीहरुमा आजसम्म पनि संचारको कुनै बलियो आधार र उपस्थिति छैन् । जुनस्तर र अवस्थामा संचारको पहुँच र प्राप्ती हुनुपर्ने हो सो हुन सकेको छैन् ।

गाउँपालिकामा एउटा मात्र भिस्याट टेलिफोन लाईन रहेको र भौगोलिक रुपमा विकट रहेको, सडक यातायात सेवा नभएको, हवाई सेवा निकै टाढा त्यो पनि भरपर्दो, विश्वसनीय नभएको, एक बस्तीबाट अर्को बस्ती बीचको दुरी धेरै लामो रहेकोले ग्रामीण जनस्तरलाई जोड्ने माध्यम भनेको नै संचारका प्रविधि भएकोले टेलिफोन र मोबाईल सेवाको विकास र विस्तार अबिलम्वब गरिनु पर्ने फलस्वरुप पर्यटन व्यवसायमा अपेक्षित सुधार आउने गाउँपालिकाका साथै जिल्लामा हेका साँस्कृतिक, धार्मिक, ऐतिहासिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्न सकिने, संचारले जीवनशैलीलाई सहज र सुगम तुल्याउने अवसरहरु रहेका छन् । यातायातको सुविधा उपलब्ध नभएको ठाउँमा आम संचारको महत्व अझ बढी रहन्छ । संचारले विश्वलाई नजिक ल्याएको हुन्छ । संचारका विभिन्न साधनहरुमा विद्युतीय र छापाहर पर्दछन् । टेलिफोन, इन्टरनेट, हुलाक, टेलिभिजन र पत्रपत्रिकाहरु समेत रहेका छन् । तसर्थः यस डोल्पोबुद्ध गा.पा.मा हालसम्म उपलब्ध भएका निजी संचारका साधनहरुको अवस्था र विवरण यस प्रकार रहेको छ ।

| वडा नं. | बस्तीको नाम | रेडियो-क्यासेट भएका परिवार | टि.भि. भएका परिवार | मोवाईल फोन भएका परिवार | कम्प्युटर भएका परिवार | इमेल इन्टरनेट भएका परिवार |
|---|---|---|---|---|---|---|
| १ | धो | | 1 | 62 | | कुनै पनि घरधुरीमा कम्प्युटर र इमेल इन्टरनेट सुविधा नभएको । |
| २ | कलाङ्ग | | 2 | 21 | | |
| ३ | ताक्सी | 1 | | 98 | 2 | |
| ४ | पोल्दे | 9 | 17 | 65 | | |
| ५ | तिन्जे | 13 | 16 | 101 | | |
| ६ | सिमेन | 2 | 1 | 115 | | |
| | जम्मा | 25 | 37 | 462 | 2 | |

### ५.४.२ सार्वजनिक संचारका साधनको विवरण

समकालीन विश्व जगतमा विश्वव्यापीकरण, निजीकरण र उदारिकरण जस्ता अवधारणाले बलियो पञ्जा फैलाउदै लगेको सन्दर्भमा सूचना नै उर्वोउत्कृष्ट शक्ति र सम्पत्ति (Power and Property) पनि हो । आजको २१ औं शताब्दीमा सूचना एवं संचारको क्षेत्रमा नाटकीय ढंगले विकास र विस्तार भएता पनि हालसम्म यस सिङ्गो तिन्जे गाउँपालिकामा सार्वजनिक टेलिफोन सेवा (Public Call Office) विगतमा जडान भै संचालन भएको भएता पनि अन्य कुनै पनि प्रकारका साइवर क्याफे, टेलिसेन्टर, टेलिभिजन नेटवर्क, ईमेल तथा ईन्टरनेट र कुरीयर सेवाको

व्यवस्था पनि उपलब्ध हुन सकेको छैन । यद्यपिः नेपाल स्याटलाइट टेलिकम मोबाईल सेवा (Hello Nepal) विगत विर्षमा संचालनमा रहेको भएता पनि हाल बन्द अवस्थामा रहेको छ । डोल्पोबुद्ध गाउँपालिकामा इलाका हुलाक कार्यालको स्थापना भै कर्मचारीहरु कार्यरत रहेता पनि हुलाक मार्फत चिठ्ठीको आदान हुने प्रचलन छैन ।

## ५.५ सडक तथा पुल

### ५.५.१ सडक सुविधा सम्बन्धी विवरण

विकासका लागि यातायात मुख्य मेरुदण्ड हो । अन्य विकास र विस्तारका लागि समेत यातायात ए महत्वपूर्ण पूर्वाधार वा आधार हो । कुनै पनि स्थान विशेषको समृद्धि र विकासको लागि पहिलो शर्त भनेको नै बाटो अनि बिजुली हो जसले अन्य बाँकी दुनियासँग जोड्न, प्रविधिलाई भित्र्याउन र अर्थतन्त्रलाई चलायमान बनाउन, गाउँ र बजारलाई सम्बन्ध स्थापित गर्न, गाउँमा उत्पादित बस्तु, सेवा बजारमा पुऱ्याउन, बजारबाट प्रविधि, सीप र अनुभव गाउँमा ल्याउन समेत सडकले सहयोग गर्दछ । तर हालसम्म पनि डोल्पा जिल्ला सडक यातायातको संजालमा जोड्न नसकिएको कटु यर्थातका माझ जिन्जे गा.पा. सड्क सञ्जालमा जोडिने अवस्था नै रहदैन् । त्यसैले डोल्पोबुद्ध गा.पा.का बासिन्दाको बर्तमान आगमनको दिनचर्या केबल घोरेटो र गौरेटो बाटोको जीव्नशैलमा चलिरहेको छ । अतः तत्काल नै सडक मार्गमा गाउँपालिकालाई जोड्ने सम्भावना पनि देखिदैन । जबसम्म डोल्पा जिल्ला सदरमुकामलाई सडक मार्गले छुदैन । तसर्थः सबै गा.पा.का बासिन्दाहरु आफूहरु सडक संजालमा सयर गर्ने भन्दा पनि यथासक्य छिटो जिल्ला सदरमुकामलाई सडक यातायातको राष्ट्रिय सञ्जालमा समावेश गरेको हेर्न आतुर छन् र तथापि, स्थानीय सरकार र केन्द्र सरकारले अबिलम्ब सुझबुझका साथ तदरुकता देखाई यो बहुआयमिक सडक विस्तारको कामले प्रतिफल दिन सफल रहोस यही नै समग्र तिन्जे बासी सहित डोल्पाबासीको चाहना अनि आवश्यकता पनि हो ।

सडक यातायात सुविधा नहुँदा जिल्ला भित्र आवगमन गर्दा गोरेटो र घोरेटो बाटो प्रयोग गर्न जनता विवश छन् भने बाह्य जिल्लासँगको सामिप्यतामा आउनको लागि खर्चिलो हवाई सेवा प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । डोल्पाको एक मात्र हवाई सेवा उपयोग गर्न जुफाल एयरपोर्ट (तिन्जेबाट ६६ कोष टाढा) पुग्नुपर्ने, समयमै सजिलै टिकट नपाईने, नियमित उडान नहुने, कच्ची र उच्चस्तरीय उपकरणको अभावले गर्दा यात्रुहरु थप पिँडा खेप्न विवश छन् । सडक सुविधा नहुँदा जिल्ला भित्र सामान ओसारपसार गर्न याक, झोवा र खच्चडको प्रयोग गरिन्छ भने बाह्य जिल्लाबाट आवगमन गर्न, पर्यटकहरु यात्रा गर्न, आकस्मिक उद्धार गरी उपचार गर्न र सामान ओसार्न खर्चिलो साधन हेलिकप्टरको समेत प्रयोग गरिन्छ ।

सडकको अभावमा आवतजावत गर्न कठिन, जिल्ला बाहिर निकासी र आयत हुने बस्तु र सेवामा अधिक खर्च र समय लाग्दा सामानहरु महँगो पर्ने, बाटोको अभावमा बिजुली लगायत सामाजिक र आर्थिक क्रियाकलापहरु संचालन गर्न कठिनाई हुने हुँदा हाल जिल्लामा उपलब्ध हवाई सेवाको स्तर वृद्धिका साथै उपल्लो भेगमा समेत एउटा विमानस्थल निर्माण गरी हवाई सेवा सुचारु गर्नुपर्ने र चीनको उत्तरी नाकालाई व्यवस्थित तरिकाले संचालन गरी व्यापारिक नाकाको रुपमा विकास गरेमा समग्र अर्थतन्त्रको आधार समेत तयार हुने देखिन्छ ।

| क्र.सं. | बाटोको नाम | विवरण | दुरी (दिन) | दुरी (कि.मी.) | बाहिरी जिल्लामा पर्ने दुरी (कि.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | *f]Nkf ^्]lsङ ;ls{^ | h'kmfn,b'g},zx/tf/f wf],kmf]S;'G*f] | 9 | 132 | | |
| 2 | ofs So/fefg ^्]n | %fsf{,wf],;fnbfङ,] kmf]S;'G*f] | 8 | 120 | | |
| 3 | %fsf{ ^्]n | hf]d;f]d,sfua]gL%fsf{, wf] zx/tf/f x'b} b'g} | 9 | 139 | | |
| 4 | Sof/fefg af^f] | ltAatsf] dfङ्गf] %f]qmf -c:yfoL ahf/ km]lGr df]l/d ltGh] wf] zx/tf/f x'b} b'g} | 5 | 75 | 20 | k\|:tfljt af^f] |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | v'Dnf eGHofङ af^f] | ltAatsf] Sof^f] %f]qmf -c:yfoL ahf/ v'Dnf eGHofङ ],;fnbfङ,] kmf]S;'G*f] wf] x'b} b'g | 5 | 75 | 25 | Aofkfl/s df};dL af^f] aiff{ofddf dfq rfn' /xg] |
| 6 | Sof/fefg af^f] | ltAatsf] dfङ्गf] %f]qmf -c:yfoL ahf/ k]m]lGr df]l/d ltGh] wf] x'b} b'g} | 5 | 75 | 20 | pत्त/blIf)f k\|:tfljt df]^/ af^f] |

**५.५.२ पुल र झोलुङ्गे पुलहरु सम्बन्धी विवरण**

डोल्पा जिल्ला अन्तर्गतका २३ गा.पा. मध्येको यो डोल्पोबुद्ध गा.पा. दुर्गमा एवम् उच्च हिमली तथा पहाडी क्षेत्र भएको, ठूला नदी एवम् खोलाहरु भएको बस्तीहरु बीचको दुरी टाढा भएको तथा पर्यटकहरुका लागि विशेष गन्तव्य हुनसक्ने भएको हुनाले साना साना काठेपुलहरु मात्र रहेको र झोलुङ्गे पुलहरुको व्यवस्था हालसम्म पनि हुन सकेको छैन् । तसर्थ यस झोलुङ्ग पुलहरुको निर्माण हुन सकेमा गा.पा.को मात्र नभएर समग्र जिल्लाको लागि रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण (Strategic Importance) देखिन्छ ।

| नाम | स्थान | जोडिने बस्तीहरुको नाम | नदी वा खोलाको नाम | कुल लम्वाई (मि.) | हालको अवस्था |
|---|---|---|---|---|---|
| सिमेन पुल (२ वटा) | तिन्जे | सिमेन र साल्दाङ्गको कोमास गाउँ जोड्ने | पाजङ्ग लोला | | चालु |
| फाल्दार | तिन्जे | | फाल्दार खोला | | चालु |
| तिन्जे | तिन्जे | | फाल्दार खोला | | चालु |
| छेवर काठेपुल | धो | | तरापखोला | | चालु |
| नावरपानी काठेपुल | धो | | तरापखोला | | चालु |
| पेभुक काठेपुल | धो | | तरापखोला | | चालु |
| पेभुक काठेपुल | धो | | तरापखोला | | चालु |
| मिरक्याप काठेपुल | धो | | तरापखोला | | चालु |
| सिसौल काठेपुल | धो | | तरापखोला | | चालु |
| कलाङ्ग काठेपुल | धो | | तरापखोला | | चालु |
| धो काठेपुल | धो | | तरापखोला | | चालु |
| ताक्यु काठेपुल | धो | | तरापखोला | | मर्मत गर्नुपर्ने |
| झोलुङ्गे पुलहरु ट्रस ब्रिज | | | | | |
| सिलुङखोला झोलुङ्गे पुल | तिन्जे | | मुगु कर्णाली | | २०७४ मा सम्पन्न |
| काङडोमा झोलुङ्गे पुल | तिन्जे | | पोल्दे खोला | | २०७४ मा सम्पन्न |
| छेवर झोलुङ्गे पुल | धो | | धो खोला | | मर्मत गर्नुपर्ने |
| नावरपानी झोलुङ्गे पुल | धो | | धो खोला | | मर्मत गर्नुपर्ने |

## परिच्छेद-६
## आर्थिक विकास

### ६.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

विकासका विभिन्न आयामहरु मध्ये आर्थिक आयाम पनि एक महत्वपूर्ण हो । जस अन्तर्गत कृषि, उद्योग, व्यापार, वाणिज्य, पर्यटन, श्रम, रोजगारी, गरिबी निवारण, सहकारी, बैंक तथा वित्तीय संस्थाहरु आदि विषय क्षेत्रहरु समावेश गरिएको हुन्छ । डोल्पोबुद्ध गा.पा. सहित उपल्लो डोल्पा अधिक चिसो शुष्क हावापानी भएकोले धेरै समय हिउले जमीन ढाक्ने र माटोको आद्राता कम हुने हुँदा गहुँ, उवाँ, फापर र आलुको मात्र वर्षको एक पटक उत्पादन हुन्छ । डोल्पा जिल्लाको कुल जनसंख्याको ९५ प्रतिशत जनसंख्या कृषिमा आश्रित रहेको तथ्याकं पाईएता पनि यस डोल्पोबुद्ध गा.पा.मा पनि देहाय अनुसार पेशमा सम्लग्न हुनेको विवरण देखाईएको छ ।

#### ६.१.१ पेशामा संलग्न विवरण

| वडा नं. | बस्तीको नाम | कृषि (खेती तथा पशुपालन) | | | व्यापार | | | जागिर | | | ज्याला मजदुरी | | | उद्योग | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | धो | 109 | 76 | 185 | 8 | 6 | 14 | 1 | 0 | 1 | 0 | 0 | 0 | | | | 118 | 82 | 200 |
| २ | कलाङ्ग | 30 | 28 | 58 | | | | | | | | | | | | | 30 | 28 | 58 |
| ३ | ताक्सी | 130 | 100 | 230 | 5 | 6 | 11 | 5 | 3 | 8 | | | | | | | 135 | 114 | 249 |
| ४ | पोल्दे | 95 | 68 | 163 | 4 | 4 | 8 | 2 | 3 | 5 | | | | | | | 102 | 75 | 177 |
| ५ | तिन्जे | 177 | 106 | 283 | 11 | 14 | 25 | 2 | 2 | 4 | | | | | | | 190 | 122 | 312 |
| ६ | सिमेन | 190 | 149 | 339 | 16 | 14 | 30 | | | | | | | | | | 206 | 163 | 369 |
| | जम्मा | 731 | 527 | 1258 | 44 | 44 | 88 | 10 | 8 | 18 | 0 | 0 | 0 | | | | 781 | 584 | 1365 |

#### ६.१.२ युवा रोजगारी सम्बन्धी विवरण

| वडा नं. | बस्तीको नाम | १६-२४ उमेर समूह रोजगारीमा संलग्न संख्या | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि (खेती तथा पशुपालन) | | | व्यापार | | | जागिर | | | ज्याला मजदुरी | | | उद्योग | | | जम्मा | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | धो | 21 | 9 | 30 | | | | | | | | | | | | | 47 | 36 | 83 |
| २ | कलाङ्ग | 7 | 8 | 15 | | | | | | | | | | | | | 7 | 8 | 15 |
| ३ | ताक्सी | 31 | 16 | 47 | | | | | | | | | | | | | 31 | 16 | 47 |
| ४ | पोल्दे | 27 | 13 | 40 | | | | | 2 | 2 | | | | | | | 27 | 15 | 42 |
| ५ | तिन्जे | 49 | 22 | 71 | 6 | 3 | 9 | 2 | 1 | 3 | | | | | | | 57 | 26 | 83 |
| ६ | सिमेन | 40 | 24 | 64 | 3 | 4 | 7 | | | | | | | | | | 43 | 28 | 71 |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | 175 | 92 | 267 | 9 | 7 | 16 | 2 | 3 | 5 | | | | | | | 212 | 129 | 341 |

**६.१.३ रोजगारीका लागि विदेशमा गएकाहरुको विवरण**

वर्तमान समयमा हजारौं युवाहरु रोजगारको सिलसिलामा अरेबियन एवं खाडी मुलक लगायत अन्य समुद्रापारका देशमा जान स्थल र हवाई मार्गबाट दिनहु लावा लस्कर लाग्नुका साथै देशको अर्थतन्त्र समेत अहिले बिप्रेषण (रेमिट्यान्स) बाट धानेको अवस्थामा यस डोल्पोबुद्ध गाउँपालिकामा भने केही आशिंक युवा युवतीहरु रोजगारको क्रममा विदेशीएको पाइन्छ । स्वदेशमा श्रमको सम्मान र रोजगारको अवसर नपाइने भन्दै विदेश दौडिदा रोजगार कम्पनी र म्यानपावर एजेन्सीहरुबाट हुने ठगी, विदेशमा जोखिमपूर्ण काम गर्ने, अनावश्यक दुःख कष्ट झेल्ने आदि विविध समस्याहरुबाट बैदेशीक रोजगारमा जाने युवाहरु प्रताडित हुँदाहुँदै पनि दिनहु नेपालीहरु विदेश जानेको भिड बढिरहेको छ । अतः यी यावत् परिणामका बावजुत यस डोल्पोबुद्ध गाउँपालिकाबाट भने विदेशमा जानेहरु खासै नभएको तलको आँकडा प्रष्ट हुन्छ ।

| वडा नं. | विदेश गएको संख्या | | | गएको मुलुकको नाम | | गएको अवधि | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | भारत | अन्य | ५ वर्षभन्दा कम | ५ वर्षभन्दा बढी |
| १ | 0 | 0 | 0 | | | | |
| २ | 0 | 0 | 0 | | | | |
| ३ | 0 | 4 | 4 | | 4 | 2 | 2 |
| ४ | 0 | 1 | 1 | | 1 | | 1 |
| ५ | 0 | 1 | 1 | | 1 | | 1 |
| ६ | 0 | 0 | 0 | | | | |
| जम्मा | 0 | 6 | 6 | | 6 | 2 | 4 |

**६.१.४ बालमजदुर सम्बन्धी विवरण**

डोल्पोबुद्ध गाउँपालिकामा गरिबी एवं आर्थिक अवस्था कमजोर भएका परिवार संख्याहरुको एकिन एवं वस्तुगत तथ्यांकीय आँकडा नभएता पनि केही प्रतिशत जनसंख्या गरिबीको पिँडाबाट ग्रसित रहका छन् । तसर्थ यसरी गरिबीको कुचक्रले गर्दा परिवारका केही सदस्यहरुले आफ्ना बालबालिकाहरुलाई बधुवाको रुपमा काम गर्न अर्काको घरमा राखेको पाइन्छ । यस अन्तर्गत बालबालिकाहरुलाई अर्काको घरमा घरायसी कामकाजहरु जस्तै, बच्चाको हेरचाह गर्ने, पशु बस्तुको रेखदेख गर्ने, पानी ल्याउने काममा प्रयोग गरिने परम्परागत चलन कायम रहेता पनि अन्य जोखिम र कठिन काममा भने बालबालिकाहरुलाई प्रयोग गरेको कुनै आधिकारिक जानकारी छैन् । तसर्थ यस तिन्जे गाउँपालिकाको वडा नं. १ मा १६ वर्षसम्मका २ जना बालिका अर्काको घरमा काम गर्न राखेको पाइन्छ । तथापिः नेपालको कानुनले निर्दिष्ट उमेर समूहका बालबालिकालाई कुनै पनि प्रकारको जोखिम र खतरायुक्त काममा लगाउन नपाइने र यदि लगाएको खण्डमा त्यो कार्यलाई कानुनी रुपमा दण्डनीय अपराध गरेको ठहरिने गरी परिभाषित र व्यवस्था गरेको छ । त्यसैले बालबालिकाहरुलाई मजनुरको रुपमा राख्न नपाइने स्पष्ट कानुनी व्यवस्थाले हुन सक्छ तिन्जे गा.पा.का कुनै पनि बालबालिकाहरु अर्काको घरमा काम गर्न राखेको देखिदैन । अविश्यमा पनि बाल अधिकार प्रवर्द्धन, संरक्षणका कार्यक्रमहरु संचालन गरी अभिभावकहरुलाई थप जिम्मेवार बन्न प्रेरित गर्दा बालबालिकाको अधिकारको संरक्षण र सुरक्षाको ग्यारेन्टी हुन जान्छ ।

**६.२ कृषि**

गाउँपालिका डोल्पोबुद्धको सबै बासिन्दाहरुको मुख्य पेशा कृषि रहदै आएको छ । यस गा.पा.मा कुल २६५.३८ हेक्टर मात्र कृषि खेतबारीहरु रहेको अभिलेखबाट देखिन्छ (श्रोतः नापी शाख, डोल्पा, जिल्ला पाश्वचित्र २०५८, डोल्पा) गा.पा.को बासिन्दाहरुले आफ्नो जग्गा अझै कमाएकाहरु मध्ये सिँचित खेतको क्षेत्रफल ३४ रोपनी, आकाशे पानीबाट ९ र पाँखो २४४.२ समेत गरी जम्मा २८७.२ रोपनी खेत योग्य जमिन रहेको पाइन्छ । (स्रोतः जिल्ला कृषि विकास कार्यलय, डोल्पा २०७१) । गा.पा.को कृषि पेशा मुलतः निर्वाहमुखी खेती प्रणाली र परम्परागत शैलीमा चलिरहेको छ । यो ग्रामिण कृषि पेशाले अधिकांश स्थानीयहरुलाई स्थानीयस्तरमा नै रोकेर खेतीपातीमा संलग्न गराएको छ । तर कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, विशिष्टीकृत, उन्नत जातको बीउ, बिजन,

औजार र प्रविधिको अभावले गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुन सकेको छैन् भने अर्को तर्फ भाई छुट्टिदा अशंवण्डा गर्नु पर्ने जसको कारण खेतवारीहरु साना भन्दा सान टुक्रमा विभक्त हुँदै जाने हुनाले उत्पादन र उत्पादकत्वमा ह्रास आउने र व्यवसायीक खेती अपनाउन कठिन हुने र जग्गाको चक्लावन्दी गर्दा बढी लागत लाग्ने, संरक्षण र व्यवस्थापनमा समेत समस्या हुन जान्छ । यी विविध अवस्थाको आधारमा स्थानीय निकायले उचित कृषि सम्बन्धी प्रोत्साहन नीति तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकामा पाँखो जग्गा मात्र भएको र सो अनुसार स्थानीय जातको अन्नहरुमा मकै, गहुँ, उवा, जौ, चिनो, फापर र दलहन बालीहरुमा सिमी र तरकारी बालीहरुमा बन्दा, काउली, आलु र तेलहन बालीमा तोरी (तेलको लागि प्रयोग हुने) मात्र उत्पादन हुन्छ । यस क्षेत्रमा कुनै पनि प्रकारको नगदेबालीहरुको उब्जनी हुँदैन र यस क्षेत्रमा लगभग वर्षको एक बाली मात्र उत्पादन हुन्छ । फलफूल जातहरुमा यस भेगमा स्याउ जातका फलफुल मात्र फल्दछन् । तसर्थ डोल्पोबुद्ध गा.पा.मा सम्रगमा कृषि आवादी जग्गामा लगाईको कृषि उत्पादनको विगत वर्षको अवस्था र बाली चत्र देहायबमोजि रहेको छ ।

### ६.२.१ गाउँपालिकामा लगाइने बाली चक्र (Sowing and Harvesting/Ripen Pattern and Seasons)

डोल्पोबुद्ध गा.पा. भोट क्षेत्रमा पुर्नका साथै यस भूभागको उचाइ समुद्री सतहबाट ३८७० मिटर देखि ४१५० मिटरसम्म रहेकोले ठण्डा एवं चिसो हावापानी भएकोले वर्षेनी एक पटक मात्र बाली रोप्ने र थन्क्याउने कार्य गरेको पाइन्छ । जस अन्तर्गत तरकारी बालीमा आलु, गाँजर, रायो, मूला, काउली र अन्नबालीहरुमा जौँ, उहाँ, गहुँ र फापर मात्र उत्पादन हुन्छ । यसका साथै कुनै बस्तीमा तोरी र बन्दा, काउली समेत यदाकदा उत्पादन गरेको घेटिन्छ । सिँचाईको अभाव, उन्नत बिउ बिजन पुऱ्याउन कठिन, मल बिउको अभाव, प्राकृतिक प्रकोप, बाढी, असिना, हिमपातले गर्दा खेती प्रणालीमा समस्या सृजना गरेको पाइन्छ । कृषि सेवा उप केन्द्र रह अन्तर्गत रहने गरी सरकारीस्तरबाट कृषि सेवा र सुविधा उपलब्ध गराउने लक्ष्य र उद्देश्य भएता पनि भौगोलिक दुर्गमता, जनशक्तिको् अभावका कारण तिन्जे बासीले खासै सेवा केन्द्रबाट लाभ पाउन सकेका छैनन् । अतः यस गा.पा.मा उत्पादन हुने बालीहरुको खेती प्रणाली वा बाली पात्रो यस प्रकार रहेको छ ।

| बालीहरु | बाली पात्रो | |
|---|---|---|
| | बाली लगाउने समय | बाली थन्काउने समय |
| आलु/फापर/जौं/उवाँ | बैशाख/जेष्ठ/जेष्ठ/जेष्ठ | आशिवन/आश्विन/आश्विन |

### ६.२.२ मुख्य बाली तथा उत्पादन अवस्था

| वार्ड नं. | चिनो | गहुँ | फापर | उवाँ | मकै | सिमी | आलु | तोरी | बन्दा | काउली | स्याउ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्विन्टल | क्विन्टल | क्विन्टल | क्विन्टल | क्विन्टल | क्विन्टल | क्विन्टल | कि.ग्रा. | कि.ग्रा. | कि.ग्रा. | कि.ग्रा. |
| १ | 0 | 0 | 0 | 365 | 0 | 0 | 16=3 | 0 | 0 | 0 | 0 |
| २ | 0 | 0 | 0 | 69 | 0 | 0 | 4 | 0 | 0 | 0 | 0 |
| ३ | 0 | 0 | 0 | 309 | 0 | 0 | 13=5 | 0 | 0 | 0 | 0 |
| ४ | 0 | 0 | 0 | 163 | 0 | 0 | 108=5 | | | | |
| ५ | 0 | 0 | 0 | 383 | 0 | 0 | 345 | | | | |
| ६ | 60=5 | 0 | 0 | 624 | 0 | 0 | 158=5 | 30 | | | |
| जम्मा | 60=5 | 0 | 0 | 1913 | 0 | 0 | 685=80 | 30 | 0 | 0 | 0 |

### ६.२.३ कृषि प्रविधिको प्रयोग

आजको आधुनिक युगमा हरेक कामकाजहरुमा आधुनिकीकरण, प्रविधिकरण र यान्त्रिकरणको प्रयोग र प्रभाव परेको पाइन्छ । जसले प्रविधिको प्रयोग गर्दै त्यो मान्छे, संस्था र व्यवस्था निकै पछाडि पर्ने निश्चित प्रायः छ । तसर्थ यस तिन्जे गा.पा.मा पनि केही सिमित अन्नबाली, तरकारी बालीहरुको उत्पादन हुनेहुँदा ती बालीहरुको

उत्पादन, प्रशोधन, भण्डारण, सिँचाईमा यान्त्रिकरण, उन्नत जातको बिउबिजनको आपूर्ति आदि कार्यमा आधुनिक कृषि प्रविधिको प्रयोग गरी बढी प्रतिफल हासिल गर्न सकिन्छ । तर डोल्पोबुद्धका सबै बस्तीहरुमा कृषि लगायत अन्य उन्नत र आधुनिक प्रविधिले हालसम्म प्रभाव पार्न सकेको छैन । कृषि कार्यमा व्यवसायीकरण, आधुनिकरणको शुरुवात समेत हुन सकेको छैन केबल निर्वाहमुखी खेती प्रणालीमा सिङ्गो बस्ती रुमल्लिएको छ । उत्पादन देखि लिएर मूल्य अभिवृद्धिकरण, बजारीकरणमा समेत प्रविधिले छुन सकेको छैन । यदि उन्नत जातको कृषि बिउ बिजन, मल, कृषि औजार र प्रविधि प्रयोग र स्थापना गर्न सकेमा सजिलै र सस्तो तरिकाले उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावना भने यद्यपि कायम छ ।

### ६.२.४ कृषि उपज आयात निर्यातको स्थिति

यस डोल्पोबुद्ध गाउँपालिकामा कृषि उपजहरुको आयात निर्यातको बारेमा व्याख्या विश्लेषण गर्नुपर्दा खासै उत्साहजनक रहेको पाइदैन । सिमित अन्न बालीहरु गहुँ, मकै, गहुँ, उवाँ, फापर र आलु उत्पादन हुने र ती उपजहरु बिक्री वितरणका लागि भन्दा पनि दैनिक उपभोगका लागि उत्पादन गरिन्छ । आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने हुनाले बाँकी महिनामा अन्य गाउँपालिकाबाट आयत गरी जीविकोपार्जन चलेको छ । नून, तेल र चामल जस्ता दिनहु चाहिने खाद्यान्न बस्तुहरु चीनको स्वशासित क्षेत्र तिब्बत र तल्लो डोल्पाबाट आयात गरिन्छ । तरकारीमा पनि गा.पा. पुरै आलु बाहेक अन्यमा पर निर्भर नै देखिन्छ । विगतमा जस्तो आफूलाई चाहिने खाद्यान्न, लत्ता पकडको लागि तिब्बतबाट आयात गरिएको नून र उनसँग खसानमा ल्याएर अन्नसँग साटफेर गर्ने प्रथा हाल आएर पूर्णत बन्द भैसकेको छ र खाद्यान्न मध्येको चामल प्रतिको मोहले गर्दा नेपाल खाद्य संस्थानले दुनैबाट चामल र नून भित्र्याउने प्रचलन रहेको छ ।

### ६.२.५ कृषि बालीमा लाग्ने रोग किराको विवरण

डोल्पोबुद्ध गाउँपालिकाको हावापानी, भूगोल, भौगोलिक बनोट र माटोको उर्वराशक्ति समान प्रकृतिको हुनाले समान जातका अन्न र तरकारी, पलफुल, तलहन बालीहरुको उत्पादन हुने र ती कृषि बालीमा एउटै प्रकारका रोगहरु देखापर्ने गर्दछ । तसर्थ गा.पा.का सबै वडाहरुमा देखापर्ने कृषि बालीमा लाग्ने रोगहरु जिल्ला कृषि विकास कार्यालयको अभिलेख अनुसार यस प्रकार पाइएको छ ।

| साधारणतया तरकारी बालीमा लाग्ने रोग | साधारणतया फलफूल खेतीमा लाग्ने रोग | साधारणतया खाद्यान्न बालीमा लाग्ने रोग |
|---|---|---|
| काउलीको डाठँ कुहिने, भुसिल किरा, लाही, खुम्रे र फेद काट्ने किरा | पेपरी वार्क, ढुसी, बोक्रा खुइलिने | गहुँ, उवाँ कालो पोके, डडुवा मरुवा |

### ६.२.६ डोल्पोबुद्ध गाउँपालिकामा भएको खेतबारीको विवरण

| जग्गाको विवरण | वडा नं. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | खेत |
| | बस्तीको नाम | | | | | | संख्या |
| | धो | कलाङ | ताक्सी | पोल्दे | तिन्जे | सिमेन | |
| खेतबारीको संख्या | 528 | 118 | 462 | 397 | 795 | 911 | 3211 |
| | 528 | 118 | 462 | 397 | 795 | 911 | 3211 |

### ६.२.७ सिंचाई

डोल्पोबुद्ध गाउँपालिकाको सबै भूभाग मध्ये अधिकांश क्षेत्र ज्यादै भिरालोपन भएको, कडा चट्टान, भीर पहराले ओगटेकोले एकदमै कम क्षेत्रफलमा खेतीयोग्य जमीन उपलब्ध छ । ती उपलब्ध खेतीयोग्य जमिन भने समथर भएको पाइन्छ । गा.पा.मा उपलब्ध सिँचित खेतको क्षेत्रफल ३४ रोपनी, आकाशे पानीबाट ९ रोपनी जमिन रहेको छ । पाँखो २४४.२ समेत गरी जम्मा २८७.२ रोपनी खेत योग्य जमीन रहेको पाइन्छ । प्रत्येक घरधुरीको सिमित खेतबारी हुने र ती खेतहरु गाउँको नजिक र खोलाको उच्च स्थानमा रहेकाले सिँचाइको निकै कम सम्भावना रहेको देखिन्छ । सिँचाइको लागि पर्याप्त पानीका स्रोतहरु नहुँदा र सरकारी बेवास्ता, पूँजीको अभाव,

पूर्वाधारको कमी, खर्चिलो पूर्वाधार निर्माण र विकासको मूलधारमा समावेश तथा सहभागिताको कमीले गर्दा विकासका प्रतिफल समानुपातिक तवरले वितरण समेत हुन नसक्दा सिँचाई सुविधाले महत्व पाउन सकेको छैन । डोल्पोबुद्ध गाउँपालिकाको भौगोलिक विशालता ठूलो भएता पनि समग्र भोट क्षेत्रको खेतीयोग्य जमीन अत्यन्तै न्यून रहेको छ । तसर्थ यस डोल्पोबुद्ध गाउँपालिकामा कृषि कार्य भन्दा पनि उच्च र हिमाललली क्षेत्र, शुष्क हावापानी भएकाले पशुपालन व्यवसायको धेरै सम्भावना रहेको देखिन्छ ।

### ६.२.८ जमिनको आवादीका आधारमा परिवारको विवरण

डोल्पोबुद्ध गाउँपालिकामा लगभग सम्पूर्ण बस्तीहरुको मुख्य पेशा कृषि नै रहेकोले प्रत्येक घर परिवारको कम बेसी केही मात्रामा आफ्नो खेतीपाती प्रयोजनका लागि आवादी जमिन रहेको हुन्छ । कृषि पेशा बाहेक अन्य बैकल्पिक कुनै पेशा नभएकोले अनिवार्य कृषि पेशा अपनाउन आवश्यकता र बाध्यता दुवै देखिन्छ । आफ्नो परिवारको लागि अंशवण्डाबाट प्राप्त र अन्यबाट खरिद गरेर जोडेको आवादी जमिन घर परिवार स्वयम्ले कमाएको र अरुको जग्गा नकमाउने लगभग यस गाउँपालिकामा लोकप्रिय प्रचलन नै रही आएको छ । अर्काको जमिन कमाई नगर्ने चलनले गर्दा जतिसुकै गरिब र आर्थिक अवस्था कमजोर भएपनि आफ्नो जग्गा आफै कमाउने परम्परा चली आएको छ । साथै बढी मिहिनेत गर्नुपर्ने, कम उत्पादन हुने, बढी मलजल गर्नुपर्ने र अन्तमा कम उत्पादन हुन गै परिश्रम बराबरको मूल्य पनि प्राप्त नहुने अवस्थाले गर्दा पनि अर्काको जमीन प्रयोग नगर्ने र आफ्नो जमीन बाझो नराख्ने चलन रही आएको छ ।

## ६.३ पशुपालन

डोल्पा जिल्लामा कृीष पेशा मध्येको अर्को मुख्य महत्वपूर्ण पेशा पशुपालन हो । यो पेशाा कृषिका लागि परिपुरक हुन्छ । डोल्पा सहितको समग्र माथिल्लो भोटक्षेत्र पर्याप्त चरनखर्क (पाटन), घाँसे मैदानहरु भएकोले स्थानीय जातको गाई, भेडा, च्यांग्रा र याक, चौरीको व्यवसायिक तरिकाले पशुपालन गर्न सकिने यथेष्ठ सम्भावना देखिन्छ । भेडा, च्यांग्रा, चौरी र याकको लागि जिल्ला पशुसेवा कार्याललले पकेट क्षेत्रकोपमा परिभाषित समते गरिसकेको छ । तथापि यसको व्यवसायिक र बृहतरुपमा पशुपालन कार्यले मूर्तरुप लिन सकेको छैन । यसरी पशुपालन व्यवसायले विशिष्टीकृत तरिकाले व्यापारिक प्रयोजनका लागि कार्य आगाडि नबढेता पनि घरायसी कामका लागि पालिएका पशुहरुमा भने विभिन्न रोगहरुले समय समयमा संक्रमण गरेको देखिन्छ । डोल्पोबुद्ध गाउँपालिकामा सेवा दिनेगर्रा स्थापना गरिएको पशुसेवा उप केन्द्र शहरतारा मार्फत कुनै पनि पशुजन्य सेवा र सुविधाहरु हालसम्म प्राप्त हुन नसकेको जानकारी स्थानीय सामाजिक अगुवाहरुबाट स्पष्ट हुन्छ ।

### ६.३.१ पशुपालन सम्बन्धी विवरण

| वार्ड नं. | बस्तीको नाम | गाई गोरु (गोटा) | | झोवा (गोटा) | | घोडा, खच्चर (गोटा) | | बाखा (गोटा) | | भेडा, च्यांग्रा (गोटा) | | याक/ चौरी | कुखुरा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | | स्थानीय |
| १ | धो | 33 | | 15 | | 176 | | 384 | | 317 | | 401 | 0 |
| २ | कलाङ्ग | 40 | | | | 23 | | 93 | | 94 | | 40 | 0 |
| ३ | ताक्सी | 50 | | | | 190 | | 314 | | 291 | | 600 | 0 |
| ४ | पोल्दे | 60 | | | | 62 | | 412 | | | | 124 | 0 |
| ५ | तिन्जे | 222 | | | | 229 | | 1390 | | | | 158 | 0 |
| ६ | सिमेन | 117 | | | | 185 | | 830 | | | | 167 | |
| जम्मा | | 522 | | 15 | | 865 | | 3423 | | 702 | | 1490 | 0 |

### ६.३.२ पंक्षी तथा अन्य पालन सम्बन्धी विवरण

यस डोल्पोबुद्ध गाउँपालिमा पंक्षी तथा कुखुराहरुको खासै पालन गरेको पाईदैन् । चिसो ठण्डा मौसमका कारणले गर्दा अनुकूल हावापानी नभएले पंक्षी तथा अन्य पालन हुन नसकेको स्थानीय जानकारीहरु बताउँछन् ।

यसरी अपवादमा तिन्जेका केही बस्तीहरुमा कुखुरा बाहेक अन्य हाँस र मौरीपालन व्यवसाय गरेको पाइदैन् । तिन्जे गाउँपालिकामा कूल १२६ ओटा स्थानीय जातका कुखुरा रहेका छन् । जस अन्तर्गत वडागत कुखुराको विवरण तालिका नं. ६.३.१ मा उल्लेख गरिएको छ ।

### ६.३.३ पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरण

| वार्ड नं. | दुध (लि.) | खसी, बोका, भेडा, च्यांग्रा मासु (क्वीन्टल) | ऊन (के.जी.) | कुखुरा मासु (के.जी) | अण्डा (गोटा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 2655 | 63=10 | 8190 | 0 | 0 | दुध भन्नाले गाई र चौरी, ऊन भन्नाले बाख्रा, चौरी र याककोलाई जानउने छ । |
| २ | 550 | 16 | 2605 | 0 | 0 | |
| ३ | 3700 | 55=90 | 9020 | 0 | 0 | |
| ४ | 1111 | 59=50 | 5365 | 0 | 0 | |
| ५ | 1810 | 149=40 | 11920 | 0 | 0 | |
| ६ | 1455 | 50=30 | 4505 | 0 | 0 | |
| जम्मा | 11281 | 394=20 | 41605=00 | 0 | 0 | |

### ६.३.४ पशुपंक्षीमा लाग्ने रोगको विवरण

यस डोल्पोबुद्ध गा.पा.मा भएका पशुपंक्षीहरुमा मुख्य गरी देखापर्ने रोगहरुमा नाम्ले, विभिन्न जुका, लुतो, निमोनिया, आन्तरिक र बाह्य परजीवी (किर्ना, उपैया, जुम्रा) भेडा बाख्रामा र छेरौंटे, खोकी, आन्तरिक परजीवी, खोरेत, चरचरे, थुनेलो, रेट बटर, भ्यागुते आदि रोग गाई, चौरी र याकमा देखा पर्दछ । साथै निमोनिया, विभिन्न परजीवी, किर्ना, उपैया, जुम्रा, पिसाब बन्द हुने सुली रोगहरु घोडा र खचचडमा देखिन्छ । कुखुराको बिफर, रानीखेत, सि.आ.डि. कक्सीडियोसिस, पुल्युरोम गम्भारो आदि रोग कुखुरमा देखापर्दछ ।

### ६.३.४ पशुपंक्षीमा लाग्ने रोगको विवरण

यस डोल्पोबुद्ध गाउँपालिकामा पशु स्वास्थ्य एवं सेवा सम्बन्धी केही परियोजना एवं कार्यक्रमहरु संचालन भएको पाइन्छ । जिल्ला पशुसेवा कार्यालयको जानकारी अनुसार आयआर्जन सुधारका लागि उच्च हिमाली आयोजना (HIMALI), कृषि तथा खाद्ध्य सुरक्षा आयोजना र गरिबी निवारण कार्यक्रम अन्तर्गत गाउँपालिकामा विभिन्न व्यवसाय संचालन र सुधारका लागि घुम्ति कोष संचालनका लागि अनुदान प्रवाह, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत नागरिक सचेतना केन्द्रमा आधारित रही जीविकोपार्जन सुधारका लागि साना अनुदान सहयोग, आदि कार्यक्रम संचालन भै रहेका छन् ।

## ६.४ उद्योग व्यवसाय वा विवरण

उद्योगलाई लगानीको आधारमा साना, मझौला र ठूला उद्योगको रुपमा वर्गीकरण गरिन्छ । जसमा कृषि तथा वनजन्य, पशुजन्य र पर्यटनजन्य उद्योगहरु स्थापना गरी ग्रामीणस्तरमा रोजगारको अवसर सृजना, कच्चा पदार्थको उपयोग, अर्थतन्त्रमा सुधार गरी गरिबी निवारणमा समेत टेवा पुग्ने देखिन्छ । तसर्थः डोल्पोबुद्ध गाउँपालिकामा उन, छुर्पी, राडिपाँखी, चौरीपोट आदि साना तथा सझौला प्रकारका कुटिर उद्योगहरु संचालन हुनसक्ने पर्याप्त सम्भावना भएता पनि हालसम्म गाउँपालिकामा कुनै पनि प्रकारका घरेलु तथा साना मझौला प्रकारका उद्योगहरुको स्थापना र संचालन भएको कुनै अभिलेखहरु भेटिदैन । तथापीः डोल्पा जिल्लालाई सडक यातायातको संजालमा आवद्ध भई यस गाउँपालिका समेत उक्त सडक संजालमा जोडिने अवस्था भएमा मात्र यस्ता साना र मझौंला उद्योगहरुको स्थापना भै स्थानीयस्तरमा नै रोजगारको अवसरमा वृद्धि हुने र आयआर्जनका गतिविधिहरु संचालन हुने पर्याप्त सम्भावना देखिन्छ ।

अतः उद्यमशिलताको विकास नहुनु, बैंक तथा वित्तीय संस्थामा लघु कर्जाहरुमा पहुँच नहुनु, बजारीकरणको अभाव, आवागमनको अभाव, प्रचार प्रशारको अभाव जस्ता समस्याहरु रहेता पनि यी समस्याहरुको यथोचित सम्बोधन हुन सकेमा उनको पस्मिना उद्योग, पर्यटन, मासु, घिउ र छुर्पी उद्योग संचालन गरी ग्रामीण अर्थतन्त्रलाई सुधार गर्न सकिने पर्याप्त सम्भावना देखिन्छ ।

उद्यपीः यस डोल्पोबुद्ध गाउँपालिकामा विधिवत तरिकाले घरेलु तथा साना उद्योग विकास समिति डोल्पामा कुनै पनि व्यापार एवं व्यवसायहरु दर्ता भएको पाईदैन् । त्यसैले अद्‍धमको लागि आवश्यक सीप, सामर्थ्य र सोचको सर्वथा अभाव देखिन्छ ।

**६.४.१ आम्दानी तथा खर्चका स्रोतहरु**

**६.४.२ परिवारको वार्षिक आम्दानीका स्रोतहरु र आम्दानी विवरण**

| वडा नं. | बस्तीको नाम | कृषि तथा पशु पालन | व्यापार तथा उद्योग | नोकरी तथा पेन्सन | बैदेशिक रोजगार | ज्याला मजदुरी | अन्य (यार्सा बिक्री वितरण) | जम्मा आम्दानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | धो | 2868000 | 380000 | | | | 2077000 | 5325000 |
| २ | कलाङ्ग | 500000 | | | | | 740000 | 1240000 |
| ३ | ताक्सी | 2815000 | 680000 | | | | 2768000 | 5663000 |
| ४ | पोल्दे | 60000 | | 100000 | 360000 | | 1170000 | 1690000 |
| ५ | तिन्जे | 1200000 | 715000 | 650000 | | | 910000 | 3475000 |
| ६ | सिमेन | 910000 | 1050000 | | | | 2993200 | 4953200 |
| | जम्मा | 8353000 | 2825000 | 750000 | 360000 | | 10658200 | 17553700 |

**६.४.३ परिवारको वार्षिक खर्चका शीर्षकहरु र खर्च विवरण**

| वडा नं. | बस्तीको नाम | खाना खर्च | लत्ता कपडा | शिक्षा | स्वास्थ्य उपचार | चाडपर्व तथा मनोरञ्जन | कृषि तथा अन्य उत्पादनमा खर्च | जम्मा खर्च | परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धो | 9387000 | 1885000 | 1313000 | 35000 | 2510000 | | 15130000 | 84 |
| २ | कलाङ्ग | 1523000 | 227000 | | | 455000 | | 2205000 | 24 |
| ३ | ताक्सी | 8898000 | 1547000 | 697000 | | 2480000 | | 13622000 | 99 |
| ४ | पोल्दे | 1285000 | 951000 | 744000 | 657000 | 623000 | 376200 | 4636200 | 60 |
| ५ | तिन्जे | 1754000 | 1755000 | 1970000 | 1770000 | 1527000 | 511000 | 9287000 | 100 |
| ६ | सिमेन | 2250000 | 2010000 | 1465000 | 1750000 | 1645000 | 120000 | 9240000 | 115 |
| | जम्मा | 25097000 | 8375000 | 6189000 | 4212000 | 9240000 | 1007200 | 54122200 | 482 |

**६.४.४ खाद्यान्नको अवस्था सम्बन्धी विवरण**

| वाड नं. | जम्मा परिवार संख्या | आफ्नो उत्पादनबाट खान पुग्ने परिवार | | | | | | | | आफ्नो उत्पादनले खान पुगेर बेच बिखन गर्ने परिवार | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ महिनासम्म | | ३-६ महिनासम्म | | ६-९ महिनासम्म | | ९-१२ महिनासम्म | | | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 84 | 82 | 97=62 | 2 | 2=38 | 0 | 0 | 0 | 0 | आफ्नो उत्पादन खान पुगेर बचत गर्ने घरधुरी यस गा.पा.मा कुनै पनि नभएको । |
| २ | 24 | 11 | 45=83 | 9 | 37=50 | 0 | 0 | 0 | 0 | |
| ३ | 99 | 95 | 96=96 | 4 | 4=04 | 4 | 4=04 | 0 | 0 | |
| ४ | 60 | 1 | 1=67 | 16 | 26=67 | 31 | 51=67 | 12 | 20 | |
| ५ | 100 | 1 | 1=00 | 21 | 21 | 49 | 49 | 29 | 29 | |
| ६ | 115 | 3 | 2=61 | 45 | 39=13 | 38 | 33=04 | 29 | 25=22 | |
| जम्मा | 482 | 193 | 245=69 | 97=00 | 130=72 | 122=00 | 137=75 | 70=00 | 74=22 | |

### ६.४.५ बार्षिक खर्च एवं बचत

| वडा नं. | बस्तीको नाम | बर्ष भरिएको सबै आम्दानी खानपिन एवं लत्ता कपडामा खर्च हुने परिवार संख्या | बर्ष भरिको आम्दानीको ७०% खानपिनमा खर्च हुने परिवार संख्या | बर्ष भरिएको आम्दानकिो ५०-६९% खानपिनमा खर्च हुने परिवार संख्या | बर्ष भरिको आम्दानीनको ३०-४९% खानपिनमा खर्च हुने परिवार संख्या | प्रतिव्यक्ति प्रति वर्ष १५० यू. एस. डलर सम्म आम्दानी हुने परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | धो | 84 | *f}Nkf] a'$ uf=kf sf ;a} #/w'/Ln] cfkm\gf] aflif{s cfDbfgLsf] ;a} lx:;f vfgkfg / nत्ता कपडामा खर्च थप नपुग रकम छरछिमेकबाट ऋण सापट लिएको देखिन्छ । | | | |
| २ | कलाङ्ग | 24 | | | | |
| ३ | ताक्सी | 99 | | | | |
| ४ | पोल्दे | 60 | | | | |
| ५ | तिन्जे | 100 | | | | |
| ६ | सिमेन | 115 | | | | |
| जम्मा | | 482 | | | | |

### ६.४.६ संस्था एवम् व्यक्तिसँग लिएको ऋण र उपयोग सम्बन्धी विवरण

यस गाउँपालिकामा खासै वित्तीय संस्थाहरुबाट ऋण लिएको देखिदैन । केबल स्थानीयस्तरमा सामुदायिक संस्थाहरु र साहु महाजनहरुबाट आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुले सस्तो व्याज दरमा घरायसी गर्जो टार्न मात्र ऋण लिएको पाइन्छ । यसका साथै बिरामी पर्दा, चाडवाड तथा मनोरञ्जनका कार्यहरुमा समेत अण लिने प्रचलन देखिन्छ । जस अनुसार निम्न अनुसारका घरपरिवारले निम्न स्थानबाट ऋण प्रवाह भएको देखिन्छ ।

| वडा नं. | ऋण लिने जम्मा परिवार संख्या | ऋण लिने स्थान (परिवार संख्यां | | | | |
|---|---|---|---|---|---|---|
| | | बैक वा वित्तीय संस्था | सहकारी संख्या | समूह वा सामुदायिक संस्था | साहू महाजन, आफन्त (छिमेकी) | अन्य |
| १ | 76 | 0 | 0 | 0 | 76 | #/fo;L Aofaxf/ rnfpbf / la/fdL kbf{ laleGg ;fx' dxfhg / a}saf^ ऋ)f lnPsf] kfO{G% |
| २ | 22 | 0 | 0 | 0 | 22 | |
| ३ | 91 | 0 | 0 | 0 | 91 | |
| ४ | 59 | 0 | 0 | 0 | 59 | |
| ५ | 78 | 0 | 0 | 0 | 78 | |
| ६ | 64 | 0 | 0 | 0 | 64 | |
| जम्मा | 390 | 0 | 0 | 0 | 390 | |

| वडा नं. | ऋण लिने जम्मा परिवार संख्या | ऋण लिने स्थान (परिवार संख्यां | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घर खर्च | कृषि तथा पशुपालन | उद्योग व्यापार | शिक्षा | औषधी उपचार | सामाजिक तथा धार्मिक | कैफियत |

| | | | | | | | कार्य | |
|---|---|---|---|---|---|---|---|---|
| १ | 77 | 77 | 4 | 2 | 4 | 0 | 60 | कुनै ऋणीले एक वा सो भन्दा बढी उद्देश्यको लागि ऋण लिएको पाइन्छ । |
| २ | 22 | 22 | 0 | 0 | 0 | 0 | 22 | |
| ३ | 91 | 90 | 1 | 1 | 5 | 3 | 68 | |
| ४ | 59 | 26 | 5 | 2 | 4 | 9 | 16 | |
| ५ | 78 | 19 | 15 | 3 | 5 | 18 | 20 | |
| ६ | 64 | 42 | 5 | 5 | 0 | 9 | 3 | |
| जम्मा | 391 | 391 | 30 | 13 | 18 | 39 | 189 | |

### ६.४.७ बजार तथा निकासी सम्बन्धी विवरण

डोल्पोबुद्ध गाउँपालिका मूलतः ग्रामीण एवं गाउँले परिवेशले सजिएको समाज भएको हुनाले यस क्षेत्र भित्र कुनै पनि प्रकारका स्थायी प्रकृतिका बजार स्थलको विकास र व्यवस्था हुन सकेको छैन् । विशेषत यस गाउँपालिकाको मात्र नभै डोल्पा जिल्लाकै बजारको वर्णन गर्दा जुफल एयरपोर्ट जुफाल, सदरमुकाम दुनै र त्रिपुराकोट बाहेक अन्य स्थानमा पूर्णत बजारको उपलब्ध स्रोत साधन, प्रविधि, औजार, बिउ बिजन लगायत अन्य घरायसी सरसामानको खरिद, बिक्री गर्न समेत कठिन हुने देखिन्छ । वर्षेनी चीको स्वाशासित क्षेत्र क्याटो छोक्रा र माङ्गो छोक्रामा वर्षायाममा अस्थायी हाटबजार लाग्ने गर्दछ । जुन बजारबाट बर्षभरीको लागि आवश्यक पर्ने खाद्यान्न, लत्ता पकडा, घिउ, चिया लगायत अन्य व्यापारिक सामानहरु संकलन गरेर ल्याउछन् । यी अस्थायी नाकामा पुग्न झण्डै ४/५ दिनको पैदल यात्रा पार गर्नुपर्दछ । यी बाहेक गाउँपालिका भित्र अन्य व्यापार तथा बजार क्षेत्र छैन् । थप घरायसी सामानको लागि दुनै, जुफाल, नेपालगञ्ज र सुर्खेतबाट आयात गर्ने प्रचलन रहेको छ ।

### ६.४.८ निकासीजन्य स्रोतहरु

यस डोल्पोबुद्ध पशुजन्य उत्पादनहरु जस्तै छुर्पी, उन, चौरीपोट, याकको पुच्छर आशिंक रुपमा पाइने भएता पनि त्यसको उचित बजार र यातायातको दुर्गमताले गर्दा बिक्री वितरणमा स्थानीयको खासै चासो देखिदैन । पशुपालन व्यवसायबाट कुनै उत्पादन भएमा ती सामग्रीहरुको स्थानीय स्तरमा नै बिक्री वितरण गर्न बाध्य छन् । यसरी आफ्नो वन जंगलमा प्राप्त हुने वन पैदावरहरु समेत स्थानीयस्तरमा नै व्यापारीहरुलाई सस्तो मूल्यमा विक्री वितरण गर्ने गर्दछन् । हालसम्म यस गा.पा.मा कुनै पनि प्रकारका उत्पादनहरुको निकासी प्रायः शुन्य अवस्थमा रहेको छ । जबसम्म सडक यातायातको सुगमता रहदैन् तबसम्म स्थानीय उत्पादनहरु निकासी र बाह्य स्रोतको आयतको कुनै गुञ्जायस देखिदैन् । निकुञ्ज क्षेत्रभित्र पाइने जीवनबुटीको संकलन गरी केही गाउँलेहरुले संकलन गरी तिब्बतमा बिक्री वितरण गर्ने र आवश्यक सामान समेत ल्याउने चलन रहेको छ ।

## परिच्छेद-७
## वन वातावरण तथा भू-संरक्षण

### ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

वन तथा वातावरण एक अर्काका परिपूरक विषयवस्तु हुन । वनले गर्दा नै वातावरण सुन्दर र स्वच्छ रहन्छ भने वातावरणले वनलाई हुर्किने बढने र फैलिने आधार प्रदान गरेको हुन्छ । वन विना वातावरण र वातावरण विना वनको अस्थित्व रहन सक्दैन् । अतः वातावरण संरक्षण र सुरक्षा भनेको नै वनको संरक्षण हो । वन तथा वातावरणको ह्रास र विनाशले विश्वव्यापी रुपमा विभिन्न विपद्हरु पैदा भएका घटनाहरु बग्रेल्ती छन् । मानव जीवन स्वास्थ, चुस्त रहनका लागि वन तथा वातावरणको संरक्षण अपरिहार्य हुन्छ । वनले मावनलाई बलियो बाँच्ने र बचाउने आधार दिएको हुन्छ । वनमै जडिबुटी, जराजुरी, जल, जनाव जस्ता जैविक विविधता उपलब्ध हुने हुँदा वन तथा वातावरणको निकै ठूलो महत्व रहेको पाइन्छ । वन र वतावरणको अभावमा मानव अस्तित्वको कल्पाना पनि गर्न सकिदैन । कुनै पनि स्थान विशेषको वन र वातावरण के कस्तो रहेको छ भन्ने बारे जंगलको अवस्था, संरक्षण, उपभोग, हरियाली आदि अवयवहरुले निर्माण एवं निश्चित गरेको हुन्छ । अतः डोल्पा जिल्लाको

कूल वन क्षेत्रले ओगटेको भाग ८ प्रतिशत रहेको छ भने सो जिल्ला भित्रको तिन्जे गाउँपालिका लगायत सम्पूर्ण उपल्लो डोल्पामा वन क्षेत्रले ओगटेको भाग निकै नगन्य रहेको छ । यस डोल्पोबुद्ध गाउँपालिकाले गाउँपालिकाको कूल क्षेत्रफलको करिब ६१.२८ हेक्टर वनले ढाकेको छ । (स्रोतः जिवका, २०५८) । डोल्पा जिल्लामा सामुदायिक वन, निजी वन र कबुलियति वन पाईएता पनि यस डोल्पोबुद्ध गाउँपालिका कुनै पनि प्रकारको वनको अस्तित्व भेटिदैन् । केवल राष्ट्रिय वन मात्र रहेको छ । यस डोल्पोबुद्ध गाउँपालिकामा शितोष्ण, कोणधारी र उष्ण हिमाली खालका साना बुट्यान तथा झाडी प्रकारका विरुवाहरु नगन्य मात्रामा भेटिन्छ । बर्षेनी आँगोलागी र जीवनबुटी संकलकहरुको चाँपले गर्दा उपलब्ध वनको विनास भै तापक्रममा वृद्धि, मौसम परिवर्तन र खडेरी समेत दिनादिनै हुँदै गईरहेको छ ।

### ७.१.१ गैरकाष्ठजन्य वनपैदावार

समग्र डोल्पा जिल्ला जैविक विविधताको दृष्टिले धनी रहेता पनि यस डोल्पोबुद्ध गाउँपालिकामा केही मूल्यवान वनजन्य पैदावारहरु पाउन सकिन्छ । ती वनपैदावरहरुमा जीवनबुटी, भुतकेस, डालेचुक र धुपी पाइन्छ । यी बाहेक अन्य कुनै पनि प्रकारका गैरुकाष्ठ जन्य वनपैदावरहरु भेटिदैन् ।

### ७.१.२ राष्ट्रिय निकुञ्ज, आरक्षण र मध्यवर्ती क्षेत्रको विवरण

डोल्पामा मुख्य आकर्षक र अर्थ उपार्जनको लागि प्रसिद्ध शेफोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्र समावेश भएता पनि यस डोल्पोबुद्ध गाउँपालिकामा कुनै पनि प्रकारका निकुञ्ज, आरक्षण, ताल र सिमसार क्षेत्र भेटिदैन ।

### ७.१.३ जङ्गली जनावर तथा चराचुरुङ्गीहरु

यो डोल्पोबुद्ध गाउँपालिकाको सबै बस्तीहरुको जंगलमा पाउने जनावर र चराचुरुङ्गीहरु समान प्रजातिका पाईन्छन् । जस अन्तर्गत हिउ चितुवा, नाउर, वन मुसो, न्यारी मुसो, खरायो मुसा, खैरो ब्वाँसो, तिब्बतीयन खरायो जस्ता जंगली जनावरहरु पाइन्छन् । त्यस्तै, चराचुरुङ्गीहरुमा गिद्ध, चिल, च्याँखुरा लगायत अन्य ढुकुर, लेकाली डाँफे, कौवा, बाँज आदि पाइन्छन् । अझ विस्तृत शे-तिन्जे राष्ट्रिय निकुञ्ज शिर्षकमा उल्लेख गरिएको छ ।

यसरी समग्रमा वन तथा वातावरणको क्षेत्रमा शिक्षाको कमी, अव्यवस्थित तरिकाले जडिबुटीहरुको संकलन, जटिबुटीहरुको बजार र उचित मूल्यको अभाव, चरन क्षेत्र संरक्षण, सम्बर्द्धनमा यथोचित ध्यान नगएको, अवैध र लुकीछिपी चोरी शिकारी हुनाले जंगली जनावर र पंक्षीहरु वर्षेनी लोप हुने अवस्थामा रहेकोले वैज्ञानिक र व्यवस्थित तरिकाले वन तथा जैविक वातावरण संरक्षण, दुर्लभ वन्यजन्तु र चराचुरुङ्गहरुको बासस्थानको संरक्षण गरेमा जनताको जीवनस्तरमा सुधार हुने र विभिन्न अध्ययन, अनुसन्धान, अवलोकन भ्रमणमा समेत पर्यटकहरुको आवगमनमा वृद्धि हुने सम्भावना रहेको छ । यसको अलावा उपल्लो भोट क्षेत्रमा जंगलको अभाव रहेकोले वृक्षारोपणको लागि प्रसस्त ठाउँ रहेकोले पिपल, बैस, धुपी, क्लोभर घाँसको रोपण गरी हरियाली तथा वन जंगलको क्षेत्रफललाई विस्तार समेत गर्न सकिन्छ ।

### ७.१.४ नदी कटान तथा डुवान, पहिरो तथा भूक्षय

डोल्पोबुद्ध गाउँपालिकाको अधिकांश भूभाग भिरालो कडा चट्टान, हिमाल, भिर पाँखाहरुले ओगटेकोले हिमालको खोचमा बस्ती विकास तथा व्यवस्थापन भएकोले नदी कटान तथा डुवान लगायत हिम पहिरो र सुख्खा पहिरोको जोखिम गाउँपालिकाको केही बस्तीमा रहेको छ । तथापि भरपर्दो तथ्य र तथ्यांकको अभावमा एकिनका साथ कुन बस्तीमा कस्तो प्रकारको प्राकृतिक जोखिम रहेको छ, सोबारे स्पष्ट जानकारी पाउन सकिएको छैन् । तै पनि उपलब्ध सूचनाको आधारमा सिमेन बस्ती हिम पहिरो र केही स्थानमा नदी कटानको सम्भावना रहेको छ ।

यसरी सम्बन्धित स्थानीय निकायहरुले सहभागितामूलक तरिकाले विपद् व्यवस्थापन योजना निर्माण गर्रा सोको आधारमा नीति, योजना, कार्यक्रम र कार्ययोजना तुर्जमा गरी बस्तीस्तरमा कार्यान्वयन गरी भविश्यमा हुने सम्भाव्य क्षतिलाई रोक्न वा न्यनीकरण गर्न ठिलो गर्नु हुदैन ।

## परिच्छेद-८
## संस्थागत विकास

मानवताको सर्वाङ्गिण विकास र वृद्धिका लागि संस्थागत तथा जनशक्ति विकास पनि महत्वपूर्ण पक्ष हो । संस्थागत विकास विनाको विकास सधैं अपूर्ण र एकाङ्गकी हुन्छ । यस प्रकारको विकासले विकास सम्बन्धी मानवी प्रयासलाई दिगो, प्रभावकारीका साथै उपलब्धिमूलक बनाउन, शक्तिका लागि समूहमा आबद्ध गर्न, विभिन्न तालिम, सीप, शिक्षा, सहभागिता, समानता, सुशासन, समावेशी जस्ता विषयहरु नै यस संस्थागत विकासमा समावेश हुन्छन् । मानव अधिकारको रक्षा, नागरिक सशक्तिकरण, विभेद निराकरण, बचत संकलन, आयआर्जनमा सुधार, प्रजातान्त्रिक संस्कारको विकास, नेतृत्वको विकास, गरिबी निवारण, स्वाबलम्बी भावनाको विकास, सामुहिक र सहभागितामूलक विकास प्रयासलाई सार्थकता प्रदान गर्न विभिन्न आमा, महिला, बचत तथा ऋण, नागरिक निगरानी समूह, बालक्लव, किशोरकिशोरी समूह, एकल महिला, ज्येष्ठ नागरिक समूहहरु समुदायमा खडा गरिएका हुन्छन् । मूलतः संस्थागत विकास कार्यमा सरकारी निकायहरु भन्दा गैर सरकारी निकायहरुको ठूलो भूमिका रहेको हुन्छ । स्थानीय निगरानी समूह, बाल समूह, आमा समूह, युवा क्लवहरुको भूमिका पनि उल्लेख्य रहेको हुन्छ । नीति, योजना,

कार्यक्रम, कार्यविधि, आयोजनाको निर्माण, कार्यशैली, आवश्यक जनशक्तिको आँकलन, आपूर्ति, अनुशिक्षण, आर्थिक व्यवस्थापनका कार्यहरु समेत संस्थागत विकासमा पर्दछन् । सामाजिक परिचालन, सार्वजनिक जवाफदेहिता, प्रभावकारी कार्यान्वयन, सहभागितामूलक अनुगमन, श्रोत, सामर्थ्य, अवसर एवं लाभको समन्यायिक वितरण जस्ता विषयहरु संस्थागत विकासका लागि अनिवार्य शतहरु हुन् । अ/राष्ट्रिय गैर सरकारी संस्था, सहकारी समूह, नीजि क्षेत्र, स्थानीय निकाय, विषयगत कार्यालयहरुको र जनताको स्वःस्फूर्त सहभागितामा सुशासन र सदाचारयुक्त शैलीको कार्य प्रक्रियाले मात्र संस्थागत विकास मार्फत सामाजिक समानता हासिल गर्न सकिन्छ ।

## ८.१ गाउँपालिकामा स्थापित गैर सरकारी संस्था सम्बन्धी विवरण

गैर सरकारी संस्थाहरु सरकारका सहयोगी हुन नकी प्रतिस्पर्धी । विश्वमा ठूलो वा सानो सरकार भन्दा असर सरकारको अवधारणले मान्यता पाउदै आएको परिपेक्ष्यमा निजी क्षेत्र र गैर सरकारी संघ संस्थाहरुको भूमिका बढदै गएको पाइन्छ । भनिन्छ, "The Government is Best, Which Does the Least" । यो वाक्यांशलाई मनन् गर्ने हो भने पनि संस्थाहरुको भूमिका अझ थप प्रष्ट हुन आउछ । आजको विश्वव्यापीकरण, उदारीकरणको जमानामा यस्ता स्वयम्सेवी गैर सरकारी संस्थाहरुको ठूलो भूमिका रहदै आएको छ । दुर्गमका दूरह बस्तीहरुमा जहाँ राज्यको उपस्थिति निकै पातँलो र कम हुन्छ त्यस्ता ठाउँमा छिटो छरितो गैर सरकारी संस्थाहरुको प्रभावकारी उपस्थिति रहन्छ वा हुन्छ । समाजमा विभिन्न खालका विभेद, असमानता र असहजतालाई सम्बोधन गर्न संस्थाहरु सफल भएका छन् र सक्षम बनेका छन् । तसर्थ सरकारले विभिन्न विधि र नीति, नियमको तर्जूमा गरेर व्यवस्थित पारदर्शी भने बनाउन सक्ने अवस्था रहन्छ ।

आज नेपालभर २८,३० हजार गैर सरकारी संस्थाहरु विधिवत प्रकारले दर्ता भई संचालनरत छन् । तथापीः छुट्टै ऐन द्वारा स्थापित यस्ता गैर सरकारी संस्थाहरुको स्थापना र कार्य संचालन यस डोल्पोबुद्ध गाउँपालिकामा एक एकाँध बाहेक अन्य संस्थाहरु अस्तित्वमा रहेको पाइदैन् । डोल्पोबुद्ध गाउँपालिका अन्तर्गत सिद्धार्थकुला र इन्द्र धनुष प्रा.वि.मा विभिन्न विदेशी व्यक्ति र संस्थाहरुले आर्थिक र वस्तुगत सहयोग गरेको पाइन्छ । तथापिः, त्यसको व्यवस्थित अभिलेख पाउन सकिएको छैन् ।

## ८.२ सहकारी संस्था सम्बन्धी विवरण

सहकारी संस्थाहरु ग्रामीण गरिबी निवारणका मुख्य अस्त्र वा आधारस्तम्भ हुन सक्ने राय विभिन्न विकासविद्धहले व्यक्त गरेता पनि व्यवहारमा नेपालको सम्बन्धमा अझै सहकारी आन्दोलनले अपेक्षित उपलब्धी हासिल गर्न सकेको छैन् । हालसालै सरकारले अर्थतन्त्रको विकासको लागि तीन खम्बे अर्थ नीतिलाई अगिंकार गरे अनुसार सरकार, सहकारी र निजी क्षेत्रलाई जोड दिएको पाइन्छ । पछिल्लो समयमा सहकारीको महत्वलाई आत्मासाथ गर्दै सरकारले हालै छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना पनि गरिएको छ । डोल्पा जस्तो दुर्गम हिमाली क्षेत्रमा सहकारीको प्रभावकारिता झनै देखिन्छ । जहाँ वित्तीय संस्थाहरुको उपस्थिति ज्यादै नगन्य मात्रामा त्यो पनि सदरमुकाम केन्द्रीत रहेको हुनाले सहकारीको सान्दर्भिकता समयक्रमसँगै बढदै गएको पाइन्छ । यसरी सहकारीको बृहत महत्व र आवश्यकता रहदा रहदै पनि यस डोल्पोबुद्ध गाउँपालिकामा हालसम्म कुनै पनि प्रकारका सहकारीको स्थापना हुन सकेको छैन् । यो ज्यादै बिडम्बनाको विषय हो । त्यसैले आगामी दिनमा समबन्धित निकायले ध्यान दिनुपर्ने र गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी जस्ता नारालाई अबिलम्ब कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

## ८.३ गाउँपालिकाका राजनीतिक दल र विगतमा निर्वाचित पदाधिकारी सम्बन्धी विवरण

प्रजातान्त्रिक मुलुकमा आवधिक निर्वाचन नै प्रजातन्त्रको सवल पक्ष हो । आफूद्वारा बहुमतको आधारमा निर्वाचित हुने र शासन गर्ने परिपाटी प्रजातान्त्रिक अध्यास भएका मुलुकमा मात्र यस्ता अवसर रहन्छ । प्रजातानित्रक मुलुकमा निर्वाचनको विकल्प निर्वाचन बाहेक अरु हुन सक्दैन् । तर नेपालको परिवेशमा विगत लामो समयसम्म पनि स्थानीय निर्वाचन हुन सकेको छैन र यो अवस्था भविश्यमा अझ कति दिन स्थानीय निकाय रिक्त रहन्छ अनुमान गर्न कठिन छ । नेपाल १० वर्षे जनयुद्धको भूमरीमा धकेलिए पश्चात दोस्रो जन आन्दोलन २०६२/०६३ को परिणाम स्वरुप संविधान सभाको निर्वाचन नै सम्पन्न गरी प्रजातान्त्रिक अभ्यासको विकास गर्न पाएका छन् । यसरी नेपालमा वि.सं. २०७० मा पुनः दोस्रो संविधान सभाको चुनाव सम्पन्न भई नेपालमा पहिलो पटक सङ्घीय संविधान जारी भयो । तत् पश्चात पनि केबल जनताले संविधान सभाको चुनावको अभ्यास मात्र गर्ने अवसर प्राप्त भयो । सोही चुनावको आधारमा तिन्जे गाउँपालिकामा प्रमुख क्रियाशील राजनैतिक दलहरु तत्कालीन नेकपा माओवादी, एमाले, काँग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्र आफूना चुनाव गतिविधिहरु संचालन

गरेका थिए । हालसम्म पनि यस गाउँपालिकामा क्रियाशील राजनैतिक पार्टीहरु उपरोक्तहरु नै हन् र अन्य कुनै नविन थप पार्टीको संगठन विस्तार यस गाउँपालिकामा भएको छैन ।

तसर्थ, यस गाउँपालिकामा विगतमा स्थानीय निकायको चुनावमा निर्वाचित भएका पदाधिकारीहरुको नामवली प्रस्तुत गरिएको छ ।

| क्र.सं. | अध्यक्षको नाम | उपाध्यक्षको नाम | पदावधि | ईलाका नं. ६ |
|---|---|---|---|---|
| १ | श्री लावाङ्ग गुरुङ्ग | श्री कार्मा छोईवेल गुरुङ्ग | २०५४-२०५९ | श्री ठिल्लेलुण्डप गुरुङ्ग |
| द्द | श्री तार्केधावा गुरुङ्ग | श्री छेवाङ गुरुङ्ग | २०५४-२०५९ | कमल रोकाया |

## ८.४ लैंगिक समानता र विकास

समाज विकासको हरेक चरण तहमा लैंगिक र जातीय आधारमा समान सहभागिता हुनुपर्ने तर्क समाजशास्त्रीहरुको रहेको छ । अहिलेको प्रजातान्त्रिक मुलुकको मुख्य ध्यय पनि हो । जबसम्म पुरुष सरह महिलाहरुको समान ढंगले अर्थपरुर्ण सहभागिता रहदैन् तबसम्म समाज विकासले समुन्नत समाजको सपनालाई गहिरो ढंगले प्राप्त गर्न सक्दैन् । बिगतमा भन्दा क्रमिकताका साथ समाजमा लैगिंक असमानतामा न्यूनीकरण आएता पनि अझै धेरै काम गर्न बाँकी देखिन्छ । जबसम्म लैगिंक विभेदको खाड्ललाई समाप्त गर्न सकिदैन तबसम्म महिलाहरुको स्थितिमा सुधार आउन सक्दैन । लैगिंक समानता र विकास कार्यको अचुक औषधी भनेको नै शिक्षा हो । महिला र बालिकाहरुको शैक्षिक अवस्थामा सुधार देखा पर्दा मात्र समाज विकासले सार्थकता हासिल गर्न सक्छ । अझै पनि यस तिन्जे गाउँपालिकामा लगभग धेरै प्रतिशत घरधुरीहरुको मुख्य व्यक्ति (House Head) पुरुष नै रहेका छन् । यदि पुरुष नभए मात्र महिला घरमूली रहेको अवस्था यस गाउँपालिकामा देखिन्छ । अतः बस्तीको तथ्यांकीय आधारमा लैगिंक समानताको सन्दर्भलाई उजागँर गर्ने भन्दा पनि सारांशमा लैगिंक अवस्थाको आशयलाई यहाँ व्यक्त गरिएको छ । घरमूली पुरुष भएता पनि पारिवारिक निर्णय गर्न, घरायसी कामकाज संचालन गर्न, खेतीबाली लगाउन महिला र पुरुषको समान हैसियत रहेको पाइन्छ भने बैंकमा खाता संचालन गर्न, उपभोक्ता निर्माण समितिमा सहभागिता दर्शाउन, उद्योग व्यापार गर्ने कार्यमा पुरुषकै बाहुल्यता रहेको अवस्था छ । यद्यपीः सार्वजनिक निर्माण कार्यमा निश्चित प्रतिशत महिलाको हुने भन्ने स्पष्ट नीतिगत व्यवस्था भएता पनि व्यवहारमा सार्थक सहभागिता भेटिदैन् ।

## ८.५ सामाजिक परिचालन सम्बन्धी विवरण

सामाजिक परिचालन समाज विकासको मुख्य द्योतक हो । यसको सही परिचालनले समाजमा भएका विविध प्रकारका असमानता, अन्याय, अभावलाई न्यूनीकरण गरी सशक्त र सबल समाजको सृजनामा जोड दिन्छ । समाजमा कमजोर र पछाडि पारिएका समूहहरुलाई विकासको मूलधारमा समावेश गरी विकासको प्रतिफल समानुपातिक र समावेशी ढंगले विटरण हुने अवस्था सृजना हुन्छ । सामाजिक, आर्थिक र भौतिक पछौटेपनलाई हटाई सदाचार, सुशासनयुक्त र सक्षम नागरिक निर्माण गर्नका लागि सामाजिक परिचालन अद्भूत एवं अचूक औषधी हो । शान्तिपूर्ण र सहभागितामूलक समाजिक आन्दोलनको भावनालाई समुच्चरुपमा समेटी समाजका सबै वर्ग, लिङ्ग जाती, समुदायलाई विकास निर्माण काममा क्रियाशील बनाउने काम समेत सामाजिक परिचालनले गर्दछ । विभिन्न सरकारी गैर, सरकारी र निजी समूहहरुले समाजिक परिचालनको पाँटोलाई सशक्तरुपमा संगठित तरिकाले परिचालन गरेता पनि अझै समाजमा हरेक प्रकारका सामाजिक विभद, विभाजन, विपन्ताको कुचक्रमा तमाम् समुदाय रुमल्लिनु पर्ने बाध्यता रहेको छ ।

अततः जिल्ला समन्वय समिति स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस डोल्पोबुद्ध गाउँपालिकामा सामाजिक परिचालनको काम सन् २००९ देखि लागु भएता पनि विविध उतार चढावका साथ स्थानीय निकायको लामो रिक्तताको अभावलाई आपूर्ति गर्न हरेक वडामा वडा नागरिक मञ्च र विपन्न बस्तीहरुमा नागरिक सचेतना केन्द्र गठन र पचिालनका कामहरु संचालन भै रहेका छन् । जुन कार्यक्रमको विस्तृत विवेचना छुट्टै खण्डमा गरिएको छ ।

## ८.६ बालमैत्री स्थानीय शासन

बालबालिका हरेक विकास निर्माण कार्यका लागि बहुक्षेत्रीय विषय हुन् । विकासका कामले समाजमा रहेका बालबालिकाहरु पनि लाभान्वित हुने हुनाले उनीहरुको भलाई र हितमा हुने गरी कार्य संचालन गर्नुपर्ने हुन्छ । कुल जनसंख्याको झण्डै ४५ देखि ४८ प्रतिशत जनसंख्या १८ वर्षभन्दा तल उमेर समूहका हुनाले उनीहरुले अन्य युवा, बयस्क र बृद्धहरुले सरह समान किमिसले लाभ पाउनुपर्दछ । बालबालिको सर्वाङ्गिण स्वार्थ र हितलाई ध्यान दिई

नेपाल सरकारले बालमैत्री स्थानीय शासन रणनीति २०६८ स्वीकृत गरी लागु गरेको छ र उक्त रणनीतिलाई सबै स्थानीय निकाय लगायत अन्य सबै सरोकालवालाहरुले समान महत्वका साथ अगिंकार गर्नुपर्ने हुन्छ । सोही अनुसार यस डोल्पोबुद्ध गा.पा.ले पनि बालमैत्री स्थानीय शासन रणनीति २०६८ अभिमुखिकरण र अवलम्बन गरिसकेको छ । बाल अधिकारको सुनिश्चिता र सफलताका लागि विभिन्न विषयगत सूचकहरु २७ संस्थागत सूचकहरु १२ गरी कुल ३९ वटा सूचकहरु कम्तिमा पनि विकास साझेदार निकायहरुले अवलम्वन गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ । आजका साना बालबालिका भविश्यका कर्णधार एवं समाज निर्माताका साथ एक असल र योग्य नागरिक तयार हुने हुनाले उनीहरुको चौतर्फी विकास र वृद्धिका लागि अनुकूल र उपयुक्त वातावरण निर्माण गर्न जरुरी हुन्छ । यसरी जनसंख्याको भण्डै ५० प्रतिशत हिस्सा ओगटेका बालबालिकाहरुलाई स्थानीय शासन प्रक्रियामा समावेश गर्न सोही अनुसारको नीति, योजना, कार्यक्रम, क्रियाकलपाहरु संचालन गर्न विद्यालय र समुदायस्तरमा बाल क्लब, बाल सञ्जालहरु गठन र परिचालन गाउँपालिकाले नियमति गर्दै आएको छ । बालबालिकाहरुको संस्थागत क्षमता विकासका लागि आवश्यक बजेट बिनियोजन गरी बालमैत्री विद्यालय, भौतिक संरचना, बालमैत्री परिवार, समाज निर्माणका लागि बालमैत्री रणनीतिले तोकेको गाउँपालिकास्तिरीय बालमैत्री स्थानीय शासन समितिको गठन र परिचालनको पनि व्यवस्था गरेको छ । यी बालबालिकाहरुको तमाम् समस्या र सवाँलहरुलाई सयमै सम्बोधन गरी बाल सहभागिता, विकास, संरक्षण, सुरक्षा जस्ता बाल अधिकार सूनिश्चितका लागि तिन्जे गाउँपालिकाले सालिन्दा आयोजना हुने वार्षिक योजना तर्जुमा बैठकमा बालबालिकाहरुले सहभागिता गरी कुल पूँजीगत बजेटको कम्तिमा १५ प्रतिशत बजेट विनियोजन गरी बालबालिका मार्फत पहिचान गरिएका आयोजनाहरुमा खर्च गर्ने परिपाटीको किवास भई रहेको छ ।

**८.७ जनसहभागिता**

विकासमा जनसहभागिता अनिवार्य शर्त भएता पनि वि.स. २०४७ पश्चात विकास निर्माण प्रक्रियामा जनसहभागिताको पक्ष निकै कमजोर रहेको छ । हरेक नीति, ऐन नियम, कार्यविधिहरुमा जनसहभागितालाई विशेष महत्व र स्थान दिइएता पनि व्यवहारमा सो अनुसार पाउन सकिएको छैन् । स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा योजना तुर्जमाको हरेक चरणमा जनसहभागिताको माग गर्दछ । आवश्यकता पहिचान, प्राथमिकीकरण, छनौट, कार्यान्वयन, अनुगमन मुल्याकंन, संरक्षण, सुधार, संचालन र लाभ लागत वितरणमा अर्थपूर्ण जनसहभागितालाई जोड दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय निकाय श्रोत परिचालन र व्यवस्थापन कार्यविधि २०६९ ले स्थानीयस्तरमा संचालन हुने ६० लाखसम्म लागत भएका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन हुने व्यवस्था गरेको छ ।

जनसहभागितालाई जोड दिने गरी नेपाल सरकारले जनसहभागितामा आधारित विकास कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ । जस्तै, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, आफ्नो गाउँ आफै बनौऔ जस्ता कार्यक्रमहरु विगत वर्षबाटै संचालन भएता पनि साँचो अर्थ र अवधारणमा लागु भएका छैनन् । योजनाको प्रारम्भ देखि नै जनसहभागिता खोजिनुपर्नेमा योजनाको छनौट हुनु, योजनामा भ्रष्टाचार हुनु, जनतामा अपनत्व नहुनु आदि जस्ता कारणहरुबाट स्थानीयस्तरमा जनसहभागिता जुटाउन कठिन भइरहेको छ ।

खास लक्षित वर्ग एवम् लाभान्वित वर्गहरुको सहभागिता जुटाउन सकेमा योजनामा लागत कम हुने, समयमै काम सम्पन्न हुने, स्थानीय उपलब्ध श्रोत साधन, सीपको प्रयोग हुने, भ्रष्टाचार नियन्त्रण हुने, विकास निर्माणका संरचनाहरु बलिया र गुणस्तरीय हुन्छन् । यसरी विकास जनता मार्फत भन्ने भावनाको विकास भएमा, हाम्रो विकास राम्रो विकास हाम्रो विकास हामी बाटै भन्ने सकारात्मक सोचको विकास र परिचालन गर्न सकिएमा, जनसहभागितामा सम्पन्न भएका विकासका काममा सम्मान, स्वागत् र पुरस्कृत गरिएमा जनसहभागिताको ठोस अर्थ र आयामहरुलाई आत्मसाथ गर्न सकिएमा विकास कार्यले सार्थकता र सफलता पाउने देखिन्छ । फलस्वरुप आत्मनिर्भर, स्वाबलम्बी भावना पैदा हुनुका सार्थ सरकारको कार्यबोझमा कमी, स्थानीय नेतृत्वको विकास, प्रजातान्त्रिक संस्कारको सुरुवात, सामुहिक भावनाको किवास हुने कार्यले मूर्तरुप लिने पर्यापत सम्भावना रहेको पाइन्छ ।

**८.८ सुशासन**

समकालीन विकास प्रयासमा सुशासन शब्दले ठूलो चर्चा पाएको छ । हरेक सार्वजनिक चासो र सरोकारको विषयमा सबैले सूचना, जानकारी पाउनुपर्ने भनि सूचनाको हकमा नै स्पष्ट व्यवस्था गरेको छ । सुशासनले सधै जनसहभागिता, कानूनी शासन, पारदर्शीता, उत्तरदायित्व र सेवाको आँकलनलाई जनाउँद छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले जनताको सरोकारको विषयमा सेवाको केन्द्रीय एवं अग्रभागमा रहेका जनता प्रति कामको

हिसाबमा उत्तरदायी हुनुपर्ने कानूनी व्यवस्था रहेको छ । सुशासनले समाजमा सदाचार, सरकार प्रतिको विश्वास, भरोसा र अपनत्वमा बृद्धि गर्छ । यसरी सुशासनको अम् मर्मलाई आत्मसाथ गर्न यस डोल्पोबुद्ध गाउँपालिकाले पनि सुशासनको पाँटोमा विभिन्न कामहरु संचालन गरेको छ ।

जस अन्तर्गत, नागरिक समावेशी र सहभागितामूलक योजना तर्जुमा प्रक्रिया, सार्वजनिक समिक्षा, सुनुवाई, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था, नियमित सम्बन्धित निकायमा प्रगति प्रतिवेदन पेश र परिषद्का निर्णयहरुको जानकारी, हरेक आयोजनाहरुमा सूचना पार्टीको व्यवस्था भएता पनि अझै सुशासनको मामलामा थप कार्यहरु गरिएमा सुशासनले सार्थकता पाउने छ । जस्तै नागरिक वडापत्रको व्यवस्था, उजुरी पेटिका र त्यसको कार्यान्वयन, गाउँपालिकाको कामकाजको बारेमा नियमित पत्रकार भेटघाट, रेडियो, एफ.एम., पत्रपत्रिका मार्फत सार्वजनिक गर्ने, गाउँपालिकाको वेभ साईट निर्माण, नियमित अध्याधिक, सामाजिक परिक्षण, कार्यालयको सूचना पाटीलाई व्यवस्थित र बालमैत्री, अपाङ्ग, लैङ्गिक मैत्री व्यवस्था र व्यहार बनाउने, हट लाईन, डिजिटल सूचना पाटी, टोल फ्रि नम्बरको व्यवस्था, नागरिक निगरानी समूह, अनुगमन मूल्याकंन समितिको गठन र परिचालन भएमा गाउँपालिकाको कामकाजमा थप पारदर्शीता हासिल हुने छ ।

### ८.९ न्यूनतम शर्त कार्यसम्पादन मापनको स्थिति

वर्षेनी स्थानीय निकायहरुको (गाउँपालिकाको) न्यूनतम शर्त कार्यसम्पादन मापन कार्य स्वतन्त्र परामर्श दाता मार्फत सम्पन्न गरिन्छ । सोही आधारमा थप अनुदान गाउँपालिकाले पाउने नपाउने अवस्थाको सुनिश्चित गरिन्छ । गाउँपालिकाले कार्यविधि, विधि, प्रक्रिया, तोकिएको लाभ लागत तोकिएको ऐन नियम अनुसार संचालन भए नभएको सम्पादित काम प्रक्रिया र पद्धत्ति अनुसार भए नभएको एकिन गर्ने कार्य न्यूनतमशर्त मापन र जुन प्रतिलफल हासिल गर्ने गरी विकासका काम संचालन गरिएको हो सो अनुसार प्रतिफल तथा उपलब्धि हासिल भयो भएन्, सुशासन, जवाफदेहिता, सहभागिता आदि विषयवस्तुहरु कार्यसम्पादन मापन मूल्यांकनमा जाँच गरिन्छ । अतः विगत आ.ब.मा डोल्पोबुद्ध गाउँपालिकाले न्यूसकासमा हासिल गरेको उपलब्धि यस प्रकार रहेको छ ।

| क्र.सं. | गा.बि.स. | आ.ब. | न्यूसकासको नतिजा | कैफियत |
|---|---|---|---|---|
| 1 | wf],ltGh] | 2065/066 | ;kmn | ;a} uf=la=;= ;kmn |
| 2 | wf] ltGh] | 2066/067 | ;kmn | b'g},h'kmfn / nfjg dfq c;kmn |
| 3 | wf] ltGh] | 2067/068 | ;kmn | 11 uf=la=;= c;kmn |
| 4 | wf] ltGh] | 2068/069 | ;kmn ltGh] c;kmn | leh]/ kmfS;'G*f],lns',;ld{ / ltGh] c;kmn |
| 5 | wf] ltGh] | 2069/070 | c;kmn | gs'{,;fNbf෴,dfemkmfn, lns',/ sflnsf uf=la=;= ;kmn |
| 6 | wf] ltGh] | 2070/071 | ;kmn | kmf]S;'G*f], nfjg, dfemkmfn, h'kmfn Nxf ,/ sflnsf c;kmn |
| 7 | wf] ltGh] | 2071/072 | c;kmn | 23 uf=la=;= c;kmn |

### ८.१० गा.पा.को वित्तीय विश्लेषण तालिका

| क्र.सं. | वित्तीय विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७१/०७२ | | २०७२/०७३ | | २०७३/०७४ | |
| | | चालु | पूँजी | चालु | पूँजी | चालु | पूँजी |
| 1 | uf=la=;= cg'bfg | 453000 | 104700 | 453000 | 1690000 | 545000 | 5917000 |
| 2 | uf=la=; | 453000 | 103653 | 453000 | 174800 | 545000 | 6457000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | = cg'bfg | | 0 | | 0 | | |
| 3 | ;fdflhs ;'/lff ;zt{ cg'bfg | 2257200 | | 1965600 | | | |
| 4 | s)ff{nL /f]huf/ | 3163200 | 1141230 | 2871600 | 3438000 | 1090000 | 12374000 |

अन्तमा, समग्र संस्थागत विकासको क्षेत्रमा गाउँपालिका र समुदाय केन्द्रीत समूह, सहकारी, संस्थाहरुको संस्थागत क्षमता विकास एवं विश्लेषण र सुधारमा कम ध्यान दिनु, स्थानीय निकायको बढदो जिम्मेवारी, जनताको आशा, अपेक्षा र कामका प्रकारहरुमा बढोत्तरी, पातलो बस्ती, स्थानीय स्रोत साधनको अभाव र भएका जनशक्तिहरुको सीप र क्षमतामा कम, बैदेशीक लगानी उपल्लो क्षेत्रमा कम, निजी क्षेत्रको योगदान नरहेको र नागरिक समाज र गैससहरुको भूमिका निकै गौण रहेको परिप्रेक्ष्यमा गाउँपालिका लगायत गाउँपालिकामा कार्यरत अन्य निकायहरुको सशक्त र सबल तरिकाले परिचालन, व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## परिच्छेद-९
## चाड पर्व, जात्रा, धर्म, संस्कृति, पर्यटन तथा खेलकुद र मनोरञ्जन

### ९.१ मुख्य चाड, पर्व तथा मेला जात्रा सम्बन्धी विवरण

नेपाल राष्ट्र विविधतामा एकता, धार्मिक सहिष्णुता, विविध संस्कृति, परम्परा, चालचलन, धर्म संस्कृतिले सजिएको देश हो । जे जति धर्म संस्कृति, परम्परा, चालचलनहरु छन् ती हाम्रा पहिचान र गर्वका परिचायक हुन् । यसको उचित संरक्षण, व्यवस्थापन र पुस्तान्तरण गर्नु हामी सबैको परम् कर्तव्य हो । यस्ता सकारात्मक परम्परा, मूल्य मान्यताहरुको लोप हुनु भनेको हाम्रो पहिचान र मौलिकता गुम्नु हो । विभिन्न पर्व मेलाहरुले हाम्रो भेटघाट गराउने, आपसमा सद्भाव साट्ने, मित्रतालाई गाँस्ने, सम्बन्धलाई प्रगाढ तुल्याउने मुख्य आधारहरु हुन् । यसको महत्वलाई हामी सबैले मनन गर्नुपर्ने हुन्छ । तथापिः यस डोल्पोबुद्ध गाउँपालिकाको सन्दर्भमा पनि धर्ममा एक रुपता, भाषिक समानता र चाडपर्वमा सामिप्यता देखिन्छ । कारण यस क्षेत्रमा बौद्ध धर्मालम्बी र जातमा जनजातिहरुमा गुरुङ्ग, लामा, भोटेहरुको मात्र एकल बसोबास भएकोले खानपान, भेषभूषा, चाड पर्व, मेला जात्रामा पनि हुबहु एक रुपता पाइन्छ । त्यसैले यस क्षेत्रका सबै बस्तीहरुमा समान तरिकाले विगत देखि मनाउँदै आएको मुख्य मुख्य चाड पर्व, मेला जात्राहरुको किसिम र तरिकाहरु यस प्रकार रहेको छ ।

| जाति | मनाइने चाड पर्वको नाम र मिति | जात्रा | | मेला |
|---|---|---|---|---|
| गुरुङ्ग, भोटे, लामा | यस डोल्पोबुद्ध गाउँपालिको सिंगो बस्तीमा भोटे वा गुरुङ्गहरुको बसोबास भएकाले सबै बौद्धमार्गीहरु भएको हुँदा उनीहरुले मनाउने चाड पर्वहरुमा समेत एकरुपता रहेको छ । ल्होसार पर्व धुमधाम र खापानका साथ पुष माघ महिनामा मनाईन्छ । लामा, गुरुङ्ग जातिहरुको नव वर्षको प्रतिकको रुपमा ल्होसार पर्व मनाइन्छ ।<br>यो बौद्ध धर्मालम्बीहरुको ठूलो चाड हो । बिशेष गरी तिब्बतीयनहरुको नयाँ बर्ष माघ २०/२५ गते देखि फाल्गुनको १०/१५ गतेसम्म औसीको दिनमा सालको अन्त्य हुन्छ र शुल्क पक्षको परेवा देखि नयाँ बर्षको शुरुवात हुन्छ त्यसै अवसरमा यो पर्व मनाइन्छ । यो पर्व कुनै ठाउँमा माघ शुक्ल पक्षको परेवा देखि मनाउछन् भने कुनै ठाउँमा पौष कृष्ण पक्षको चर्तुदशी देखि मनाउने गरेको पाइन्छ । | पुष, माघ महिनामा | कुनै पनि प्रकारका जात्राहरु मनाउने गरेका जानकारी छैन् । | यस गाउँपालिकामा कुनै पनि प्रकारको मेलाहरु पहिले देखि चलि आएको देखिदैन । |

### ९.२ धार्मिक, ऐतिहासिक स्थल तथा पर्यटकीय स्थल सम्बन्धी विवरण

डोल्पा जिल्ला भित्रको यस डोल्पोबुद्ध गाउँपालिकामा पर्यटनको प्रचूर सम्भावना छ । प्रकृतिको सुन्दर संरचनाले गाउँपालिकालाई पर्यटकीय आकार्षणको केन्द्र बनाई वैदेशिक मुद्रा आर्जन गर्न सकिने यथेष्ट सम्भावना रहेको छ । पर्वत श्रृङ्खलाहरु, हिउँले ढाकिएको शिखरहरु, बोन पो धर्म, प्राचीन गुम्बाहरु आदि पर्यटकीय आकर्षणका अमूल्य निधिहरु हुन् ।

### ९.३ बोन पो धर्म (Pree-Buddhist Culture)

यो धर्म १८००० बर्षभन्दा अघि तोम्बा सेरान नाम गरेका व्यक्तिले शुरु गरेका थिए । साङसुङ साम्राज्य सक्रिया भएको बेला यो धर्मको स्वर्णिम युग मानिन्छ । तर पछि वर्तमान बुद्ध धर्मको प्रभाव बढेपछि यो धर्मको अधोगति शुरु भएको इतिहास पाइन्छ । तर डोल्पाको विकटता र एकान्तपनमा यो धर्म संरक्षित रही विश्वमै डोल्पाको बोन Practioners उदाहरणीय रुपमा पर्दछन् ।

### ९.४ संक्षिप्तरुपमा यस तिन्जे गाउँपालिकामा रहेको पर्यटकीय आकर्षणहरु

| क्र.सं. | पर्यटकीय स्थलको नाम | विशेषताहरु/आकर्षण | अवस्था/कैफियत |
|---|---|---|---|
| १ | तिन्जे उपत्यका | • धो तराप उपत्यका भन्दा ठूलो<br>• गुम्बाहरु रहेको, पुराना किल्लाहरु | • प्रतिबन्धित क्षेत्र<br>• तिब्बतसँग जोडिएको |

| | | | |
|---|---|---|---|
| | | • पुरानो हवाई मैदान (खम्बा बिद्रोहको बेला निर्माण गरिएको<br>• प्राकृतिक तथा सांकृतिक सौन्दर्य<br>• तिब्बतसँग जोडिएको महत्वपूर्ण नाका<br>• Dry Baren Steppe Landscape | पर्यटकहरुको लागि सुविधा र सेवाहरु नभएको<br>• तिब्बतको बजार लाग्ने ठाउँबाट धेरै नकिज |
| २ | तिन्जे विमानस्थल | • वि.स. २०६२ सालमा उल्लेख भएता पनि २०२५/०२६ मा निर्माण<br>• हालसम्म पनि विमानस्थल अवतरण गर्न सक्ने तर बन्द अवस्थामा | • स्वीस सरकारबाट निर्माण गरी पिलाटस पोर्टसर जहाज अवतरण गरेको भनाई |

**९.५ गाउँपालिकामा रहेका मुख्य गुमबा, तिर्थस्थल तथा मन्दिरहरुको विवरण**

| क्र.सं. | गुम्वा, तिर्थस्थल, मन्दिरको नाम | ठेगाना | विशेषता/मुख्य आकर्षण |
|---|---|---|---|
| १ | जाम्पा गुम्बा | धो ८ डोल्पा | १२ सन्तति पुरानो निग्माया सार्बजनिक |
| २ | रि बुम्पा गुम्बा | धो १ डोल्पा | ११ सन्तति पुरानो पुराना पुस्तकहरु पेन्टिङहरु ग्मिाया केन्द्रिय गुम्बा (भोट क्षेत्रको छ्यार्तेन पुराना मुलिहरु |
| ३ | सिपाचोक गुम्बा | धो ४ डोल्पा | बोन्दो गुम्बा ७ सन्तति पुरानो पुरानो मुर्तिहरु पुराना पुस्तकहरु पेन्टिङहरु |
| ४ | मेयपिम गुम्बा | धो ५ डोल्पा | १० सन्तति पुरानो निग्माया पुराना मुर्तिहरु |
| ५ | थकार गुम्बा | तिन्जे ७ डोल्पा | ४ सन्तति पुराना निग्माया र अरु आर्कषण गुम्बाहरु |
| 6 | डालुङ्ग गुम्बा | तिन्ज ३ डोल्पा | ९ सन्तति पुराना निग्माया र अरु आर्कषण गुम्बाहरु |
| 7 | बालुङ्ग गुम्बा | तिन्ज डोल्पा | प्राचिन एबं ऐतिहासिक सम्पदाहरु |
| 8 | पु गुम्बा | तिन्ज डोल्पा | प्राचिन एबं ऐतिहासिक सम्पदाहरु |
| 9 | सिमेन गुम्बा | तिन्ज डोल्पा | प्राचिन एबं ऐतिहासिक सम्पदाहरु |

**९.६ डोल्पोबुद्ध गाउँपालिकामा पर्ने मुख्य मुख्य भञ्ज्याङहरु**

| क्र.सं. | भञ्ज्याङको नाम | उचाइ (मि.) | पार गर्ने बाटो |
|---|---|---|---|
| १ | सेलामुच्चुङ | ५३६८ | धो बाट शे.गुम्बा जादा |
| २ | ज्योन्टा भन्ज्याङ्ग | ५२२१ | धो बाट साल्दाङ जाने बाटो |
| ३ | नमला | ५२३८ | धो बाट फोक्सून्डो जाने बाटोमा |
| ४ | बगला | ५२१४ | धो बाट फोक्सून्डो जाने बाटोमा |
| ५ | छोईला भन्ज्याङ्ग | ५०५१ | धो बाट तिन्जे जाने बाटो |
| ६ | चाल्ना भन्ज्याङ्ग | | धो बाट छार्का जाने बाटो |
| ७ | महोला | ५०३५ | तिन्जे बाट छार्का जानेबाटो |
| ८ | चाला | ५४५६ | तिन्जे गा.बि.स. (चिनसँगको सिमाना) |
| ९ | यानाङ | ५४८७ | तिन्जे गा.बि.स.(चिनसँगको सिमाना) |
| १० | मरिम | ५४८८ | तिन्जे गा.बि.स.(चिनसगको सिमाना) |
| ११ | पिण्डु | ५५८३ | तिन्जे गा.बि.स.(चिनसँगको सिमाना) |
| १२ | काङकुङ | ५८९० | तिन्जे गा.बि.स.(चिनसँगको सिमाना) |
| १३ | सेलामुच्चुङ | ५३६८ | धो तिन्जेबाट शे गुम्बा जादा |

**९.७ खेलकुद, पार्क तथा क्रिडास्थलको विवरण**

स्वास्थ्यका लागि खेलकुद, अनुशासन र शारीरिक व्यायम, मनोरञ्जन, ध्यान, मेला भर्न, तनाव कम गर्न वा हटाउन र स्वस्थ जीवनयापन गर्नका लागि खेलकुद, पार्क र क्रिडास्थलको आवश्यकता रहन्छ । खेलकुद, पार्क सम्बन्धी सुविधाले मानिसहरुको स्वास्थ्यमा सकारात्मक असर पार्दछ । अनावश्यक रोग लाग्न दिदैन्, शारीरिक तन्दुरुस्तले उत्पादकत्व बढाउन सहयोग गर्छ । विश्व स्वास्थ्य संगठनले प्रतिहजार जनसंख्यमा कम्तिमा आधा र

बढीमा ३ हे. सम्मको खुला क्षेत्र हुनुपर्ने मापण्ड तोकेको छ । हिमाली क्षेत्रमा पर्यात मात्रामा खाली जग्गा भएता पनि पूर्वाधार विकासको अभावमा सार्वजनिक खेलकुद मैदान, पार्कको व्यवस्था हुन सकेको छैन ।

### ९.८ डोल्पोबुद्ध गाउँपालिकामा रहेका होटल र पसलहरु

यस डोल्पोबुद्ध गाउँपालिकामा पर्यटनको सम्भावना भएता पनि व्यवस्थित होटल, लज, रेष्टुरेष्टहरु भेटिदैनन् । यस क्षेत्रमा आउने स्थानीय र अस्थानीय आगन्तुक एवं पर्यटकहरु स्थानीय बासिन्दाहरुको घरमा बस्ने र सुत्ने प्रचलन कायमा रहेको छ । अन्य कुनै व्यवसायिक र व्यवस्थित तरिकाले कुनै होटल पसलहरुको स्थापना एवं निर्माण हालसम्म भएको छैन् ।

अतः डोल्पोबुद्ध गाउँपालिकामा हालसम्म कुनै सार्वजनिक र संस्थागत खेलखुद मैदान, पार्क, मनोरञ्न र क्रिडास्थलको निर्माण तथा संचालन भएको देखिदैन् । केबल स्थानीयस्तरमा आयोजना गरिने विभिन्न खेलकुद, मनोरञ्जन, भेला जस्ता क्रियाकलापहरु संचालन गर्दा पायक पर्ने नजिकको विद्यालयको खेल मैदानलाई उपयोग गर्दै आएको अवस्था विद्यमान छ । अतः गाउँपालिकामा गाउँपालिकाको पायक पर्ने स्थानमा एउटा खेलकुद, भेला, कार्यक्रम, जमघट कार्यका लागि उपयुक्त स्थानको छनौट र निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## परिच्छेद-१०
## प्रकोप तथा शान्ति सुरक्षा

### १०.१ प्रकोप र यसको विवरण

प्राकृतिक प्रकोपले विभिन्न खालका विनासकारी विपत्ति कुनै पनि ठाउँमा कुनै पनि समयमा निम्तिन सक्छ । त्यस्ता प्रकोपले हजारौ संख्यामा जनधनको क्षति र लाखौं संख्यामा विस्थापनको अवस्था समेत आउन सक्छ । यी विनासकारी प्रकोप स्वःस्फूत, स्वभाविक र सामयिकरुपले देखा पर्छ र अस्तव्यवस्त, अन्धकार, अव्यवस्थित, अभाव र अस्वस्थताको अवस्था सिर्जना गर्दछ । प्राकृतिक घटनाहरु अनायासै घटेरै जान्छ र नियन्त्रण कसैको काबुमा हुदैन् मात्र केबल समयमै उद्धार, पुर्नस्थापना, राहत वितरण आदि कार्यहरु संचालन गर्न सकिन्छ । तर प्राकृतिक प्रकोपहरु जस्तै आगलागी, पहिरा, बाढी जस्ता विनासकारी घटना आउन नदिन समयमै सचेत रहने, प्रकृतिको मौलिक अवस्थामा नकारात्मक असर हुनेगरी वन फडानी, खोरीया, आगलागी आदि कार्यहरु रोक्न र निरोध गर्न उचित ध्यान दिई केही हदसम्म यस्ता विनासकारी घटनाहरु घटाउनमा सहायक भूमिका निभाउन सकिन्छ । यसरी यस्ता प्राकृतिक प्रलयहरु यस डोल्पोबुद्ध गाउँपालिकामा हालसम्म कुनै पनि प्रकारका प्रकोपहरु देखा परेको छैन् । स्थानीयस्तरमा जथाभावी वातावरण प्रदुषण, विकासको नामा वातावरणको मौलिकस्वरुपमा बिरुपता वा कुरुपना ले गर्दा विधि खालका प्रकोपहरु देखापर्दछन् । अतः भाग्यबस केही चौपायाँहरुको हिउँ पहिरोबाट भएको नोक्सानी बाहेक अन्य कुनै आम विनासकार्री घटनाहरुको सामना यस गाउँपालिकाका बस्तहिरुले गर्नु परेको छैन् र आशावादी बनौं भविष्यमा यस्ता खालका घटनाको आगमन हुनेछैन् । तसर्थ यसरी आशावादी बनिरहदा निर्धक्क हुने अवस्था भने छैन् । घटना पश्चातको पूर्व तयारी, आवश्यक पूर्व योजना, स्रोत सामग्रीहरुको व्यवस्था, सम्भाव्य पुर्नस्थापना स्थलहरुको पहिचान आदि काममा भने समयमै ध्यान पुर्‍याउनु पर्ने हुन्छ ।

यसरी विगत वर्षमा यस गाउँपालिकामा भएका धन एवं चौपायाँहरुको क्षति यस प्रकार रहेको छ ।

| क्र.सं. | वडा नं. | प्रकोपको नाम | | | | क्षतिको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महामारी | हिउँ पहिरा | पहिरो | बाढी | चौरी | रकम | |
| 1 | 1 | | ✓ | 44 v]t | 39 v]t | 13 | 1300000 | |
| 2 | 2 | afv\|f 25 ufO{ 3 | ✓ | 72 v]t | 16 v]t | 33 | 3300000 | |
| 3 | 3 | | ✓ | 33 v]t | 19 v]t | 9 | 900000 | |
| | जम्मा | | | 149 | 74 | 55 | 5500000 | |

### १०.२ सुरक्षा निकाय वा प्रहरी चौकी

यस गाउँपालिकाको सबै गाउँ टोलमा शान्ति सुव्यवस्था, अमन चयन कायम राख्न र सर्व साधारणहरुलाई सुरक्षाको अनुभूति दिलाउन राज्य पक्षबाट तिन्जे गाउँपालिकामा हालसम्म पनि कुनै प्रकारको राज्यस्तरबाट संयन्त्र खडा गरिउको छैन् र कुनै शान्ति सुरक्षासँग सम्बद्ध सरोकार र समस्याहरु देखा परेमा जिल्ला प्रहरी कार्यालय

डोल्पा दुनैले हेर्ने गरेको पाइन्छ । यसरी डोल्पोबुद्ध गाउँपालिकामा एएटा स्थायी प्रहरी चौकी स्थापना गरी भरपर्दो शान्ति सरक्षाको प्रत्याभूति दिलाउनु पर्ने आवश्यकता टड्कारो देखिन्छ ।

### १०.३ अपराधको विवरण (२०७२)

स्थानीय निकाय (गाउँपालिका) भनेको स्थानीय सरकार भएकाले उसले आफ्नो कार्य क्षेत्र भित्र कार्यपालिकीय, व्यवस्थापिकीय र न्यापपालिका सम्बन्धी कामहरु सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले देवानी फौजदारी अपराधका घटनाहरु (सम्बन्धित निकायहरुको कार्यक्षेत्र भित्र रही) को नियमन, निरुपण, अनुसन्धान, तहकिकात नियमन गर्ने निकायहरुको गाउँपालिकामा सधैंभरी उपस्थिति नहुँदा ढिलोगरी जिल्लामा अपराधका घटनाहरुको जानकारी हुने जसले गर्दा पिडित पक्षले सजिलै र छिटो न्याय नपाई कानूनी शासनको प्रत्याभूति हुन सकेको छैन् । छिमेकीहरुमा हुने विवाद, साँध, सिमाना, झगडा, अंश मुद्दा, शान्ति खल्बल्याउने, छाडा चौपाँया, अपराध, विभिन्न हिंसा, चोरी डकैती लुटपाट, कुटपिट, ठगी, जबरजस्ती करणी, हातहतियार खरखजना, सार्वजनिक सम्पत्तिको हिनामिना, नोक्सानी आदि घटनाहरुको आधिकारिक तथ्यांक उपलब्ध हुन सकेको छैन् । तसर्थ गाउँघरमा घटने सामान्य खालका घटनाहरुको विवाद समाधान गाउँका जानमान, मुख्य व्यक्ति र परम्परागत समूहहरुबाट मेलमिलापको माध्यमबाट समाधान हुने गरेको यदाकदा भेटिन्छ ।

## परिच्छेद-११
## गाउँपालिकाको भौतिक र वित्तीय विवरण

गाउँपालिकाहरु भनेको सरकारस्तरबाट स्थापना गरिएका ग्रामीण जनतालाई सेवा, सुविधा, सहुलियत, सुरक्षा, संरक्षण दिने सबैभन्दा तल्लो निकायहरु हुन । जनताको लागि प्रिय निकाय भनेको नै गाउँपालिकाहरु हुन् । ती निकाय जति सबल, सक्षमर सुद्धृढ हुन्छन् सोही आधारमा जनताले छिटो, सजिलो र सुलभ तरिकाले सेवा प्राप्त गर्ने अवस्था रहन्छ । गाउँपालिकामा विद्यमान जीवित र अजीवित सम्पत्तिहरुको उपलब्धताले निकै ठूलो असर पार्दछ, सेवा प्रवाहमा । दिनहु स्थानीय निकायको जिम्मेवारी बढिरहेको, स्थानीय निकाय हाल रिक्त रहेको अवस्थामा गाउँपालिकाको झन ठूलो भूमिका रहन्छ । आज स्थानीयस्तरमा वित्तीय स्रोतको अभाव वा कमीका कारणले गर्दा सामान्य भन्दा सामान्य खालका विकासात्मक क्रियाकलापहरु संचालन गर्न अरुको मुख ताक्नुपर्ने अवस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत परिचालन क्षमता निकै कमजोरका साथै सम्भाव्य स्रोतको खोजविन, अध्ययन र अनुसन्धान समेत उचित तरिकाले हुन सकेको छैन् । अतः यसरी नियमित रुपमा विगत आ.ब.हरुमा तिन्जे गाउँपालिकाको समग्र आय व्यय विवरण यस प्रकार रहेको छ ।

### ११.१ डोल्पोबुद्ध गा.पा.को प्रस्तावित नेपाल सरकार, जि.स.स. र गा.पा.को वार्षिक कार्यक्रमको विवरण

आ.ब. २०७३/०७४ का लागि प्रस्तावित आयोजना तथा कार्यक्रमको विवरण

| सि.नं. | आयोजनाको नाम | वडा नं. | आयोजनाको किसिम | स्रोत एवं लागत रकम |
|---|---|---|---|---|
| 1 | slG^h]G;L vr{ | | | 138400 |
| 2 | ;dk'/s sf]if | | | 200000 |
| | nlIft sfo{qmd cGt{ut -dlxnf 10 k\|ltzt_ | | | 216900 |
| 1 | dlxnfsf] xs clwsf/ ;DalGw cled'lvs/)f sfo{qmd | ltGh] uf=la=;= | Ifdtf lasf; | 150000 |
| 2 | dlxnf ;d'x u&g | ltGh] uf=la=;= | ;+:yfut lasf; | 66900 |
| | afnaflnsf qmfo{qmd -slDtdf 15%k\|ltzt _ | | | 325350 |

| | | | | |
|---|---|---|---|---|
| 1 | afne]nf qmfo{qmd | ltGh] uf=la=;= | ;+:yfut lasf; | 50000 |
| 2 | z}lIfs ;fdu\|L vl/b Pj+ lat/)f -O{Gb\| wg'if k\|f=la= | ltGh] j*f g+ 7-9 | ;fdflhs lasf; | 75350 |
| 3 | l;$fy{s'nf k\|f=la= lkmN* dd{t | ltGh] j*f g+ 3-5 | ;fdflhs lasf; | 200000 |
| | lk%l*Psf] au{ nlIft sfo{qmd | | | 325350 |
| 1 | l;d]g sf&]k'n dd{t ;'wf/ | ltGh] | k'af{wf/ lasf; | 275350 |
| 2 | ckfज्ञ tYofङ्क ;+sng / cled'lvs/)f | ltGh] | lfdtf lasf; | 50000 |
| | cfly{s ;fdflhs k'af{wf/ lasf; -slDtdf 60%_ | | | 581000 |
| 1 | ltGh]b]lv k' u'Daf ;Dd #f]=af= dd{t ;'wf/ | ltGh] j*f g+ 3-6 | k'af{wf/ lasf; | 200000 |
| 2 | ltGh]b]lv kf]Nb];Dd u\|fld)f ;*s | ltGh] j*f g+ 1-2 | k'af{wf/ lasf; | 181000 |
| 3 | ltGh]b]lv cf]afbf ;Dd l;ँrfO{ s'nf] lgdf{)f | ltGh] j*f g+ 3-६ | cfly{s lasf; | 200000 |
| | | | | 520400 |

| जिल्ला स्तरमा माग गरिएका आयोजनाहरु | | | | स्रोत एवं लागत रकम |
|---|---|---|---|---|
| 1 | ltGh] l;+rfO{ cfof]hgf | ltGh] j*f g+ 7-९ | cfly{s lasf; | l;+rfO{ ;a l*lehg sfof{no |
| 2 | ;]/;d ^स बृज | ltGh] j*f g+ 7-९ | ef}lts k'af{wf/ lasf; | lhNnf k\|lalws sfof{no |
| 3 | kmfnb]lv l;d]g ;Dd u\|fdL)f ;*s | ltGh] uf=la=;= | | lh=la=;= *f]Nkf |
| 4 | %f]/t]dfsf]{ emf]=k'= lgdf{)f | ltGh] j*f g+ 3-५ | | lhNnf k\|lalws sfof{no |
| 5 | kf]Nb],ltGh] l;+rfO{ cfof]hgf | ltGh] j*f g+ 1-५ | cfly{s lasf; | ;+rfO{ ;a l*lehg sfof{no |
| 6 | l;$fy{s'nf k\|f=la= ejg lgdf{)f | ltGh] j*f g+ 3-५ | ;fdflhs lasf; | lh=lz=sf *f]Nkf |
| 7 | kf]nvf]nf t^aGwg | ltGh] j*f g+ 7-९ | ag tyf aftfa/)f | hn pTkGg k\|sf]k lgoGq)f sfof{no |
| 8 | cf]r]{b]lv n'O{r;Dd #]/faf/ kvf{n lgdf{)f | ltGh] j*f g+ 1-२ | cfly{s lasf; | b'u{d If]q lasf; ;ldlt *f]Nkf |
| 9 | l;$fy{s'nf k\|f=la= %fqfaf; / zf}rfno lgdf{)f | ltGh] j*f g+ 3-५ | ;fdflhs lasf; | lh=lz=sf h=la=;=*f]Nkf |
| 10 | O{Gb\|wg'if k\|f=la= ejg lgdf{)f | ltGh] j*f g+ 7-९ | ;fdflhs lasf; | lh=lz=sf *f]Nkf |
| 11 | t'n'+ड्vf]nf / %'b'vf]nf | ltGh] j*f g+ | ag tyf aftfa/)f | hn pTkGg k\|sf]k |

| | | | | |
|---|---|---|---|---|
| | ;Dd t^aGwg | 1-२ | | lgoGq)f sfof{no |
| 12 | ;'n'+ङvf]nf b]lv :jDa/;Ddsf] r/)f af^f] lgdf{)f | ltGh] j*f g+ 3-५ | cfly{s lasf; | lhNnf kz';]jf sfof{no |
| 13 | gd:t] ^]lnkmf]g ^fj/ | ltGh] j*f g+ 7-६ | k'af{wf/ lasf; | b'/;+~rf/ sfof{no *f]Nkf |
| 14 | kf]Nb] ^]lnkmf]g ^fj/ | ltGh] j*f g+ 1-२ | k'af{wf/ lasf; | b'/;+~rf/ sfof{no *f]Nkf |
| 15 | l;d]g vfg]kfgL dd{t | ltGh] j*f g+ 6-९ | vfg]kfgL tyf ;=;f= | vfg]kfgL tyf ;=;a l*lehg sfof{no |
| 16 | uf=la;= ejg lgdf{)f | ltGh] | k'af{wf/ lasf; | lhNnf k\|lalws sfof{no |
| 17 | l;d]g vfg]kfgL kfO{knfO{g dd{t tyf ;'wf/ | ltGh] j*f g+ 7-९ | vfg]kfgL tyf ;=sf= | lh=la=;= Pnlhl;l*lk *f]Nkf |
| 18 | kmfnufp ँ l;+rfO{ s'nf] dd{t tyf ;'wf/ | ltGh] j*f g+ ६ | cfly{s lasf; | h=la=;= Pnlhl;l*lk *f]Nkf |

**११.२ गाउँपालिकाको भौतिक विवरण**

| क.सं. | भौतिक सामग्रीहरुको विवरण धो गा.बि.स. को | एकाई | परिमाण | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| 1 | Sofgg kmf]^f]slk | j^f | 1 | rfn' | kmf]^f]slk km\ofS; lk\|G^ :Sofg ;lxtsf] |
| 2 | Nofk^k | j^f | 1 | rfn' | |
| 3 | r]s /fO{^/ | j^f | 1 | /fd\|f] | |
| 4 | sf&sf] ^]jn | j^f | 1 | /fd\|f] | |
| 5 | sf&sf] s'lr{ | j^f | 1 | /fd\|f] | |
| 6 | Knfli^s s'lr{ | j^f | 2 | /fd\|f] | |
| 7 | b/fh -lgufnfsf]_ | j^f | 1 | /fd\|f] | |
| 8 | b/fh -sf&sf]_ | j^f | 2 | /fd\|f] | ;fgf],&'nf] |
| 9 | knज्ञ -;'Tg] vf^_sf&sf] | j^f | 1 | /fd\|f] | |
| 10 | sf&sf] a]Gr | j^f | 1 | /fd\|f] | |
| 11 | la:tf/f | ;]^ | 1 | /fd\|f] | |
| 12 | ejg jf hUuf | ejg hUuf s'g} gePsf] | | | |
| ltGh] uf=la;= sf] | | | | | |
| 1 | sf&sf] b/fh | ;+ख्या | 1 | /fd\|f] | |
| 2 | Knfli^s s'lr{ | ;+ख्या | 6 | /fd\|f] | |
| 3 | ejg / hUuf | a=ld | gePsf] | | |

## गाउँपालिकामा संचालित परियोजना र कार्यक्रमहरु

### १२.१ महिला तथा बालबालिका कार्यक्रम

देशको कूल जनसंख्याको आधा भन्दा धेरै हिस्सा ओगटेको महिला जनशक्तिले प्रत्यक्ष र परोक्ष रुपमा विकास कार्यहरुमा तथा समाज निर्माणमा सदियौं देखि संलग्न रहँदै आएको पाइन्छ । नेपाली समाज जस्तो पुरुष प्रधान देशमा महिलाको संख्यात्मक हिसाबमा अधिक जनसंख्या भएता पनि गुणत्मक हिसाबमा उनीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था निकै कमजोर वा तल्लोस्तरमा रहेको छ । समाजका हरेक संस्कारमा महिला र पुरुष बीच विभेद र विभाजन देखिन्छ । महिलालाई दोस्रो दर्जाको उपमा दिने, स्रोत, सम्पत्ति, सरकार लगायत हरेक निकायहरुमा महिलालाई अवसर नदिने वा दिईएता पनि न्यून भूमिकामा सिमित गर्ने प्रचलन कायम रहेको छ । सहभागिता, शिक्षा, सम्पत्ति, सार्वजनिक सरोकारका हिसावमा निकै तल रहेको तथ्य विभिन्न अध्ययन र अवलोकन मार्फत थाहा हुन्छ । यो वास्तविकतालाई मना गर्दै क्रमशः नेपाल सरकारले लेङ्गिकमैत्री ऐन, कानून, निमय, बजेट, कार्यक्रम मार्फत लैङ्गिक समानता तथा सामाजिक सशक्तिकरणको माध्यमद्वारा महिलालाई विकासको मूल प्रवाहमा ल्याउन, सामाजिक विभेद हटाउन, समान सहभागिता र सहकार्यको अवसर सृजना गरी महिला अधिकारको सुनिश्चितताका लागि कानूनी सहायता कक्ष, लैङ्गिक सम्पर्क शाखा, व्यक्तिको प्रबन्ध समेत हरेक सेवा प्रवाह गर्ने निकायहरुले गरिरहेका छन् । यसरी महिलाहरुको सामाजिक सशक्तिकरण, आर्थिक समृद्ध र सांस्कृतिक सचेतिकरणका लागि आमा समूह, महिला निगरानी समूह, महिला विकास कार्यालय, हरेक निकायहरुमा प्राप्त हुने अवसरमा आरक्षणको व्यवस्था, सकारात्मक विभेद आदि रणनीतिहरु डोल्पोबुद्ध गाउँपालिका लगायत सबै स्थानीय निकायहरुले अवलम्बन गर्दै आएका छन् । अझै महिला बालबालिबा, अपाङ्ग, ज्येष्ठ नागरिकको क्षेत्रमा धेरै काम गर्न बाँकी छ । तसर्थः यस तिन्जे गाउँपालिकामा महिला लक्षित काम गर्ने विभिन्न निकायहरु लगायत अन्य संघ संस्थाहरु मार्फत गठन, परिचालन गरिएका समूहहरुको एकिन तथ्यांक उपलब्ध हुन् सकेन् ।

### १२.२ गरिबी निवारण कोष (PAF)

कार्यक्रम लागू मिति : २०६३ साल बैशाख १५ गते
सहयागी संस्था : डोल्पा सर्वाङ्गिण विकास समाज, डोल्पा
सामाजि परिचालक वा कर्मचारी नाम : श्री कर्ण धराला
वार्षिक व्याजदर प्रतिशत : १२ प्रतिशत प्रतिवेदन अवधि : २०७२ श्रावण १ देखि ०७२ फागुन मसान्तसम्म
घुम्तिकोष कर्जा फिर्ता गर्ने अवधि (बर्ष) : १ वर्ष
कार्यक्रमको उद्देश्य :
बस्तीमा रहेका कमजोर घर परिवारलाई समूहमा आवद्ध गरी स्थानीय स्रोत, सीप र क्षमतालाई संगठित गर्ने, पूँजीको विकास गरी विभिन्न क्षमता र सीप विकासका तालिमहरु संचालन गरी गरिबी निवारण गर्नु रहेको छ ।
सामुदायिक संस्थाहरुको विवरण र घुम्तिको परिचालनको अवस्था तल उल्लेख गरिएको छ

**सा.सं.को विवरण र घुम्तिको परिचालन अवस्था**

### १२.३ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

सन् २००८ देखि २०१२ सम्म संचालन भएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रथम चरणको सफल समाप्ति पश्चात् दोस्रो चरण सन् २०१३ देखि २०१७ जुलाईसम्म संचालन भई रहेको छ । जुन कार्यक्रमको मुख्य उद्देश्य अधिकारमा आधारित रही जनताहरुको जीविकोपार्जन सुधार गरी आर्थिक समृद्धि हासिल गर्न नागरिक केन्द्रीत शासन, प्रभावकारी सेवा सुविधाहरु प्रजातान्त्रिक तरिकाले संचालन र व्यवस्थापन गरिदै आएको छ । नागरिक सवलीकरण, सेवा प्रवाहमा सुधार, सामाजिक आर्थिक पूर्वाधारको विकासका लागि स्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि विभिन्न ९ वटा प्रतिफलहरु प्राप्तगर्न २२ वटा लगानीका क्षेत्रहरु निर्धारण गरिएका छन् । जसमा सबै भन्दा महत्वपूर्ण प्रतिफल सामाजिक परिचालन र नागरिक सशक्तिकरणलाई स्वीकार गरिएको छ । जस अन्तर्गत नागरिक संगठन, छलफल, सम्वाद, सहयोग, सम्पर्क र सहभागिता जस्ता विषयवस्तुहरुलाई विशेष जोड दिइएको छ । तसर्थ यो सम्पूर्ण विषयवस्तुहरुको आधार विन्दु भनेको वडा नागरक मञ्च र नागरिक सचेतना केन्द्रहरु रहेका छन् जहाँ निरन्तर भेटघाट र भलाकुसरी गर्ने, सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास र विस्तार गर्नका लागि नागरिकहरुलाई कर्तव्य र अधिकारका बारेमा सुसुचित गराउन, नागरिकमैत्री सरकारको विकास गर्न स्थानीय निकायहरुलाई समावेशी, उत्तरदायी र एवं जवाफादेही बनाउन सरकारी, सहकारी र गैर सरकारी संस्थाहरुको सहभागितामा स्थानीयस्तरमा नै आधार र पूर्वाधार किवास गनरी देशले अंगिकार गरेको गरिबी निवारणको लक्षयलाई पुरा गर्नु रहेको छ ।

अतः नेपालको ७५ वटै जिल्लाको सम्पूर्ण वडाहरुमा वडा नागरिक मञ्च मार्फत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम संचालन भै रहेको छ । सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीय स्तरका निर्णय प्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन निम्न कार्यक्रमको उद्देश्य रहेको छ ।

स्थानीय स्तरमा गरिव विपन्न वर्गलाई विकासको मलप्रवाहमा सहभागी गराउन क्षमता विकास, सामाजिक परिचालन मार्फत योजना छनौट, कार्यान्वयन र स्रोत साधनको न्यायोचित वितरणमा समाजका गरिब समुदायको पहुँचलाई सूनिश्चत गर्नु रहेको छ । जिल्ला स्तरमा जिल्ला विकास समिति, गाउँपालिका र सामाजिक परिचालनका लागि सहयोगी संस्था महिला तथा दलित जाति उत्थान मञ्च, डोल्पा मार्फत कार्यक्रम संचालन भै रहेको छ ।

सामाजिक परिचालन कार्यक्रमलाई सबै गाउँ बस्तीहरुमा कार्यान्वयन गर्न सम्पूर्ण गाउँपालिकाका सबै वडाहरुमा विस्तार गर्न ३३ प्रतिशत महिला सम्मिलित वडा नागरिक मञ्च गठन गरी परिचालन गरिएको छ । वडा नागरिक मञ्चमा पहिला, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्गन, सामाजिका जानिफकार, कृषि, वन वातावरण समितिका सदस्य र वडा भित्रका महिला स्वास्थ्य स्वमंसेविका समेत गरी २७ जनाको वडा नागरिक मञ्चको गठन गरिएको छ ।

**वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको (Ward Citizen Forum-WCF, CAC) विवरण**

| गा.पा. | सहभागी सदस्यहरु | | | जनजाति | | DAG | Non-DAG |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | | |
| वडा नागरिक मञ्च (WCF) | | | | | | | |
| 1 | 27 | 105 | 132 | 27 | 105 | 132 | |
| जम्मा | 27 | 105 | 132 | 27 | 105 | 132 | |

| नागरिक सचेतना केन्द्रको विवरण (CAC) | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा जनजाति | जातिगत | नासके संयोजकको नाम | नासके गठन मिति | कैफितय |
| 10 | 15 | 25 | 15 | sfNhfङ u'?ङ | 2072/09/20 | |
| 1 | 10 | 11 | 11 | | | |

**१३.४ पुरानो नासकेमा संचालन भएको जीविकोपार्जन कार्यक्रम**

| बस्तको नाम | वडा नं. | लाभान्वित नागरिक सचेतना केन्द्रका सदस्यको नामावली | लिंग | व्यवसायको नाम | लगानीको विवरण | | | व्याज दर (प्रतिशत) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्व लागनी | नासकेबाट प्राप्त ऋण अनुदा | जम्मा | | |
| पोल्दे | ४ | नासके तिन्जे | पु | पशुपालन | ३००००० | १००००० | ४००००० | १२ | आ.ब. २०७०/०७१ |